वर्ष : १६, अंक : ६, काठमाडौं, २०७७ जेठ ९ गते शुक्रवार, 22 May 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## 'सरकारले संघीयता धरापमा पाऱ्यो'



काठमाडौं । समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सरकार संघीयता धरापमा पार्ने षडयन्त्रमा लागेको बताएका छन् । आइतबार प्रतिनिधिसभामा नीति तथा कार्यक्रममाथिको छलफलमा यादवले सरकारले अघि सारेका नीतिहरूले संघीयता धरापमा पर्ने जोखिम रहेको बताए । उनले भने, 'प्रदेशको एकल क्षेत्राधिकार भित्र पर्ने सहकारी, कृषि, खानेपानी, स्वास्थ्य, शिक्षा, वनजंगल, उद्योग र गुठि लगाउयका कुराहरू संघीय सरकारले आफै सञ्चालन गर्ने हो भने संघीयता धरापमा पार्ने षडयन्त्र भएको स्पष्ट देखिन्छ ।' ठूलो बलिदानबाट प्राप्त भएको संघीयता धरापमा पार्ने अधिकार कसैलाई नभएको उल्ले गर्दै उहाँले सघीयता धरापमा पार्ने षडयन्त्र भए मुलुक संकटमा पर्न सक्ने चेतावनी समेत दिए । मुलुकको विकास सबै भूगोललाई सन्तुलित र न्यायोचित रूपले अगाडी बढाउनुपर्ने उनले बताए ।

## 'सीमा रक्षाका लागि सरकारले उपयुक्त कदम उठाएन'



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका नेता तथा सांसद राजेन्द्र महतोले जनताको समस्या सम्बोधन गर्न छोडेर कुर्सी जोगाउनेतर्फ सरकारको ध्यान केन्द्रित भएको आरोप लगाएका छन् । प्रतिनिधिसभाको बैठकमा आर्थिक वर्ष २०७७/७८ का लागि सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि धारणा राख्दै सांसद महतोले राजनीतिक स्थायित्वको कुरा गर्ने सरकारले अस्थिरता निम्त्याएर कुर्सी जोगाइराख्न रातारात अध्यादेश ल्याएको दाबी गरे । सिंगो देश नै महामारीबाट आक्रान्त भएका बेला जनताको जीवनरक्षा र आर्थिक मन्दिबाट अर्थतन्त्र जोगाउनेतर्फ केन्द्रित हुनुपर्नेमा सरकार झिना मसिना कुरामा अल्झिएको टिप्पणी महतोले गरे । स्वदेशी बस्तु उपभोग गर्ने भने पनि उत्पादन वृद्धितर्फ ठोस कार्यक्रम नआएको आरोप उनले लगाए । सरकारले लकडाउनबाट प्रभावित उद्योगधन्दा, सर्वसाधारणलगायतको जीवनरक्षाका लागि प्रभावकारी काम गर्न नसकेको भन्दै महतोले आक्रोश पोखे । संकटको बेलामा औषधि खरिदमा पनि भ्रष्टाचार गरेको सरकार भ्रष्टाचारका काण्डै काण्डमा फसेको भन्दै सुशासन, न्याय र अपराधमुक्तको समाजको नारा केवल सुँगा रटाईमा सीमित भएको उनले दाबी गरे ।

## 'आजको प्राथमिकता भनेको अहिले बाँच्नु हो'



काठमाडौं । वरिष्ठ उद्योगपति तथा प्रतिनिधिसभा सदस्य विनोद चौधरीले आजको प्राथमिकताबारे संसदमा आफ्नो धारणा राखेका छन् । सोमबार प्रतिनिधिसभा बैठकमा नीति तथा कार्यक्रममाथिको छलफलमा आफ्नो धारणा राख्दै उनले आजको प्राथमिकता भनेको अहिले बाँच्नु र बचाउनु रहेको औल्याएका छन् । 'रोजगारी गुम्दै छन्, उद्योगधन्दा बन्द छन्, सडकमा उभिएका दिनहुँ हातमुख जोड्नुपर्ने बाध्यता भएका कामदार कामविहीन छन्,' उनले भने, 'समाजका हरेक वर्ग त्रसित छन् । एकातर्फ कोभिड-१९ रोगको कारणबाट भने अर्कोतिर कोभिडभन्दा पहिले भोक मर्ने हो भन्ने त्रासबाट ।' सरकारका प्राथमिकताका बाबजुद प्राथमिकताका क्षेत्र उद्योग, प्रोजेक्ट, साइटहरू बन्द रहेको प्रति उनले ध्यानाकर्षण गराएका छन् । उनले यदि खुलेका उद्योगहरू चल्ने स्थिति रहेन भने भोलीका दिनमा नयाँ उद्योग खुल्ने छन् र लाखौंको तादातमा विदेशबाट फर्किने युवालाई रोजगारी दिन्छौं भनेर उद्घोष गर्नु दिवा सपना मात्र रहेको उनले दाबी गरे ।

# बढ्दो संक्रमण, घट्दो परीक्षण

जनकपुरधाम । प्रदेश २ नेपालमा कोरोना भाइरस (कोभिड(१९) संक्रमणको जोखिम बढ्दै गएको छ । प्रदेशा अहिले संक्रमितको संख्या १३५ पुगेको छ । प्रदेशका आठै जिल्ला कोभिड-१९ को चपेटमा छन् । संक्रमण बढ्दै गएपनि परीक्षणको क्रम भने घट्दो छ ।

संक्रमितको संख्या गुणात्मक रूपमा बढ्दै गएपछि परीक्षणको दायरा केही बढाइए पनि त्यो पर्याप्त नरहेको स्वास्थ्यकर्मी नै बताउँछन् । प्रदेशका आठ जिल्ला मध्ये पर्सामा सबैभन्दा बढी ९१ जना संक्रमित छन् भने सप्तरी र सिरहामा सबैभन्दा कम १/१ जना संक्रमित छन् । त्यसैगरी रौतहटमा २२, बारामा ४, महोत्तरीमा ३ , धनुषामा ८ र सर्लाहीमा ३ जनामा संक्रमण पुष्टि भएको छ ।

भारतबाट खुला सीमानाका भएकै कारण कोरोनाको जोखिम उच्च भएपनि परीक्षण अन्य प्रदेशको तुलनामा निकै कम रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार यस प्रदेशमा हालसम्म ९ हजार २ सय १६ जनाको मात्रै आरडीटी विधिबाट परीक्षण भएको छ भने पीसीआर परीक्षणका लागि ५ हजार ९ सय १६ जनाको स्वाब संकलन गरिएको छ । जसमध्ये १ हजार ५ सय ४४ जनाको रिपोर्ट आउन बाँकी नै छ ।



प्रदेश २ सरकारले भने संघीय सरकारसँग समन्वय र सहकार्यको अभावमा स्वास्थ्य परीक्षणलगायत संक्रमण नियन्त्रणको लागि प्रभावकारी रूपमा अघि बढ्न नसकेको आरोप लगाएको छ ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादव यस्तो महामारीको बेलामा पनि संघीय सरकारसँग उचित समन्वयको अभाव भएको बताउँछन् । तर, प्रादेशिक अस्पतालमा कोरोना परीक्षणसमेत हुन नसक्दा सबै संकलित स्वाब र परीक्षण रिर्पोटका लागि काठमाडौंकै भर पर्ने अवस्था छ ।

प्रादेशिक अस्पताल जनकपुरमा दोस्रो पटक जडान गरिएको पीसीआर मेसिनबाट परीक्षण बन्द भएको छ । पछिल्लो पटक जडान गरिएको पीसीआर मेसिनले फरक नतिजा दिएपछि परीक्षण बन्द गरिएको हो । यसअघि राष्ट्रिय प्रयोगशालाले पठाएको पीसिआर मेसिनले भरपर्दो नतिजा दिन नसकेपछि नयाँ मेसिन जडान गरिएको थियो ।

वैशाख २४ मा संकलित पत्रकारको स्वाब परीक्षण गर्दा प्रादेशिक अस्पतालस्थित पीसीआर मेसिनले नेगेटिभ नतिजा दिएको थियो । तर, राष्ट्रिय प्रयोगशाला टेकुमा परीक्षण गर्दा एक पत्रकारसहित दुईजनामा कोरोना पोजेटिभ देखिएपछि पीसिआर परीक्षण बन्द गरिएको हो ।

### ३०५ आइसोलेसन बेड थपिदै

प्रदेश २ सरकारले थप ३०५ आइसोलेसन बेड तयार गर्ने भएको छ । कोरोना संक्रमितको संख्या बढ्न सक्ने औंल्याउँदै सरकारले आइसोलेसन बेड थप्ने निर्णय गरेको हो ।

मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण प्रदेश स्तरीय निर्देशन एवम् समन्वय समितिको बसेको बैठकले आइसोलेसन बेड थप्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले जानकारी दिए ।

सिरहा अस्पतालमा ५० बेड, सिरहा अस्पताल मातहतमा रहने गरी महेन्द्र गेनाइ अस्पतालमा ३० बेड, रौतहटको गौर अस्पतालको मातहतमा रहने गरी गौर नरसिंह इनस्टिच्युटमा ३० बेड, पोखरिया अस्पताल पर्सामा २५ बेड, सप्तरीको भारदह अस्पतालमा ५० बेड, सर्लाहीको मलंगवा अस्पतालको मातहतमा रहने गरि अन्त अल्पमाई रामनारायण यादव नर्सिंग कलेजमा २५ बेड, सप्तरीको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजको मातहतमा रहने गरी साइकृष्ण मेडिकल हातामा ५० बेड र महोत्तरीको बर्दीवास अस्पतालमा ५० बेड थप गर्ने निर्णय गरेको उनले बताए । प्रदेश २ मा हाल ४४७ आइसोलेसन बेड छ । यीबाहेक ३ सय ५ बेड थप्ने निर्णय प्रदेश सरकारले गरेको छ ।

बैठकले आरटी, पीसीआर ल्याब स्थापना तथा संचालनका लागि आवश्यक सुझाव सल्लाह, प्राविधिक सहयोग र समन्वय तथा सहजीकरणका

बाँकी अन्तिम पृष्ठमा

## 'अब आफ्नो गाउँमा आफै रोजगारी सिर्जना गरौं'



काठमाडौं । गैरआवासी मधेशी संघका अन्तर्राष्ट्रिय समिति अध्यक्ष ई.बसन्त कुशवाहाले अब आफ्नो गाउँमा आफैले रोजगारी सिर्जना गर्ने बेला आएको बताएका छन् ।
अध्यक्ष कुशवाहाले एक अपिल सार्वजनिक गर्दै कोरोना महामारी पश्चात वैदेशिक रोजगारीमा रहेका धेरै श्रमिकहरू स्वदेश फर्किनुपर्ने अवस्था आउने भएकोले त्यसका लागि अहिलेदेखि नै आफ्नो पालिकामा मिलेर समूह निर्माण गर्न भनेका छन् ।
'अहिलेका भ्रष्टाचारी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले तपाइँका लागि केही गर्नेवाला छैन ।' अध्यक्ष कुशवाहाले भनेका छन्, 'अहिलेसम्म तपाइँ हामीले पठाएका रेमिटान्सको पैसाले यिनीहरू मोजमस्ती गरे । करोडौंको बजेट पचाए ।'
उनले अब यस्ता भ्रष्टाचारी जनप्रतिनिधिहरूलाई पदच्यूत गर्नुपर्ने भन्दै बाँकी रहेका स्रोतसाधनले आफ्नो गाउँमा आफै रोजगारी सिर्जना गर्न आग्रह गरेका छन् । उनले हरेक देशमा काम गर्ने आफ्नो पालिकाका साथीहरूलाई आवद्ध गर्न आग्रह गर्दै भने, 'अरूको देशमा खुन पसिना बगाएको धेरै भयो, अब त्यो मेहनत आफ्नै गाउँमा गर्ने बेला आएको छ ।'

**समय सन्दर्भ** — डा.मनोज मुक्ति विवेक



## कोरोना र गणतन्त्र दुवै समगोत्री नै हुन्

बिगत केही महिना देखि सम्पूर्ण मानबजातिलाई नै कोरोना महामारीले लकडाउन बनाएको देखिन्छ । सिंगो विश्व अक्रांत बनेको छ। मानव सभ्यता नै समाप्त हुने हो कि आशंका उब्जिएको छ । लाखौं मानिस संक्रमित बन्न पुगेका र मरेका छन । विश्व अर्थतन्त्र धाराशायी बनेको अवस्था छ । सधै चलायमान रहने विश्व अहिले कोरोना भाइरसको कारण शान्त, स्थिर र लकडाउन भएको छ। संसारको अधिकतम देशमा लकडाउन छ र मानव मानवको अस्तित्व बचाउन संघर्षरत छन । अत्याधुनिक हाथ( हतियार, रासायनिक र परमाणु बम, फाइटर जहाज र क्षेपयास्त्रहरू कोरोना संग को लडाइँमा उपयोगी छैनन् । यी मानव बिनाशक अस्त्रहरू प्रयोग गरि मानवलाई बचाउन सकिदैन। बिज्ञानले मानव बिनाशक अस्त्रहरू धेरै बनाए पनि मानव बचाउने अस्त्र बनाउन खासै सफलता प्राप्त गर्न नसकेकै देखयो कोरोनाले । आधुनिक समयमा बिज्ञानले फड्को मार्यो भनेर भनिन्छ तर बिज्ञान पनि ज्ञानको अभावले पछि परेको जस्तो देखिन्छ । र हाम्रो देश नेपाल त सबभन्दा अनौठो कोरोना उपचार प्रणाली विकसित गरेको देखिन्छ र त्यो हो "एयष्तिष्अबा ख्ष्चययिनथ"। खै हाम्रा प्रधानमन्त्री र राष्ट्रपतिले सम्मानित संघीय संसदमा त्यस्तै त्यस्तै हुकुम बकस भएको सुनियो त ?
परापूर्व काल देखि आधुनिक कालसम्म मानव सभ्यतामाथी धेरै प्रकारका भाइरसको आंधीहरू आए । सन १३४७ मा आएको "द ब्लेक डेथ" महामारीले लगभग २०० मिलियन मान्छे मार्यो । सन १९६८ मा आएको "हंकंग फ्लू" ले लगभग ४ मिलियन मान्छे मार्यो र सन १९१८ मा आएको "स्पेनिस फ्लू" ले लगभग २ करोड भन्दा बढी मान्छे मरे । तरपनी मानवले केही सिकेन्न । शक्ति र शक्तिशाली बन्नैको लागि अरबौं खरब को लगानीमा केबल मानव बिनाशक साधन नै बनाए । मानवताको ठिकेदारहरू सजग र सचेत बन्न सकेन्न । आफ्नो फाइदाका लागि विभिन्न बहानामा केबल युद्ध केन्द्रित नीति बनाइ युद्ध लडे । आज अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्य शुन्य छ । सुन मुल्यहिन बन्नेछन । दिनरात मानवताको पाठ पढाउनेहरू अचानक मानवता खतरामा परे भन्ने बचाउन कुनै खास योजना र औसधि बनाउन सकेन्न र बनाउन प्रोत्साहित पनि गरेन्न । जसको परिणाम आज कोरोना नामक महामारीबाट विश्वको शक्तिशाली रास्ट्रको अवस्था पनि दैनिय बनेको छ । लाखौं मान्छे मरेका छन र सायद करोडौं मर्ने छन। सबै छट्पटीएका छन तर कुनै औसधि छैन । बम( बारूद र हात(हतियार बेकामका सामग्री (धबकतभ ञबतभचष्बकि) साबित भएका छन । कोरोना फैलाएको आरोप(प्रत्यारोप चलिरहेको छ । तर अहिलेसम्म कसैले पनि यसको अचुक औसधि बनाउन सकेको छैन । कोरोना जसले र जहाँबाट फैलाएरफैलिए पनि अहिले यसको औषधि पता लगाउनु नै मुख्य कर्तव्य हो। अनावश्यक टीका टिप्पणी र बैरभाव त्यागेर एकजुट भएर कोरोनाको औसधि पता लगाउनै पर्छ नत्र परिणाम दुस्खद नै हुनेछ । स्लो बिष जस्तो रहेको यो कोरोना भाइरस छिटै नै मानव र मानवतालाई नै समाप्त गर्न सक्छ ।
आफ्नै देश नेपाल्को अबस्था हेर्दा लाग्छ सायद सरकार नै छैन । ईश्वरको नाममा सपथ नखाने गणतन्त्रवादीहरूले जनतालाई भगवान पशुपतिनाथ र रामजानकी को कृपाको छायामा राखेको जस्तो देखिन्छ । कोरोनाको बिरामी प्रत्येक दिन बढी रहेका छन् । बिरामीको मृत्यु सम्म भएको छ । देशमा लकडाउन थपेको थपियै छ । र सरकारहरू द्धरछ जनाको परिवारमा द्दण्घण किलो चामल बितरण गरेर दंग छन । हरेक नेपालीले साधारण मास्क पनि पाउन सकेका छैन्न तर तीनै तहका सरकारको करोडौं करोडको बजेट सकिएको छ रे ? कोरोना महामारीको कारण किसान लगायत साना ब्यापारी देखि ठुला ब्यापारीहरू पनि प्रभावित बनेका छन र सरकारी राहतको प्रतीक्षामा बसिरहेका छन तर सरकारहरू खुन चुस्ने नीति कार्यक्रमहरू उच्चारण गरिदै मख्ख छन। जनतालाई के खाने पिर छ तर सरकारलाई पानी जहाज र रेल गुडाउने रहर छ । कोरोना महामारीको संकटको बेला पनि सरकार जनताको हुन सकेको छैन । आम जनतालाई केन्द्रित गरि नीति र कार्यक्रम किन बनाउन सकेन ? अब हुने भोकमरी र संकटको बिषयमा सरकारले आफ्नो मुख बन्द गरेर देशलाई अंध्यारोमा कुदाइरहेको देखिन्छ । देश बिकास र

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय



# सीमा संवाद खोज

नेपालले नेपाली भूभाग लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नयाँ नक्सा जारी गरेपछि दुई देशबीचको तनवा बढेको छ । ती क्षेत्रमा केही वर्षदेखि भारतीय सेना रहेका र हालै भारतले लिपुलेक हुँदै चीनको मानसरोवरसम्म पुग्ने सडक निर्माण गरेपछि आफ्नो भूमिमा त्यस्ता संरचना नबनाउन नेपालले भारतलाई गर्दै आएको थियो । यता मन्त्रिपरिषद् बैठकले नेपालका कालापानी, लिम्पियाधुरा र लिपुलेक क्षेत्र समेटिएको अद्यावधिक नक्सा स्वीकृत गरेको छ भने सो नक्सा सार्वजनिक पनि भएको छरू। यद्यपी सरकारले नक्सा अद्यावधिक गरे पनि भूमि फिर्ता सहज भने छैनरू। खासगरी यसमा भारतको दृष्टिकोणले विवाद कति लम्ब्याउने भन्ने निर्धारण गर्नेछ । अहिलेको अवस्था ती क्षेत्र दुवै देशका नक्सामा समेटिएका छन् तर दुवै देश ती क्षेत्रमा रहेको सीमाविवाद टुङ्ग्याउनुपर्नेमा सहमत छन् । यो सहमति नै नेपालको दह्रो प्रमाण र उपलब्धि होरू। सुगौली सन्धिको व्यवस्थालाई निरन्तरता दिइएमा ती क्षेत्र नेपालका भूभाग हुने भन्नेमा भारतले धेरै ठूलो विवाद सिर्जना गर्न सक्नेछैन । नेपालमा प्राज्ञिक, प्राविधिक तथा जानकारबीच लिम्पियाधुरा, लिपुलेक र कालापानीबारेमा लामो समयदेखि भएका विचार विमर्शअनुसार नेपाल यस विषयमा स्पष्ट छ ।

नेपाल-भारतबीचका यस्ता विवाद समाधानमा दुवैतिरका बुद्धिजीवी, प्राविधिक तथा जानकार जिम्मेवार र मर्यादित हुनपर्छरू। सिद्धान्त वा उद्देश्य प्राप्तिमा कठोर तर सहिष्णु व्यवहारले मात्र दीर्घकालीन सफलता प्राप्त हुनेछ । लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई आफ्नो राजनीतिक नक्सामा समावेश गरेर नेपालले विगतमा भएका भूल तथा कमजोरी सच्याएको मात्र होरू। यस सन्दर्भमा भारतले नेपालको स्वाभाविक कार्यलाई अन्यथा अर्थमा बुभ्नु हुँदैन । संवादमा विश्वास गर्ने नेपालको

**खुला सिमाना नेपाल–भारत सम्बन्धको विशेष पक्ष हो, जसलाई अन्तर्राष्ट्रिय राजनीतिका कतिपय सिद्धान्त या व्यवहारभित्र पार्न सकिँदैन ।**

सद्भाव भारतले बुझ्ने अपेक्षा छरू। भारत पनि आफ्नो एक चिम्टी भूमि अतिक्रमित हुन दिनेछैन र अरूको जग्गा पनि उसले हडप्न चाहँदैन ।

वार्ता उच्चस्तरीय नेतृत्वबाट हुनुपर्ने र वार्तामा जानुअघि थप तथ्य र प्रमाणहरूको गहन अध्ययन र भारतले राख्न सक्ने सम्भावित प्रस्तावहरूको विश्लेषण गरी ठोस परराष्ट्र नीतिका विषयमा गृहकार्य हुन सकेमा पनि नेपालको उपस्थिति ओजिलो बन्न सक्छरू। सुगौली सन्धि, बेलायतको पुस्तकालयमा रहेको ऐतिहासिक नक्सा, जग्गाको तिरो तिरेको कागज र अन्य प्रमाणहरूलाई आधार बनाइनुपर्छ । त्रिदेशीय सहमति र वार्तामार्फत नेपाली भूमि फिर्ता भई नेपालको स्वामित्व कायम हुनसकेमा हाल भारतले बनाएको बाटो र आगामी विकासमार्फत तीनवटै देशले लाभ लिन सक्ने पर्याप्त अवसरहरू आउनेछन् । सीमाविवाद समाधानका लागि कतिपयले यो समस्यालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने, संयुक्त राष्ट्रलाई गुहार्नुपर्ने, सीमाक्षेत्रमा सेना परिचालन गर्नुपर्ने जस्ता अनेकन सुझाव पनि दिइरहेका छन्रू। हालको परिप्रेक्ष्यमा नेपाल-भारतबीचको विवाद अन्तर्राष्ट्रियकरण गर्नका लागि सजिलो छैन र यसले भविष्यमा दिगो फाइदा पनि पुग्दैनरू। अबको केही दशकभित्र चीन र भारत विश्वका महाशक्ति राष्ट्र बन्ने होडमा दौडिरहेका छन् भने नेपाल भर्खर विकासशील राष्ट्रको स्तरमा उक्लने बाटो खोज्दैछरू। आधारभूत वस्तुमा समेत परनिर्भर बन्नुपरेको अवस्थामा छिमेक सम्बन्ध सन्तुलित नहुँदा हामीले भोग्नु पर्न सक्ने समस्याको बेवास्ता गर्नुहुँदैन ।

झनै कोरोना महामारीका कारण थलिएको अर्थतन्त्रलाई पुनः उकास्न नेपाललाई ठूलै कसरत पर्न सक्छरू। सिमानामा काँडेतार लगाउन सकिन्छ तर यसमा दुवै देशको सैद्धान्तिक सहमति आवश्यक पर्छ । देशको सिमाना भावना होइन, भौतिक यथार्थ हो, कृत्रिम बन्धन होरू। खुला सिमानाका किनारमा बस्ने मानिसहरू बीचमा सद्भाव, एकता, आपसी सम्मान र भाइचारा सम्बन्ध चाहिन्छ । यस्तो भावनात्मक सम्बन्ध भएको अवस्थामा मात्र कमजोर राष्ट्रको सैन्यबलले खुला सिमानामा रहेर सुरक्षा प्रदान गर्न सक्दछ ।

# के लकडाउनमा हामी छौं ?



**कौशल कुमार सिंह**

अहिले कोरोना महामारीको संक्रमण र लकडाउनको मारले संसार तबाह र बर्बाद भईरहेको छ । कोरोना महामारीबाट बच्न विकल्पमा लकडाउन रोजियो । जुन चाइनिज मोडेल हो । चाईनाबाट शुरू भएको कोरोना संक्रमण र लकडाउन पद्धतिका कारण अहिले विश्व मानवीय र आर्थिक रूपमा ध्वस्त भईसकेका छन् ।

शुरूमा चाईनामा फैलिएको कोरोना संक्रमण महामारीको रूप लिएपछि चाईनाले नै सर्वप्रथम लकडाउन मोडेलको विकास गरे । तर चीनले गरेको लकडाउनको तरिका र व्यवस्था जसरी थियो, लकडाउनका जुन(जुन शर्त थियो । त्यसलाई अबलम्बन गर्ने गरि लकडाउन गरेका देशहरूले लकडाउनबाट फाईदा लिएका छन् ।

तर हामीले चाईनाले विकास गरेको लकडाउनको मोडललाई अपनाए र सरकारले लकडाउनको घोषणा गरि पालना गराउन सुरक्षा निकाय पनि परिचालन गरे । तर लकडाउनको अवधिभर चीन सरकार जनताप्रति जुन राजकीय जिम्मेवारी वहन गरेका थिए, त्यसको १०५ जिम्मेवारी पनि हाम्रो सरकारले वहन गर्न सकेन् ।

चीनमा सरकारले लकडाउनको अवधिभर प्रत्येक घरलाई चाहिने खाद्यान्न र घरमा बसेर आवश्यक खर्च हुने सबै सामग्रीको सुरक्षित र किटानुरहित व्यवस्था गरेका थिए । कसैलाई कुनै किसिमको उपचारको आवश्यकता पर्दा घरबाट चिकित्सकले अस्पताल लगि उपचारको व्यवस्था गर्थे । भनाईको अर्थ, व्यक्तिलाई सबै आवश्यकता सरकारले घरमा नै पुर्ति गरेका थिए । अनि व्यक्तिलाई घर बाहिर निस्कनु पर्ने आवश्यकता नै भएन र सरकारी आह्वानलाई त्यहाँका जनताले पुर्ण रूपेन पालना गरे ।

हामी लगायतका केही देशहरूमा भएको लकडाउन नामको मात्र भयो । सरकारले लकडाउनको घोषणा त गरे तर लकडाउन सफल बनाउन सरकारले वहन गर्नुपर्ने जिम्मेवारी वहन गर्न सकेन । व्यक्तिको आफ्नो आवश्यकता पूरा गर्न घर बाहिर निस्कनु पर्नेभयो । सुरक्षा निकायले जतिसुकै बल प्रयोग गरे पनि व्यक्ति आफ्नो दैनिक आवश्यकता पुर्तिका लागि बजार र बैंकसम्म पुगे ।

जहाँ संक्रमणको आशंका थियो । व्यक्तिले प्रयोग गर्ने एटीएम, खरिद गर्ने किराना सामान, तरकारी जस्ता आवश्यक सामग्री कति सुरक्षित रहेको वास्ता समेत गरेन् । आवश्यकताका लागि खरिद गरिएका सामग्री कति जनाले छोएको, कति ठाउँबाट कसरी ढुवानी भएको हरूरूो, त्यसमा कोरोना भाईरसको संक्रमण छ वा छैन, त्यसबारे अनभिज्ञ नै रहे ।

पसलमा उपलब्ध किराना लगायतका सामग्री र तरकारीलाई सयौं व्यक्तिले छोएको हुन्छ भने हामीले प्रयोग गर्ने कागजको नरूरूोट कसरी र कहाँकहाँ हुँदै आएको छ, त्यसलाई कसरी सुरक्षित मान्ने भने प्रश्न हुदाँहुदैं पनि खरिद गर्न र प्रयोग गर्न बाध्य भए । बजारमा सामान किन्न जादाँ भीडभाड त्यतिनै हुन्थ्यो भने लकडाउनमा सरकारले बाडेको राहत सामग्री पनि कति सुरक्षित हो भन्न सकिन्न । त्यसमा पनि राहत लिनेको भीड र राहतमा भएको विवादले सामान्य अवस्था जस्तै चर्काचर्की, भीडभाड र नारा जुलुस भयो।

हामी जति सुकै लकडाउनको कुरा गरे पनि हामी लकडाउनको शर्त स्वीकार गर्न सकेनौं । यस्तरूो अवस्थामा हामी लकडनउनमा छौं, कसरी भने ? लकडाउनबाट फाईदा लिन लकडाउनको शर्त स्वीकार गर्नु पर्दछ । शुरूमा सरकारले लकडाउन जारी गर्दा सबैले त्यसलाई सकारात्मक रूपमा लिए । तर व्यक्तिको आवश्यकता पुर्तितर्फ सरकारले कुनै ध्यान नदिदाँ व्यक्ति बाहिरिन बाध्य भए र व्यक्तिले लकडाउनकरूो शर्त उलंघन गरे ।

अब अवस्था यतिसम्म भएको छ कि जनता लकडाउनबाट पिडीत भएका छन् । केही हुनेखाने वाहेक अन्य सबैको दैनिकी कष्टकर बनेको छ भने जनता लकडाउनको विरोधमा उत्रिन बाध्य बनेका छन् ।

चीनमा लकडाउन गर्दा संक्रमण घटेको थियरूो भने हामी कहाँ यति लामो समयसम्म लकडाउन गर्दा भने संक्रमण झन बढेको छ । त्यसले के संकेत गर्छ कि हामीले लकडाउन सफल गर्न सकेनौं । लकडाउन हाम्ररूो हितमा भएन । लकडाउनले हामीले संक्रमण रोक्न सकेनौं तर लकडाउनले हाम्रो आर्थिक कमर भाँचि दियो । लकडाउनले हामीलाई दोहरो घाटा पुर्यायो । एकातर्फ हाम्रो संक्रमणलाई रोक्न सकेन् र अर्कोतर्फ हाम्रो आर्थिक रीढ भाँचि दियो ।

त्यसैले मैले शुरूदेखि नै भन्दै आईरहेका छौं कि लकडाउनको विकल्प खोजौं । हामी लकडाउनलाई सफल बनाउने हैसियतमा छैनौं । हाम्रो हैसियत अनुसार अर्को विकल्पतर्फ सोच्नुपर्ने हुन्छ । हामी कसरी बच्ने भने उपायको खोजी स्वास्थ्य र आर्थिक विज्ञ, विश्लेषकहरूसँग गर्नुपर्छ ।

तर यहाँ सरकारको जयजयकार गर्ने चाकर विज्ञ र विश्लेषकको मात्र कुरा सुन्दा सरकार कोरोनाको मामिलामा असफल भएको छ । तर पनि सरकार निर्लज्ज भई आफ्नो कुरालाई अगाडि बढाईरहेका छन् । करूोररूरूोनाकरूो क्षेत्रमा दिनरात फ्रन्टमा बसेर काम गर्ने डा. रञ्जु झाको टीमलाई त्यही चाकर विज्ञको सल्लाहमा स्पष्टीकरण सरूोध्ने काम भएको छ ।

सरकारले हामीलाई लकडाउनमा राख्न सकेन र हामी बाहिरियौं । अब हामी बाहिरी सकेको हुनाले हामीलाई लकडाउनको नाममा बन्धक बनाउनु जीवनसंग नै खेलवाड गर्ने सरह हुन्छ । हामी लकडाउनमा सचेत हुन र सुरक्षित बस्न सिक्यौं ।

**चीनमा लकडाउन गर्दा संक्रमण घटेको थियरूो भने हामी कहाँ यति लामो समयसम्म लकडाउन गर्दा भने संक्रमण झन बढेको छ । त्यसले के संकेत गर्छ कि हामीले लकडाउन सफल गर्न सकेनौं । लकडाउन हाम्ररूो हितमा भएन । लकडाउनले हामीले संक्रमण रोक्न सकेनौं तर लकडाउनले हाम्रो आर्थिक कमर भाँचि दियो । लकडाउनले हामीलाई दोहरो घाटा पुर्यायो । एकातर्फ हाम्रो संक्रमणलाई रोक्न सकेन् र अर्कोतर्फ हाम्रो आर्थिक रीढ भाँचि दियो ।**

अब लकडाउनलाई हटाई हामी सुरक्षित आफ्नो कारोवार कसरी गर्ने भन्नेतर्फ सरकारले सोच्नुपर्ने अनिवार्य बनेको छ । सरकार अब पनि लकडाउनको विकल्प दिएन भने जनता मार्ने कार्य मात्र साबित हुनेछ । अनि जनता सोच्न बाध्य हुन्छन्, 'मरता क्या न करता' !

(लेखक, लोक दलका अध्यक्ष हुन्)

# बान्धकमा परेको एवं बेचिएका बालकहरू पनि लकडाउनमा घर फर्कदै



**राकेश प्रसाद चौधरी**

कोभिड-१९ सँग जोगिन शुरू गरिएको लकडाउनले करकाप, लोभलालच, पैसाकै लागि भारतीय बजारमा निकृष्ट श्रममा गएका एवं पठाइएका बालकहरू स्वदेश फर्किन थालेका छन् ।

सडक संजाल र सीमानाका बन्द नहुँन्जेलसम्म प्रदेश २ को विभिन्न जिल्लाबाट भारतीय बजारमा निकृष्ट श्रम गराउने गिरोह सक्रिय थिए । अहिले कोभिड१९ बाट जोगिन बन्धकमा रहेका, बेचिएका र ठगिएका बालकहरू पनि घर फिर्ती हुन थालेका छन् ।

निकृष्ट श्रममा लगाउनेहरूको कारोबार ठप्प भएको र भाइरसले ज्यान समेत लिन थालेपछि दिल्ली, मुम्बई, चेन्नईसहितका शहरमा रहेका बालकहरू पैदल नै स्वदेश फिर्ती गर्दा कसैले रोकेनन् ।

विद्यालयमा अध्ययनरत रहेकै बेला तस्कर गिरोहको नजरमा परेका यी बालकहरू भारतीय बजारमा पुर्याउन उनका अभिभावकलाई शुरूमै १० हजार भारतीय रूपैयासम्म दिने गरेका थिए । लकडाउनको बेला १२ बर्ष जलेश्वरकै गोपाल पासवानको छोरा मुम्बईबाट घर फर्के ।

विद्यालयमा पढाई गरिरहेका ती बालकलाई उनका अभिभावकले प्रलोभनमा परेर मुम्बई पठाएका थिए । मुम्बईमा ती बालक बन्धकमा परेर निकृष्ट श्रम गर्दै जवान भइसके । लकडाउन नभएको भए आफ्नो अभिभावक हेर्ने सपना अधुरै रहने ती युवाले बताए ।

अहिले प्रदेश २ को हरेक गाउँको दलित बस्तीहरूमा यस्तै कथाहरू छन् । विपन्नता हटाउन छोरालाई पैसा कमाउन जानी जानी ती तस्कर गिरोहको जिम्मा लगाएका अभिभावकहरूको चेत बल्ल खुलेको अधिकारकर्मी प्रमोद सदाले बताए ।

पैसा कमाउन शरूमै पाँच दश हजार भारतीय रूपैया लिएर तस्करको जिम्मा लगाएका अभिभावकमध्ये केहीले दुई तीन बर्षपछि प्रहरी चौकीहरूमा दिल्ली, मुम्बईलगायतका शहरमा आफ्नो छोरा बन्धक रहेको तथा बेचिएका गुनाँसाहरू गर्ने गरेका थिए ।

प्रदेश नम्बर २ का विभिन्न जिल्लाका बालकहरूलाई भारतबाट उद्धार गर्ने क्रम लकडाउन अगाडिसम्म विभिन्न संस्थाहरूले जारी नै राखेका थिए । अधिकारकर्मी गुन्जा रायले भारतमा तस्करी भएका बालकहरूको तथ्यांक र कतिजना उद्धार भए भन्ने तथ्यांक पाउन नै ग्राहो रहेको बताए ।

लकडाउनको बेला भारतीय निकृष्ट श्रमबजार कोभिड१९बाट जोगिन स्वेदश फर्केकाहरूको यकिन तथ्यांक कुनै निकायसँग छैन । जसरी ती बालकहरू तस्करी भएर भारतीय बजारमा पुगेका थिए, त्यसरी नै ती बालकहरू रातको अध्याँरोमा सीमानाकाबाट लुकेर घर फर्केका मानवअधिकारकर्मी मदन झाले बताए ।

उनले प्रदेश २ मा भारतबाट कति संख्यामा मानिस नेपाल आए भन्ने तथ्यांक नै नरहेको समयमा बालश्रमिकहरू कति स्वेदश फर्के भन्ने खोज्नु बहुत कठिन कार्य रहेको बताए ।

अभिभावकबाट ठगेर तस्करी गरि प्रदेश नम्बर २ बाट बर्षभरिमा ८ देखि १६ बर्ष समूहका बालकहरूको तथ्यांकको खोजी गर्ने कार्य अझैसम्म हुन सकेको छैन । यस प्रदेशका बालकहरूमा समेत विद्यालय र कक्षा छोड्ने प्रबृति रहेपनि यसतर्फ सरकारको ध्यान जान सकेको छैन ।

सिरहाका पत्रकार रामभरोसी महतोले दलित समूदायबाट धेरै बालकहरू विद्यालय छोडेर भारतको निकृष्ट श्रमबजारमा जाने गरेकोमा चित्त दुखाउँछन् । उनले यस समस्याको समाधानमा राज्यपक्ष संवेदनशिल नरहेको टिप्पणी गर्छन् ।

मानवअधिकार आयोगकी सदस्य मोहन अंसारीले बालकहरूको उद्धार तथा बालपन रक्षाको विषय लागि लामो समयदेखि उठान गर्दै आएकी छिन् तर समस्या समाधान तर्फ कुनै निकायको अग्रसरता देखिएको छैन ।

यसैबर्षको फरवरी अन्तिम साता मानव बेचबिखन अनुसन्धान ब्युरो, बबरमहलका प्रवक्ता एवं प्रहरी उपरीक्षक गोविन्द थपालिया तथा अन्य अधिकृतहरू कुरा गर्दा समेत बालकको विषयभन्दा भारतमा भइरहेको महिला बेचबिखनको विषयले महत्व पाउने गरेको बताएका थिए ।

बालकहरूको हकमा अभिभावकले पैसाको लोभमा तस्करको जिम्म लगाउने र केही समस्या परे प्रहरीमा बालको उद्धार गरिदिन निवेदन दिने गरेका छन् । बालक जिम्मा लगाउनेबिरूद्ध मानव बेचबिखनको निवेदन तथा जाहेरी अभिभावक पक्षहरू नआउने गरेका विषयले महत्व नपाएको उनीहरूको ठहर थियो ।

मानव बेचबिखन मुद्दामा अनुसन्धान अधिकृतले निरन्तर सुनुवाइको माग गर्न सकिने प्रावधान रहेपनि पीडकहरू पक्राउ नपरेसम्म न्यायिक सुनुवाइमा समेत समस्या आउने विभिन्न अध्ययनले देखाउँछ । मानव बेचबिखनकै विषयमा मानवअधिकार आयोगले समेत प्रतिवेदन निकाल्दै आएको छ ।

सन् २०१९ को अन्तिम तिर झापाको काकडभिट्टा र पर्साको बीरगंज नाकामा सोधपुछमा कडाई हुन थाल्दा प्रदेश २ का बालकहरूलाई तस्करहरूले सिरहा तथा महोत्तरीको नाकाबाट भारत विहारको जयनगर पुर्याउने र त्यहाँबाट दिल्ली, मुम्बइ र चेन्नइ पुर्याउने गरेको स्थलगत अध्ययनले देखाएको थियो ।

भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले सन् २०१८ मा नेपाल भारत सिमानाबाट हुने मानव तस्करी विषयमा गरेको अध्ययनअनुसार दलालले भारतीय सहरमा पुर्याउँदा बालबालिकाका लागि ६ हजार तथा महिलाका लागि ५० हजार भारतीय रूपैयाँ कमिसन पाउँछन् ।

दलालहरूलाई खासगरी दलित समुदायका बालबालिकालाई तारो बनाउन सहज भइरहेको देखिन्छ । किनभने दलित समुदायका बालबालिकाको विद्यालयमा पहुँच न्यून छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरका अनुसार देशभरमा दलित समुदायका २८ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । चिडिमार, मुसहर र डोम समुदायका त एक प्रतिशतभन्दा कम बालबालिका मात्र विद्यालय जान्छन् ।

भारतीय सीमा तथा सहरबाट उद्धार गरिएकामा ५० प्रतिशत १६ वर्षमुनिका हुन्छन् । गत वर्ष एसएसबीले गरेको अध्ययनअनुसार नेपालबाट सिमानाका भएर भारततर्फ मानव तस्करी हुने घटना ५ वर्षमा पाँच गुना बढेको छ ।

एसएसबीले सिमानाकाबाट उद्धार गरिएको आधारमा यो निष्कर्ष निकालेको हो । सन् २०१७ मा ६ सय ७ जनाको उद्धार गरेर बेचबिखनमा संलग्न १ सय ५४ जनामाथि मुद्दा चलाइयो । सन् २०१३ मा १ सय ८ जनाको उद्धार गरिएको थियो र १९ जनाविरूद्ध मुद्दा चलाइएको थियो ।

भारतको सशस्त्र सीमा बल (एसएसबी) ले आफ्नो वेबसाइटमा राखेको मानव तस्करी नियन्त्रणका लागि राखिएको दृष्टि पुस्तिकामा नेपालबाट बर्सेनि १० देखि १५ हजार महिला तथा बालिका भारतमा बिक्री हुने गरेको तथ्यांक राखिएको छ । जसमध्ये केही महिला तथा बालिकाहरू मध्यपूर्व तथा एसिया प्रशान्त क्षेत्रमा तस्करी हुने गरेको उल्लेख छ । यस पुस्तिकामा बालक तस्करीबारे खासै तथ्यांक उल्लेख छैन ।

मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७६ अनुसार नेपालबाट ठूलो संख्यामा महिला तथा बालबालिका भारतमा बेचिन्छन् । यसमध्ये करिब २६ प्रतिशत प्रभावितहरू (१८ वर्षभन्दा कम उमेरका बालबालिका) यौनशोषणको सिकार हुने गरेका छन् ।

मानवअधिकारकर्मी मदन झाले लकडाउनको मौकामा घर फिर्ती भएका बालकहरूको तथ्यांक संकलन गर्ने उचित समय रहेको बताए । बैध माध्यमबाट आएकाहरूसँग उनीहरू कसरी र के कामका लागि भारत पुगे भनेर जानकारी राख्दा उचित हुन्छ ।

उनले अवैध माध्यमबाट घरसम्म पुगेकाहरूसँग समेत यस्तो सूचना दिने फर्म फराउँदा उचित हुने उनले बताए । हुनतः यो काम वडा कार्यालयले गराउँदा अत्यन्त प्रभावकारी हुने विचार अधिवक्ता विकरू यादवको छ ।

# लिपुलेक मुद्दामा चीनले पनि गल्ती सच्याउनुपर्छ

चीन र नेपालको बीचमा सीमांकन अगाडि बढ्ने बेलामा पनि शून्य बिन्दू कुन हो त भन्ने कुरा त्यति बेला लिम्पियाधुराकै कारणले नापी नभएकोले नटुंगिएको विषय हो। त्यसकारण चीनले पनि आफ्नो गल्ती सच्याउनुपर्छ। भारतले जसरी हाम्रो क्षेत्रमा आएर जसरी सडक निर्माण गरेको छ, यो सर्वथा अन्तर्राष्ट्रिय कानून विपरीत छ। त्यसकारणले यी सबै कुरालाई सच्याएर एउटा असल छिमेकीको सम्बन्ध कायम गर्नुपर्छ।



## भीम रावल

### नेता, नेपाल कम्युनिष्ट पार्टी

**० कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेटर सरकारले जारी गरेको नक्सालाई तपाइँ कसरी लिनुभएको छ ?**

– नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापनी कुनै बेला नेपालको नक्सामा थियो। तत्कालीन अवस्थामा बेलायती अधिराज्यको अधिनमा भारत थियो, नेपाल सरकारसंग भएका सम्झौता र अरु कतिपय सम्झौतामा अहिलेका यी भूभागमा नेपालमा रहेको स्पष्ट नै थियो। तर, बीचमा हाम्रो नक्साबाट एक्कासी हरायो। केही समय अगाडि भारतले आफ्नो राजनीतिक नक्सामा ती भूभाग समावेश गर्‍यो र त्यसप्रति नेपालको आपत्ति थियो। सबै नेपालीले यसको विरुद्ध आवाज उठाएका थिए। अहिले नेपाल सरकारको तर्फबाट औपचारिकरूपमा त्यो भूभागलाई नेपालको नक्सामा समावेश गर्ने कार्य अत्यन्त स्वागतयोग्य छ। यसले हाम्रो स्वाधिनता र भौगोलिक अखण्डताको पक्षमा सरकारको महत्वपूर्ण पाइला हो भन्ने कुरा देखाएको छ। अब त्यहीअनुरुप उच्च कुटनीतिक वार्ताको माध्यमबाट आफ्नो ऐतिहासिक दस्तावेज र तथ्यको आधारमा त्यो क्षेत्रमा पूर्णरूपमा नेपालको प्रशासनिक गतिविधि आरम्भ हुनुपर्छ।

**० पहिला नेपालको नक्सामा ती भूभाग थियो भने कसरी हटाइयो त ?**

– हामी सबैलाई थाहा छ, सुगौली सन्धि भएको र त्यसपछि पटक-पटक तत्कालीन ब्रिटिश इण्डियाले प्रकाशित गरेको दस्तावेजमा त्यो भूभाग नेपालको हो भन्ने कुरामा कुनै शंका रहेन। तर, त्यसपछिका विभिन्न सरकारहरूले र खासगरी वि.स. २००८ सालमा तत्कालीन नेपाल कांग्रेसका नेता मातृका प्रसाद कोइरालाले नेपालको १८ ठाउमा भारतीय सुरक्षाकर्मीलाई ल्याएर सीमामा जसरी तैनाथ गर्नुभयो, त्यहीबाट त्यो समस्या बल्झेको हो। यद्यपि पछि कीर्तिनिधि बिष्ट प्रधानमन्त्री भएको बेलामा १७ ठाउबाट त भारतीय सुरक्षाकर्मीहरू पठाइयो तर त्यो एक ठाउमा बाकी नै रह्यो। नेपालको लगातार राजनीतिक अस्थिरता र प्रधानमन्त्री हुने कतिपय व्यक्ति खासगरी नेपाली कांग्रेसको बहुमतको सरकार भएको बेलामा यसतर्फ कुनै अभिरूचि नराखेको कारणले त्यो बेला यो कुरा अगाडि आउन सकेन। अहिले घटनाक्रमहरूबाट यो अगाडि पनि आयो। सरकार स्वयम् तत्पर भएर यो नक्सा प्रकाशित गर्दा हामी आज यो स्थानमा पुगेका छौं।

**० भनेपछि, तत्कालीन नेपालका नेतृत्वकर्ताकै कारण हाम्रा ती भूभागहरू नेपालको नक्साबाट हटेको थियो ?**

**– त्यति बेलाका कतिपय त्रुटिका कारणले गर्दा नै ऐतिहासिक दस्तावेजले अकाट्यरूपमा ती भूभाग हाम्रो हुँदाहुँदै पनि प्रशासनिक नियन्त्रण कमजोर हुँदै गयो। वि.सं. २०५६ सालसम्म लिपुलेकमा रहेको नेपाली प्रहरी चौकीबाट विभिन्न ठाउँका मानिसहरू मानसरोवर तीर्थयात्रामा गएका थिए। त्यहाँ रहेका प्रहरीको सिफारिसबाट तिब्बततिर रहेका चिनियाँ प्रहरीहरूले मानिसहरूलाई जान दिएका थिए। त्यसको तथ्य प्रमाणहरू हामीसँग छँदैछन्। त्यहाँ हाम्रो जनगणना भएको, त्यहाँका जनताले हामीलाई मालपोत तिरेको ती कुराहरू हुँदाहुँदै पनि केही समय यता आएर ती कुराहरू ओझेलमा परेका थिए। अहिले नेपाली जनताले विश्वास गरेर बनाएको दुई तिहाइको सरकारले यो काम गरेको छ। नेपाली जनताले अब यसलाई पूर्णरूपमा समर्थन गर्दै त्यो ठाउँमा नेपालको प्रशासनिक गतिविधि सुरू हुने गरी निष्कर्षमा पुग्न सक्ने वातावरण बनाउनु पर्दछ।**

**० नेपालको संविधान २०७२ मा रहेको नक्सामा पनि ती भूभाग समेटिएको छैन। त्यतिबेला तपाईँहरूको ध्यान किन पुगेन ?**

**– मस्यौदा समितिको म आफै पनि सदस्य हुँ। त्यो बेला संविधान लेख्ने र जारी गर्ने कुरामा धेरै ठूला समस्याहरू आइपरेका थिए। कतिपय राजनीतिक दलहरूले जातीय आधारमा प्रदेशहरू निर्माण गर्ने, तराई पहाडलाई अलग्याउने जस्ता खालका प्रस्तावहरू पनि ल्याएका थिए। त्यहाँ धेरै ठूलो अन्तरसंघर्ष थियो।** नेपालको निशाना छापमा नेपालको नक्सा राखेको बेलामा त्यो अन्तिम घडिमा आएको थियो। हामी जस्ता मानिसले नेपालको नक्सालाई प्राविधिक दृष्टिकोणबाट जाँचपरक गरेर अगाडि जाने स्थिति पनि थिएन र समय पनि थिएन। त्यो बेलाको परिस्थितिमा हतार-हतारमा त्यो कुरा छुट्न गएको हो। पछि संविधान जारी भइसकेपछि स्थिर भएको बेला केही छुट्न गएको र त्रुटि भएको कुरा हामीले महसुस गरिसकेका थियौं।

**० ती भूभागहरूमा भारतको पनि दाबी छ, नेपालले ती भूभाग समेटेर नक्सा सार्वजनिक गरिसक्दा यो विवाद समाधान गर्न कतिको सजिलो देख्नुहुन्छ ?**

**– वर्तमान विश्वमा देशहरू बीचका सम्बन्धहरू निश्चित मापदण्डहरूबाट सञ्चालित हुन्छन्, अन्तर्राष्ट्रिय कानूनबमोजिम सञ्चालित हुन्छन्। तथ्य, प्रमाण र दस्तावेजको आधारमा कुनै पनि देशको दाबी पुष्टि हुनुपर्छ। नेपाल र भारत अत्यन्त निकट छिमेकी हो। असल छिमेकी नीति यदि हामी दुवै देशले एकअर्काप्रति लिने हो भने हामीले तथ्य प्रमाणलाई मान्नुपर्छ र स्वीकार गर्नुपर्छ। म सम्बन्धित पक्षलाई आग्रह गर्न चाहन्छु अब दुई देशबीचको मैत्री सम्बन्धलाई सुमधुर बनाउने वा समस्यारहित बनाउनुपर्छ भन्ने कुरा गर्ने हो भने ऐतिहासिक दस्तावेज, तथ्य र प्रमाणले जे भन्छ वार्तामा भारत सरकार र हामीले स्वीकार गर्नुपर्छ। त्यसका लागि तत्काल वार्ता आरम्भ गर्नुपर्छ। दुई देशबीचको सम्बन्ध राम्रो बनाउनका लागि प्रबुद्ध व्यक्तिको समूह (इपीजी)ले जुन प्रतिवेदन तयार गरेको छ, त्यो प्रतिवेदन अविलम्ब दुवै देशका प्रधानमन्त्रीले बुझ्नुपर्छ। त्यसमा उल्लेख गरेका कुराहरू अगाडि राखेर विगतका निरंकुश शासकहरूले हामीमाथि थोपारेका असमान प्रावधानहरूलाई समाप्त गर्नुपर्छ। हाम्रो तराईको दशगजामा अन्तर्राष्ट्रिय कानूनविपरीत बनेका भौतिक पूर्वाधार र संरचनाहरू हटाउनुपर्छ। प्रत्येक वर्ष तराई क्षेत्र डुबाउने काम बन्द गर्नुपर्छ। यसरी हामी** दुई छिमेकीले एकदम राम्रो वातावरणमा पारस्परिक विश्वास, सम्मानको आधारमा अगाडि बढ्ने स्थिति सिर्जना गर्नुपर्छ।

**० यस्ता समस्याहरू समाधानका लागि हाम्रै पक्षले पनि गम्भीरता देखाएको छैन नि ?**

**– तपाईंले भनेको आंशिकरूपमा सत्य हो। हाम्रो राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता र भौगोलिक अखण्डताको पक्षपोषण गर्दै समानताको आधारमा भारतसँग सम्बन्ध बढाउने कुरामा भन्दा आत्म स्वार्थ र आफ्नो व्यक्तिगत हितका लागि जुन किसिमले गम्भीर नहुने प्रवृत्ति देखाइयो, त्यो प्रवृत्तिको कारणले गर्दा पनि समस्याहरू यथावत रहेका छन्। अब उपरान्त त्यस्ता प्रवृत्तिहरूबाट मुक्त हुनुपर्छ। हामी तराई, पहाड, हिमाल, पूर्व-पश्चिम, उत्तर दक्षिण जहाँसुकै रहेपनि हाम्रो देशको समृद्धिमा एकतालाई ध्यानमा राखी वर्तमान सरकार अब अगाडि बढ्नुपर्छ। किनभने यो सरकारसँग ७ प्रदेशमध्ये ६ प्रदेश र केन्द्रमा अध्याधिक बहुमतका साथ सरकार रहेको छ। यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्दै अब यो राष्ट्रलाई बलियो बनाउने, हाम्रो भौगोलिक अखण्डतामा आएका सबै प्रकारका नकारात्मक कुराहरूलाई हटाउने तर्फ दृढतापूर्वक लाग्नुपर्छ र विगतका कमी कमजोरीलाई सच्याउनुपर्छ।**

**० यो समस्या समाधान गर्न हाम्रो प्रधानमन्त्री केपी शर्मा ओलीको कतिको सक्षम हुनुहुन्छ ?**

**– प्रधानमन्त्रीको रूपमा जुन अहिले नक्सा जारी गर्ने काम भयो यसलाई सकारात्मकरूपमा लिएको छु। प्रत्येक नेपालीहरूले यसको स्वागत गरेका छन्। अब यो कुरालाई यो सरकारले गम्भीररूपमा आफ्नो कुटनीतिक क्षमतालाई परिचालन गर्ने, आफ्ना तथ्य र प्रमाणहरू भारतसमक्ष राखेर वार्ताको वातावरण बनाउनुपर्छ। यसका लागि हामीले समर्थन गर्छौं। तर, यसमा अब विगतका गल्ती कमजोरीहरूलाई दोहोर्‍याउन नदिएर सरकार अगाडि जानुपर्छ। अहिले यत्रो ठूलो जनसमर्थन प्राप्त भएको छ, यो** सरकारले चाहयो भयो गर्न नसक्ने कुरा छैन। हामी एउटा स्वतन्त्र र सार्वभौमसत्ता देश हौं। अर्को देशसँग हाम्रो सार्वभौमसत्ता समान छ। यस्तो स्थितिमा दुई देशबीचको समस्या समाधान गर्न वार्ता गरौं। तथ्यहरू राख्दा अर्को देशले मान्दैनौं वा वार्ता गर्दैनौं भन्ने स्थिति हुँदैन भनेर मान्न सकिन्न।

**० भारतले लिपुलेकदेखि मानसरोबरसँग बाटो बनाइरहँदा चीनले किन नेपाललाई बेवास्ता गरेको होला त ?**

**– भारतले बाटो बनाइरहेको कुरा नेपाललाई थाहा नभएको कुरा होइन। यसमा चीनले भनिरहनुपर्ने विषय नै होइन। भारतले बाटो बनाइरहँदा म स्वयम् सम्बन्धित मन्त्रालय र व्यक्तिलाई भनेको थिएँ। यसको चर्चा नभएको होइन। यद्यपि सन् २०१५ मा भारतसँग चीनले लिपुलेकबाट व्यापार मार्ग बनाउने जुन** सहमति गर्‍यो नेपाललाई मान्य छैन भन्ने कुरा हामीले त्यसै बेला भनेका थियौं। हाम्रो त्रिदेशीय विन्दू भनेको लिपुलेक होइन, लिम्पियाधुरा मात्रै त्रिदेशीय बिन्दू हो। चीन र नेपालको बीचमा सीमांकन अगाडि बढ्ने बेलामा पनि शून्य बिन्दू कुन हो त भन्ने कुरा त्यति बेला लिम्पियाधुराकै कारणले नापी नभएकोले नटुंगिएको विषय हो। त्यसकारण चीनले पनि आफ्नो गल्ती सच्याउनुपर्छ। भारतले जसरी हाम्रो क्षेत्रमा आएर जसरी सडक निर्माण गरेको छ, यो सर्वथा अन्तर्राष्ट्रिय कानून विपरीत छ। त्यसकारणले यी सबै कुरालाई सच्याएर एउटा असल छिमेकीको सम्बन्ध कायम गर्नुपर्छ। हामीले भारतसँगको वार्ता अगाडि बढाउनुपर्छ। चीनले त्यतिबेला जसरी सहमति गर्‍यो, लिपुलेकको बारेमा चीनको भनाइ के छ त भन्ने प्रसंगमा चीनसँग पनि वार्ता गर्नुपर्छ।

# सीमा विवादलाई राजनीतिक मुद्दा बनाइयो

नेपालले आफ्नो तरिकाले नक्सा सार्वजनिक गर्‍यो र यही कारणले गर्दा मित्रताको सम्बन्धमा कुनै दरार आयो भने नेपालले भारतसँग कुरा गर्नुपर्छ। यसलाई सधैंभरिका लागि राजनीतिक नाराको विषय अब बनाउनु हुँदैन। आफूसँग भएका सम्पूर्ण प्रमाणहरू र भारतले पनि आफ्ना प्रमाणहरू राख्ला।



## सन्तोष मेहता

### नेता, जनता समाजवादी पार्टी नेपाल

**० सरकारले सार्वजनिक गरेको नयाँ नक्सालाई कसरी हेर्नुभएको छ ?**

**– लिपुलेक, लिम्पियाधुरा अथवा कालापानी लगायतका भूभागमा भारतको उपस्थिति छ। सन् १८१६ मा भएको सुगौली सन्धिको अनुच्छेद ३ बमोजिम काली नदीको पूर्व पट्टिका सम्पूर्ण भूभाग नेपालले आफ्नो दाबी गरेको छ, त्यसअनुसार आफ्नो नक्सा जारी गरेको छ। यो एकदमै कुटनीतिक विषय हो।** नेपाल र भारतबीच संसारमै विरलै मित्रता भएको पाइन्छ। यी दुई देशबीचको विवाद हो। अहिले नेपालमा भारतप्रति विद्वेष फैलाउने कार्यहरू भइरहेको छ। भारतले अहिले नै ती भूभागहरू कब्जा गरेको भन्ने वास्तविकता त होइन। भारतले बनाएको सडकको सन्दर्भमा पनि भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंह हुँदाखेरि सन् २००८ सालमै सडक बनिसक्नुपर्ने निर्णय गरेको थियो। सडक निर्माण भएदेखि नै ती ठाउँहरू भारतको अधिपत्यमा रहेका छन्। आजभन्दा ६०-७० वर्ष पहिला १७ ठाउँमा भारतीय सेना थिए, बाँकी १६ वटा ठाउँबाट हटाइयो तर कालापानीबाट हटाइएन अथवा हट्नुपर्छ भन्ने पत्राचारसम्म गरिएन। सुशील कोइराला प्रधानमन्त्री हुँदाखेरि आधिकारिक रूपमा ती भूभाग हाम्रो हो भनेर भनिएको थियो। त्योभन्दा कहिल्यै पनि नेपालले आधिकारिकरूपमा त्यो भूमिमा आफ्नो दाबी पनि गरिएको स्थिति थिएन। समग्रमा भन्नुपर्दा त्यो भूमि नेपालको हो भने यदि हामीसँग सबै प्रमाणहरू छ भने हामी भारतसँग टेबुल टक गर्न सक्छौं। भारत त्यस्तो देश पनि होइन, जसलाई हामीले सबै प्रमाणहरू पेस गर्‍यौं भने फिर्ता गर्दैन। हामी प्रमाणहरू पेस गर्छौं, हाम्रो पक्षमा यदि प्रमाणहरू रहन्छ भने हाम्रो भूमि फिर्ता हुन्छ। संसारभरि भूमिका समस्याहरू विभिन्न तरिकाले समाधान हुने गरेका छन्। यदि त्यो भूमि भारतलाई आवश्यक हो भने वैकल्पिक उपायहरू पनि हुनसक्छन्। त्यो पछिको कुरा हो। सबभन्दा पहिला भारतसँग कुटनीतिक रूपमा कुराकानी गरेर यो समस्याको समाधान निकाल्नुपर्छ।

**० सरकारले सार्वजनिक गरेको नक्सालाई हामीले सुधारिएको नक्सा भन्न सक्छौं ?**

**– सुधारिएको नक्सा भन्नका लागि भारत र सारा दुनियाँले यसलाई स्वीकार गर्‍यो भने हाम्रो निम्ति त्यो नक्सा सुधारिएकै हुन्छ। जबसम्म कुनै पनि सम्पतिको स्वामीको अतोपतो हुँदैन तबसम्म त्यो सम्पत्तिमा जसको कब्जा हुन्छ, उसैको सम्पत्ति कहलिन्छ। जब उसको वास्तविक स्वामी भेट्छ, तब त्यो** सम्पत्ति उसको हुन्छ। त्यसकारणले त्यो भूमिको अहिलेसम्म वास्तविक स्वामी भेटिएको थिएन। हामीसँग विभिन्न प्रमाणहरू छन्, ती प्रमाणहरूको आधारमा त्यो भूमिको स्वामी हौं। त्यो भूमिमा जसको कब्जा छ उसँग कुरा गरेर प्रमाणहरू देखाएर अनि मात्रै त्यो नक्सा वास्तविक हुन्छ। नक्सा जारी गरेर उम्लिरहेको दुधमा पानी छर्कने काम मात्रै सरकारले गरेको छ। कम्युनिष्ट पार्टीका निम्ति कालापानी सधैं चुनाव जित्ने मुद्दा रह्यो। अब नक्सा सार्वजनिक गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कुर्सी जोगाउने काम मात्रै गर्नुभएको छ। यदि वास्तविकरूपमै ती भूभाग नेपालको भूगोलभित्र पर्छ भने वार्ता गरी निष्कर्ष निकाल्नुपर्छ। भारत सरकारका प्रवक्ताले यो विषयमा सम्वाद गर्न भारत तयार रहेको बताएका छन्। सम्वादमा नेपालले आफ्ना कुराहरू दरोसँग राख्न सकियो भने समस्याको समाधान हुन्छ। भारतलाई विस्तारवादी अथवा भारतले नेपालको सिमाना मिचेको भनेर नेपालमा जसरी भारत विरोधी मानसिकता बनाएको छ, वास्तवमा नेपाल सरकारले पनि यो कुरालाई स्पष्ट पार्नुपर्छ। सबै ठाउँको सिमानाको समस्या समाधान भएको छ, कालापानी र सुस्ताबाहेक। छिमेकी राष्ट्रहरूसँगै सिमाना विवाद हुने गर्छ र त्यसको समाधान पनि हुन्छ। भारतले नै स्वीकार गरेको छ कि दुई ठाउँमा सीमा विवाद छ। तर, चीनले जुन सिमानाहरू मिचेको छ त्यस विषयमा चीनले कुरा गर्नेसम्म भनेको पनि छैन। त्यसकारणले भारतले यति उदारता देखाएको भन्ने कुरालाई सकारात्मकरूपमा लिनुपर्छ।

**० नयाँ नक्सामा अहिले समेटिएका भूभाग नेपालकै हो भने, नेपालको संविधान, २०७२ मा किन आएन ?**

– जुन भूभागमा दाबी गरिएको छ त्यो भूभाग कुनै अमूक पार्टीको राजनीतिक नाराको रूपमा मात्रै प्रयोग हुँदै आएको छ। तर, नेपाल सरकारले वास्तविकरूपमा यो भूभाग हाम्रो हो भन्ने हिसावले कहिल्यै पनि कुरा गरेन वा आफ्नो ठानेन। कतिपय राजनीतिक दलले आफ्नो राजनीतिक खपतका लागि बनाइराख्ने विषय हो। कुनै बेला यसलाई सत्ताको भर्‍याङ बनाउने कुनै बेला सत्ता टिकाउने चाबी बनाउने काम मात्र अहिलेसम्म गरिरहेको छ। त्यसकारणले हामी चाहन्छौं यस समस्याको समाधान होस्। नेपाल, भारत र चीन तीनै देश बसेर यो समस्याको समाधान होस् भन्ने हाम्रो चाहना हो।

**० कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको नक्सामा त आयो तर ती भूमि फिर्ता ल्याउन सरकारको प्रयास कस्तो देख्नुहुन्छ ?**

**– नक्सा सार्वजनिक गरेको कुरालाई लिएर भारत र नेपालबीचको मित्रवत् सम्बन्ध, कुटनीतिक सम्बन्ध र अन्य प्रकारका सम्बन्धहरूमा कुनै पनि दरार नहोस्। नेपालले आफ्नो तरिकाले नक्सा सार्वजनिक गर्‍यो र यही कारणले गर्दा मित्रताको सम्बन्धमा कुनै दरार आयो भने नेपालले भारतसँग कुरा गर्नुपर्छ। यसलाई सधैंभरिका लागि राजनीतिक नाराको विषय अब बनाउनु हुँदैन। आफूसँग भएका सम्पूर्ण प्रमाणहरू र भारतले पनि आफ्ना प्रमाणहरू राख्ला। त्यो प्रमाणको आधारमा यो मुद्दालाई सधैंका निम्ति समाधान गर्नुपर्छ। भारतको विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले भर्खरै भन्नुभयो कि सम्वाद गर्न हामी तयार छौं। यस विषयमा नेपालले आजसम्म तदारूकता देखाएकै छैन। यो समस्या आएको ६०-७० वर्ष भयो। अहिले भारत पनि वार्ता गर्न सकारात्मक** रहेको बेला नेपालले यसको उपयोग गर्दै वार्ता प्रक्रिया अगाडि बढाउनुपर्छ। अहिले वैश्विक महामारी कोरोनाको संकट छ। यसबाट पार पाउने बित्तिकै नेपालले तदारूकताका साथ वार्ता गरोस्।

**० ती भूभागहरू यदि भारतलाई नै चाहिएको छ भने यसका विकल्पहरू के-के हुन सक्छन् ?**

**– सबभन्दा पहिला त ती भूमि कसको हो भन्ने प्रष्ट हुनुपर्छ। हामी नेपाली हौं, त्यसकारणले नाराका लागि त्यो भूमि हाम्रै हो भन्न सकौला। जब दुई देशबीच वार्ताको कुरा हुन्छ त्यतिखेर त्यो भूमि कस्को हो भन्ने कुराको निर्क्योल हुनुपर्‍यो। लिम्पियाधुरादेखि पूर्वपट्टिका सम्पूर्ण भूमि यदि नेपालको ठहरिन्छ भने त्यसपछि हामी कुनै निष्कर्षमा पुग्न सक्छौं। त्यो भूमि यदि नेपालकै ठहर्‍यो भने भारतलाई सामरिक सुरक्षाको महत्व राख्छ भने भारत मित्रराष्ट्र भएको हुनाले भूमिको सट्टापट्टा पनि हुनसक्छ। यसको प्रत्यक्ष उदाहरणका लागि हामीले भारत र बंगलादेशबीच भएको सीमा सम्झौतालाई हेर्न सक्छौं। तर पहिला त त्यो विवादित भूमि कसको भन्ने स्पष्ट हुनुपर्छ। किनभने भर्खरै भारतका विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले हामी वार्ता गर्न त तयार छौं तर त्यो भूमि हाम्रै हो भन्ने दाबी गर्नुभएको छ। त्यस्तै भारतीय सेना प्रमुखको पनि वक्तव्य आएको छ। त्यसकारणले त्यो भूमिमा भारतको पनि दाबी छ। भारतको दाबी हुनुको पछाडि भारतसँग पनि केही प्रमाणहरू छ कि। त्यो भूमिमा हामीले पनि सुगौली सन्धिलाई आधार बनाएर दाबी गरेका छौं। त्यसकारणले यी दुवै दाबीको बीचमा कसको दाबी ठिक भन्ने कुराको निष्कर्ष त दुवै पक्ष नबसीकन हुँदैन।**

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# सरकारको नीति तथा कार्यक्रमको पूर्णपाठ

प्रतिनिधि सभाका सम्माननीय सभामुख,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,
सङ्घीय संसदका माननीय सदस्यहरू,

१. सम्पूर्ण विश्व नै कोभिड(१९ (कोरोना भाइरस) महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज यस सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दछु।

२. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात(अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। नेपाली समाजको रूपान्तरणमा उहाँहरूले पुर्याउनुभएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु।

३. कोभिड(१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ। विश्वस्तरमै यस महामारीविरूद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरू अपर्याप्त देखिएका छन्। यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ, अरू लाखौं सङ्क्रमित छन्। यस महामारीबाट सङ्क्रमित भई नेपाल बाहिर जीवन गुमाउनुहुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरूका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

४. कोभिड(१९ ले सबै मुलुकको अर्थव्यवस्थामाथि गम्भीर धक्का पुर्याएको छ। विश्व पर्यटन तथा आवागमन अवरूद्ध छ। उद्यम व्यवसाय बन्दप्राय: छन्। उत्पादन र वितरण प्रणाली गम्भीर रूपमा प्रभावित भएको छ। लाखौंको रोजगारी गुमेको छ। दिगो विकासको लक्ष्यप्राप्तिमा ठूलो व्यवधान खडा भएको छ।

५. आज सारा विश्व यस साझा, तर अदृष्य दुश्मनका विरूद्ध कठिन युद्ध लडिरहेको छ। मानवजातिले जित्नैपर्ने यो युद्ध कहिले र कसरी समाप्त होला भन्ने भय, चिन्ता र अन्यौल व्याप्त छ। यतिबेला विश्व समुदायबीच ऐक्यबद्धता, सहकार्य, आत्मविश्वास र आशावादको ठूलो खाँचो छ।

६. यस महामारीबाट हुने आर्थिक क्षतिको पूर्ति त आगामी दिनमा हुनसक्छ, प्रविधिको अन्वेषण गर्दै जान सकिन्छ, समाज फेरि समृद्ध बन्न सक्छ। तर गुमेको अमूल्य मानव जीवनको पुन:प्राप्ति र क्षतिपूर्ति हुनसक्दैन। त्यससँगै क्षति हुने मानवीय पुँजी, दक्षता, विज्ञता र विचारको क्षति पनि अपूरणीय हुन्छ। त्यसैले यतिखेर मानिसको जीवन रक्षा र मानवजातिको संरक्षण सरकारहरूको सर्वोच्च कर्तव्य हुन आएको छ।

७. कोभिड(१९ को सङ्क्रमण प्रारम्भ भएलगत्तै नेपाल सरकारले अवलम्बन गरेकोस्पष्ट रणनीति, समन्वयात्मक कार्यशैली एवंसबै नेपालीको एकता, धैर्य र सहयोगलेअहिलेसम्म यस रोगको सङ्क्रमणबाट नेपालभित्र सबैको जीवन रक्षा गर्न हामी सफल भएका छौं। सङ्क्रमण थप फैलन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु।

८. जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमारहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, एम्बुलेन्स चालकलगायत सम्पूर्ण राष्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु। अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबैव्यक्ति तथा सङ्घ(संस्थालाई धन्यवाद दिन चाहन्छु।कोभिड(१९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछु।

९. महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुर्याउनुहुने सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, निजी तथा व्यावसायिक क्षेत्र, सञ्चारजगत् र "कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष" मा रकम उपलब्ध गराउने सबैलाई धन्यवाद दिन चाहन्छु।आफैंविश्वव्यापी महामारीसँग जुध्नुपरिरहेको कठिन परिस्थितिमा समेत हामीलाई सहयोग पुर्याउने छिमेकी मित्रराष्ट्रएवं अन्य मित्रराष्ट्र र विकास साझेदारहरूको सराहना गर्दछु।

माननीय सदस्यहरू,

१०. सङ्घीय लोकतान्त्रिक गणतन्त्रहामी नेपालीले सात दशकभन्दा लामो सङ्घर्षबाट प्राप्त गरेको उपलब्धि हो। यो प्रणाली नेपाली जनताआफैंले छानेर पठाएका प्रतिनिधिले लेखेको संविधानद्वारा संस्थागत गरिएको प्रणाली हो।

११. हामीले अपनाएको लोकतन्त्र परिपूर्ण लोकतन्त्र (कम्प्रिहेन्सिभ डेमोक्रेसी) हो। लोकतन्त्रका सबै आधारभूत विशेषतासहितको प्रतिस्पर्धात्मक बहुदलीय र गणतन्त्रात्मक राजनीतिक प्रणाली नै हामीले रोजेको प्रणाली हो।

१२. परिपूर्ण लोकतन्त्रले सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा समृद्धिसहित राष्ट्रिय एकतालाई अझै मजबुत तुल्याउँछ। यो सरकार जनताको आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्दै जनभावना अनुरूप लोकतन्त्रलाई सुदृढ र विकास गर्न प्रतिबद्ध छ।

१३. हाम्रो लोकतन्त्रले राजनीतिक अधिकार र स्वतन्त्रता, अधिकार र अवसरमा पहुँच, सामाजिक न्याय र समानता, भयरहित सुरक्षित जीवन र मर्यादित जीवनलगायतका विषयलाई लोकतन्त्रका विभिन्न आयामको रूपमा आत्मसात् गरेको छ। त्यसैले सार्वभौमसत्ता जनतामा र जनता नै शक्तिका स्रोत हुन् भन्ने मान्यतालाई स्थापित गरेको छ। यसरी यो परिपूर्ण र समाजवाद उन्मुख छ।

१४. राजनीतिक स्थायित्वमा मात्रै नीतिगत निरन्तरता सुनिश्चित हुन्छ। नीतिको निरन्तरताले कार्यक्रमको सुसङ्गतिलाई निर्धारण गर्दछ र कार्यक्रमको कार्यान्वयनमा सुनिश्चितता प्रदान गर्दछ। तसर्थ राजनीतिक स्थायित्व मुलुकको दीर्घकालीन र अवरोधरहित विकासका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ।

१५. राजनीतिक स्थायित्वमा मात्रै जनमतको सम्मान हुन्छ। यसले राजनीतिक दलहरूलाई जनादेशअनुसारको भूमिका खेल्न उत्प्रेरित गर्छ, नेतृत्वको क्षमता अभिवृद्धि हुन्छ, र देश, जनता तथा विकासप्रति थप चिन्तनशील तुल्याउँछ। आवधिक निर्वाचनका क्रममा हुने नेतृत्वको क्षमता र कार्यसम्पादन परीक्षणले नेतृत्वलाई अझ बढी जनउत्तरदायी बन्न उत्प्रेरित गर्छ। अन्ततः यसले लोकतान्त्रिक व्यवस्थालाई मजबुत बनाउँछ।

१६. यस सरकारका लागि नेपालको धर्ती, नेपालको प्रकृति, नेपालको संस्कृति, नेपाल र नेपालीको समृद्धि, स्वाभिमान र गौरवभन्दा ठूलो अरू केही छैन। सरकारले आफ्ना सोच र कार्यहरूलाई नेपाली भूमि, प्रकृति, संस्कृति र नागरिकको संरक्षण, विकास र सदुपयोग गर्नेस समग्र विकासलाई तीव्रता दिने एवं नेपालीको मान, सम्मान, स्वाभिमान र गौरव बढाउनेतर्फ पूर्ण इमान र सम्पूर्ण सामर्थ्यका साथ केन्द्रित गरेको छ।

१७. वर्तमान सरकार नेपाली जनतासँग गरेको प्रतिबद्धता अनुरूप "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न दृढ अठोटका साथ अघि बढिरहेको छ। यस सरकारले सिङ्गो कार्यकालका लागि प्रस्तुत गरेका लक्ष्य र प्रतिबद्धताहरू अघिल्ला दुई आर्थिक वर्षका नीति तथा कार्यक्रमहरूमार्फत् क्रमशः कार्यान्वयन हुँदै आएका छन्। सरकारको दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरू निर्धारित छन्, नीति र कार्यक्रम जनमुखी छन्, कार्यान्वयन परिणाममुखी छ।

१८. सरकार दुई वर्षको छोटो अवधिमै उत्साहवर्द्धक उपलब्धि हासिल गर्न सफल भएको छ।यस अवधिमा भएका सामाजिक विकास, भौतिक प्रगति र चौधभन्दा बढी विश्व सूचक तथा सूचकाङ्कहरूमा नेपालले हासिल गरेको प्रगति नीतिगत निरन्तरता र कार्यक्रमको प्रभावकारिताको परिणाम हो।यी उपलब्धिले समृद्ध नेपाल निर्माणका लागि बलियो आधारशीला निर्माण गरेका छन्।

१९. सरकार गठनपछिमुलुकमा स्थिरता र स्थायित्व कायम भएको छ। संविधान पूर्णत: कार्यान्वयनमा आएको छ। नागरिकका मौलिक हक, आधारभूत स्वतन्त्रता, सामाजिक संरक्षण एवं सामाजिक न्याय, विकास निर्माण, सुशासन प्रवर्द्धन र सङ्घीयता कार्यान्वयनका लागि आवश्यक महत्त्वपूर्ण कानुनहरू जारी गरी कार्यान्वयनमा ल्याइएको छ।

२०. सङ्घ, प्रदेश र स्थानीय तहक्रियाशील भएका छन्।सहकारिता र समन्वयको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सर्वाङ्गीण विकासको योजना कार्यान्वयनमा ल्याइएको छ। अन्तर(प्रदेश परिषद् र अन्तर(सरकारी वित्त परिषद्लगायतका संरचना क्रियाशील छन्।

२१. प्रदेश र स्थानीय तहको प्रशासनिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन र कार्यसञ्चालन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइएको छ। वित्तीय हस्तान्तरणको वैज्ञानिक प्रणाली कार्यान्वयनमा ल्याई प्रदेश र स्थानीय तहहरूलाई आवश्यक स्रोत सुनिश्चित गरिएको छ। कोभिड(१९ महामारीको सामना गर्ने क्रममा प्रदेश तथा स्थानीय तहबाट भएका कामले जनतामा ती निकायहरूको महत्त्व प्रष्ट्याएको छ।

२२. कोभिड(१९ रोकथाम तथा नियन्त्रणका लागि सरकार सुरूदेखि नै क्रियाशील छ। सरकारले अतिरिक्त स्रोत परिचालनका लागि छुट्टै कोषको व्यवस्था गरी सरकारी, निजी र अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा हुने र खर्च गर्ने व्यवस्था मिलाएको छ। बन्दाबन्दीको अवस्थामा सरकारी संयन्त्रमार्फत् समेत औषधी, खाद्यवस्तुलगायतका अत्यावश्यक उपभोग्य वस्तुहरूको सहज आपूर्ति हुने व्यवस्था गरिएको छ।

२३. महामारी र बन्दाबन्दीबाट प्रभावित उद्योग व्यवसायलाई लक्षित गरी सहुलियतका व्यवस्थाहरू गरिएको छ। गरिब, असहाय तथा विपन्न परिवार, दैनिक कमाइ गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दीर कोभिड(१९ ले निम्त्याएका अन्यकारणले रोजगारी गुमाएका व्यक्तिहरूलाई लक्षित गरी स्थानीय तहहरूमार्फत् राहत उपलब्ध गराइएको छ।

माननीय सदस्यहरू,

२४. हाम्रो सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र राष्ट्रिय एकता सुदृढ भएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र, बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायालय, मानव अधिकार, मौलिक हक र स्वतन्त्रताजस्ता लोकतन्त्रका आधारभूत स्तम्भहरूलाई सुदृढ बनाउन सरकार अविचलित रूपमा लागिरहेको छ।

२५. आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति सुव्यवस्थासहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न सरकार प्रतिबद्ध छ।

२६. सरकारले संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्तको पालना गर्दै सार्वभौम समानता, पारस्परिक सम्मान र लाभ, न्यायपूर्ण द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्वहरूका आधारमा राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धन गर्ने गरी परराष्ट्र सम्बन्ध विकास र विस्तार गरिरहेको छ।

२७. सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न सरकार क्रियाशील छ। पारदर्शिता प्रवर्द्धन गर्दै जवाफदेहीविहीन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत सुधार अघि बढाइएको छ।शान्ति सुव्यवस्था कायम गरिएको छ। सार्वजनिक सेवाप्रवाहको गुणस्तर वृद्धि गरिएको छ। भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न जोकोहीले पनि सजायबाट उन्मुक्ति नपाउने तथ्यलाई स्थापित गर्दै भ्रष्टाचारविरूद्धको कारबाहीलाई तीव्रता दिइएको छ। सभ्यता र संस्कृतिको आधुनिकतासहित पुनरूत्थान गर्ने कार्य अघि बढिरहेको छ।

२८. विक्रम सम्वत् २०८७ अगावै दिगो विकासका लक्ष्यहरू हासिल गर्दैमध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने लक्ष्यमा सरकार दृढ छ। सरकारको यही कार्यकालभित्र विकासशील राष्ट्रको पङ्क्तिमा र विक्रम सम्वत् २०९९ सालसम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्याउने गरी आर्थिक र सामाजिक विकासका योजना र कार्यक्रमहरू अघि बढाइएको छ।

२९. भूपरिवेष्ठित नेपाललाई भूजडित मुलुकमा रूपान्तरण गर्ने हाम्रो घोषित आकाङ्क्षा पूरा भएको छ। आधुनिक प्रविधिसहित सडक, रेल, विमानस्थल, खानेपानी, सिँचाइलगायत ठूला भौतिक पूर्वाधारहरूको निर्माण कार्य तीव्रगतिमा अघि बढेको छ। तुइनको कष्टकर र जोखिमपूर्ण आवागमनलाईअन्त्य गर्नेसरकारको प्रतिबद्धता पूरा भएको छ।

३०. मुलुकको विभिन्न भागमा पहिचान भएका खनिज तथा पेट्रोलियम पदार्थको अन्वेषण, उत्खनन, प्रशोधन र प्रयोगको नीति अघि बढाइएको छ। दश वर्षमा १५ हजार मेगावाट विद्युत उत्पादन गर्ने, आन्तरिक खपत बढाउने, प्रसारण लाइन विस्तार गर्ने र वितरण प्रणाली सुदृढ बनाउने नीति कार्यान्वयनमा छन्। अन्तर्राष्ट्रिय विद्युत व्यापारका लागि पूर्वाधार निर्माण भइरहेको छ।

३१. कृषि उत्पादकत्व १० वर्षमा दोब्बर गर्नकृषिको आधुनिकीकरण र व्यावसायीकरणको योजनासहित कृषि पूर्वाधारमा ठूलो मात्रामा लगानी गरिँदैछ। सबै नेपालीलाई सामाजिक सुरक्षा प्रणालीभित्र आबद्ध गर्न सामाजिक संरक्षणका कार्यक्रमहरू अघि बढाइएको छ।

३२. सम्पन्न र विपन्नहरूको आम्दानीको औसत आँकडाका आधारमा मात्र गरिने जीवनस्तरको मापनले समृद्धि, सुख र खुशीको वास्तविक तस्बिर देखाउन सक्दैन। त्यसैलेसमृद्धिलाई कुल गार्हस्थ्य उत्पादन वा त्यसको प्रतिव्यक्ति आयको आधारमा मात्रै नाप्नुहुँदैन। समाजलाई तलैदेखि उत्थान गर्नुपर्छ, मानवीय गरिमा र अस्तित्वलाई महत्त्व दिनुपर्छ भन्ने सरकारको मान्यता रहेको छ।

३३. समाजमा कोही पनि पछि नपरून् भन्नेमा यो सरकार संवेदनशील छ। दुई वर्षको अवधिमा सहरहरूसडक बालबालिका र सडक मानवमुक्त भएका छन्, मगन्तेरहित भएका छन्। शौचालयको उपलब्धता र प्रयोगमा सुधार ल्याई नेपालीलाई सभ्यताको एक स्तर माथि उठाउने कार्यमा दक्षिण एसियामै नेपाललाई पहिलो हुने सफलता मिलेको छ।

३४. जनतालाई अधिकारसम्पन्न र सबल बनाउन नीति तथा कार्यक्रममार्फत् थालिएका कामहरूको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौता तथा अनुगमनको पनि अनुगमन गर्न सुरू गरिएको छ।

३५. बितेका दुई वर्षमा हाम्रो आर्थिक वृद्धि दोहोरो अङ्कको लक्ष्यसहित तीव्र गतिमा अघि बढेको थियो। आर्थिक(सामाजिक विकासका प्रमुख सूचकहरू उत्साहपूर्ण थिए। यी उपलब्धिमा आधारित भएर सरकार अघि बढिरहेको अवस्थामा मुलुक कोभिड(१९ को महामारीको चपेटामा परेको छ। जुन लक्ष्य, योजना र गतिका साथ अघि बढ्न खोजिएको थियो, त्यसमा व्यवधान आएको छ, विकासको आकाङ्क्षा र गतिमा धक्कापुगेको छ। यस महामारीका कारण सरकारका प्राथमिकता बदलिएका छन्। अबको हाम्रो कार्यदिशा स्वास्थ्य, शिक्षा, रोजगारी र आर्थिक पुनरूत्थान हुनेछ।

माननीय सदस्यहरू,

३६. "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न महामारीका कारण समग्र सामाजिक(आर्थिक पक्षमा परेको प्रतिकूलतासमेतलाई सम्बोधन गर्दै नेपाल सरकारले देहायका रणनीतिक आधार र पक्षहरूलाई ध्यानमा राखी आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

(१) विश्व अर्थतन्त्रको संरचना परिवर्तन हुनसक्ने, मुलुकहरूको आयमा कमी आउने, मित्रराष्ट्र तथा विकास साझेदारहरूको स्रोतसाधन परिचालनको क्षमता, प्राथमिकता र क्षेत्र फरक हुनसक्ने अवस्था भएकाले अधिकतम आन्तरिक स्रोत परिचालन गर्ने,

(२) अधिकांश मुलुकहरूको आर्थिक वृद्धिदर ऋणात्मक हुने अवस्थामा पनि जोखिम व्यवस्थापन गर्न सक्षम नेपाली अर्थतन्त्रलाई उत्पादनशील र सुदृढ बनाउने,

(३) आर्थिक क्रियाकलाप, कृषि तथा औद्योगिक उत्पादन, रोजगारी सिर्जना, उत्पादनशील क्षेत्र, विकास निर्माण कार्य र सामाजिक जनजीवनमा थप क्षति हुन नदिई सुचारू गरी तीव्रता दिने,

(४) आर्थिक उपलब्धि र विकासका प्रतिफलहरूको समन्यायिक वितरण गर्ने,

(५) स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता एवं अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवाप्रवाह गरी स्वस्थ, शिक्षित, न्यायपूर्ण र गतिशील सामाजिक जीवनको स्थापना गर्ने,

(६) समग्र र सन्तुलित विकासका लागि सरकारले सुरू गरेका रूपान्तरणकारी, क्षेत्रगत र राष्ट्रियस्तरका कार्यक्रम तथा आयोजनाहरू तोकिएको समय र लागतमा सम्पन्न गर्ने,

(७) कार्यक्रम तथा आयोजनाहरूको पुन:प्राथमिकीकरण गर्ने, फजुल खर्च रोक्ने, वित्तीय अनुशासन कायम गर्ने, उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने,

(८) अन्तर्राष्ट्रिय श्रमबजार सङ्कुचित भई रोजगारीका अवसरहरू गुम्ने जोखिमलाई स्वदेशमै रोजगारी सिर्जना, आत्मनिर्भर अर्थतन्त्रको विकास र राष्ट्रिय क्षमता वृद्धिको अवसरमा रूपान्तरित गर्ने,

(९) भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाहमा सुधार, शान्ति सुव्यवस्थाको सुदृढीकरण र सुशासन प्रवर्द्धन गर्ने।

३७. नेपाललाई कोभिड(१९ महामारीमुक्त देश बनाउनु यस सरकारको पहिलो प्राथमिकता भएको छ। सरकारले महामारीको रोकथामका लागि अपनाउनुपर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरूको पालना गर्ने गराउनेछ।स सङ्क्रमणको परीक्षणलाई व्यापक बनाउनेछ।स औषधी, उपकरण र चिकित्सकलगायतका स्वास्थ्यकर्मीहरूको पर्याप्त व्यवस्था तथा परिचालन गर्नेछ। यस महामारीबाट नेपालभित्र कुनै पनि व्यक्तिको ज्यान जाने अवस्था आउन नदिन सरकार दृढतापूर्वक लागेको छ।

३८. सरकारले यस महामारीले मुलुकको सामाजिक(आर्थिकलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा पारेको प्रभावको अध्ययन गरिरहेको छ। यस अध्ययनको आधारमा राज्यप्रणालीको प्रभावकारिता थप वृद्धि गरी सरकारले आन्तरिक आवागमन र आपूर्ति व्यवस्था सुचारू गर्ने, स्वास्थ्य र शिक्षा सेवामा गुणात्मक सुधार गर्ने, कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्ने र विकास निर्माण कार्यलाई तीव्रता दिने कार्यक्रमहरू कार्यान्वयन गर्नेछ।

३९. कोभिड(१९ पछिको थप रणनीति र कार्ययोजना तयार गरी क्षेत्रगत विशेष कार्यक्रम सञ्चालन गरिनेछ। महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीपविकास तालिम र रोजगारी एवं आय आर्जनसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४०. महामारी अनपेक्षित रूपमा लम्बिन गएको अवस्थामा सरकारले त्यसलाई रोक्न थप प्रभावकारी कदम चाल्दै कार्यक्रमहरूको पुन:प्राथमिकीकरण र समायोजनसमेत गरी स्रोत साधन परिचालन गर्नेछ। महामारीसँग जुध्नुपरिरहेको विषम परिस्थितिमा पनि नेपाललाई समृद्ध बनाउने र सबै नेपालीलाई सुखी बनाउने राष्ट्रिय अभियानमा सरकार थप दृढताका साथ अघि बढ्नेछ।

माननीय सदस्यहरू,

४१. यस सरकारले गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ सेवामा सबै नेपालीको समतामूलक पहुँच सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्नेछ। देशभित्रै अन्तर्राष्ट्रियस्तरको शिक्षा र स्वास्थ्य उपचारको सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधारहरूको विकास गरिनेछ। शिक्षा तथा स्वास्थ्य सेवामा सरकारको भूमिकालाई थप प्रबल बनाउँदै निजी क्षेत्रलाई लगानी वृद्धिका लागि उत्प्रेरित गरिनेछ।

४२. आगामी आर्थिक वर्ष स्वास्थ्य संस्थाहरूको स्थापना एवं स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ति व्यवस्था र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रको पुन:संरचना गरिनेछ।

४३. निरोगी नेपाल निर्माण यस सरकारको मूल स्वास्थ्य नीति हो। प्रकृतिमैत्री स्वच्छ जीवनप्रणाली प्रवर्द्धन गरी नेपालीको रोग प्रतिरोधी क्षमता वृद्धि गर्न निरोधात्मक कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य सेवामा प्रतिरोधात्मक र उपचारात्मकविधि अवलम्बन गरिनेछ।

४४. मुलुकभरका ६ सय ७१ स्थानीय तहका वडाहरूमापूर्णखोप सेवा उपलब्ध वडा घोषणा गरिएको छ। आगामी वर्ष सरकारले बाँकी सबै स्थानीय तहका वडाहरूमा पूर्णखोप सेवा पुर्याउनेछ।

४५. आधारभूत स्वास्थ्य सेवा उपलब्ध नभएका स्थानीय तहका थप २ हजार ६ सय २६ वडाहरूमा पूर्वाधार निर्माण र सेवा उपलब्ध गराइएको छ। आगामी वर्ष स्थानीय तहका वडामा रहेका स्वास्थ्य संस्थाहरूको सेवाको गुणस्तर वृद्धि गरिनेछ। भूगोल र जनसङ्ख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शय्यासम्मको आधारभूत अस्पताल स्थापना र स्तरोन्नति गरिनेछ।

४६. प्रदेशस्तरमा रहेका साविकका जिल्ला अस्पतालहरूलाई २५ देखि ५० शय्याको अस्पताल र अञ्चल अस्पताललाई २ सयशय्याको जनरल अस्पतालमा स्तरोन्नति गरिनेछ।

४७. सरकारले पोखरा र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा कोसी, नारायणी, भरतपुर, भेरी र डडेल्धुरा अस्पतालबाट उपलब्ध विशिष्टीकृत स्वास्थ्य सेवाको विस्तार र स्तरोन्नति गरिरहेको छ। यी केन्द्रीय अस्पताललाई ५ सयशय्याको विशेषज्ञ अस्पतालको रूपमा विकास गरिनेछ।

४८. सरूवा रोग रोकथाम, नियन्त्रण र उपचार एवं स्वास्थ्य विपद् व्यवस्थापनको तयारी तथा प्रतिकार्य गर्न प्रयोगशाला परीक्षण सेवासहितको ३ सय शय्याको केन्द्रीय र न्यूनतम ५० शय्याको प्रदेशस्तरीय अत्याधुनिक सुविधासम्पन्न सरूवा रोग अस्पताल स्थापना गरिनेछ।

४९. गरिब तथा विपन्न वर्गलाई केन्द्रीय अस्पतालहरूबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराइनेछ।

५०. उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, मिर्गौला, कलेजो र महिलाहरूको पाठेघरसम्बन्धी रोगको रोकथाम, पहिचान, परीक्षण र उपचारका कार्यक्रमहरू देशव्यापी रूपमा थप प्रभावकारी बनाइनेछ। वडास्तरीय सेवा केन्द्रबाट ४० वर्षमाथिका नागरिकको रक्तचाप, अल्बुमिन र मधुमेह जाँच गर्ने व्यवस्था गरिनेछ।

५१. आयुर्वेदिक, युनानी, होमियोप्याथी एवंप्राकृतिक चिकित्सा प्रणालीकोविस्तारर प्रवर्द्धन गरिनेछ। आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायामसहितको जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ। स्थानीय तहका वडाहरूमा व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरू स्थापना गर्न प्रोत्साहन गरिनेछ।

५२. नेपालभरको जुनसुकै स्थानबाट तीन अङ्कको टेलिफोन नम्बरमा सम्पर्क गरी नागरिकले सहज र सरल रूपमा एम्बुलेन्स सेवा प्राप्त गर्नसक्ने एकीकृत एम्बुलेन्स सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। प्रमुख राजमार्गहरूमा ट्रमा सेवाको विस्तार गरिनेछ।

५३. त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा कलेजो प्रत्यारोपण सेवा प्रारम्भ गरिएको छ। आगामी आर्थिक वर्ष यस अस्पतालमा नेफ्रोलोजी तथा युरोलोजी केन्द्र स्थापना गरिनेछ। यी सेवालाई सबै प्रदेशमा विस्तार गर्दै लगिनेछ।

५४. कान्ति बाल अस्पताललाई बालरोगका विभिन्न विधामा उच्च शिक्षाको अध्ययन गर्नेउत्कृष्ट केन्द्रको रूपमा विकास गरिनेछ। मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर र सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा बाल मुटुरोगको पहिचान, परीक्षण र उपचार गर्नेसंस्थागत व्यवस्था गरिनेछ। परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको सेवालाई थप विशिष्टीकृत गरिनेछ।

५५. सबै मेडिकल कलेजले जिल्लास्थित कम्तीमा एक अस्पतालमा शल्य चिकित्सासहितको सेवा दिनुपर्ने र सबै स्वास्थ्य संस्थाहरूले महिनाको एक दिन स्याटेलाइट क्लिनिक सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ। केन्द्रीय अस्पतालहरूले तोकिएका स्थानमा नियमित रूपमा स्याटेलाइट अस्पताल सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

५६. सबै अस्पतालहरूबाट विपद् वा महामारीको समयमा सम्भव भएसम्म अधिकतम स्वास्थ्य सुविधा उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ।

५७. रोगको रोकथाम तथा नियन्त्रणका लागि सेन्टर फर डिजिज कन्ट्रोल स्थापना गरिनेछ। औषधी, औजार तथा उपकरणसमेतको गुणस्तर मापन तथा नियमन गर्न फुड एन्ड ड्रग एडमिनिस्ट्रेशनको स्थापना गरिनेछ। स्वास्थ्य संस्था र स्वास्थ्य सेवाहरूको गुणस्तर मापन तथा प्रमाणीकरण गर्न राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण स्थापना गरिनेछ।

५८. स्वास्थ्य क्षेत्रका आयोग, प्रतिष्ठान, काउन्सिल, अनुसन्धान केन्द्र र अस्पतालहरूलाई थप मितव्ययी, व्यवस्थित र प्रभावकारी बनाउन क्षेत्रगत एकीकृत छाता ऐन तर्जुमा गरिनेछ।

५९. अन्तर्राष्ट्रिय विमानस्थल र अन्तर्राष्ट्रिय सीमाका प्रमुख नाकाहरूमा आधुनिक हेल्थ डेस्क तथा क्वारेन्टिन गृह स्थापना गरिनेछ।

६०. स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत ५ सय ५१ स्थानीय तहका२७ लाखभन्दा बढी नागरिकको स्वास्थ्य बिमा गरिएको छ। आगामी तीन वर्षभित्रमा सबै नागरिकमा पुग्नेगरी स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गरिनेछ। स्वास्थ्य बिमा कार्यक्रममा आधारभूतबाहेकका स्वास्थ्य सेवाहरू क्रमशः समावेश गर्दै लगिनेछ।

६१. वीरेन्द्र सैनिक अस्पताललाई आपत्कालीन अवस्थामा आम घाइतेबिरामीलगायतको सबै प्रकारको स्वास्थ्य उपचार गर्नसक्ने सुविधासहित स्तरोन्नति गरिनेछ।

माननीय सदस्यहरू,

६२. सबै नेपालीलाई देशभक्त, भविष्यप्रति आशावान, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशीलर आत्मविश्वासी नागरिक बनाउने यस सरकारको शिक्षा नीति हो।राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय अवसरका आधारमा जनशक्तिको प्रक्षेपण गरी विषय क्षेत्रगत जनशक्ति उत्पादन गरिनेछ। राष्ट्रिय योग्यता प्रारूपको ढाँचा कार्यान्वयनमा ल्याइनेछ।

६३. आगामी आर्थिक वर्षमा साक्षर नेपाल घोषणा गरिनेछ।

६४. विकास निर्माण र सामाजिक सेवाका क्षेत्रमा विशेषज्ञ जनशक्तिको अभाव रहेको छ।आवश्यक जनशक्ति विकासका लागि कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, आर्टिफिसियल इन्टेलिजेन्स, सुरूङ प्रविधि तथा रक इन्जिनियरिङ, खनिज अन्वेषण, जलविद्युत, नवीकरणीय ऊर्जालगायतकाविशिष्टीकृत विधामा उच्च शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६५. विश्वविद्यालयहरूको अध्ययन अध्यापनलाई अनुसन्धानमा आधारित बनाइनेछ। विज्ञान प्रविधिसम्बन्धी उच्च शिक्षालाई अनुसन्धानमुखी बनाइनेछ। अनुसन्धानको गुणस्तर सुनिश्चित गर्ने संयन्त्र विकास गरिनेछ।

६६. स्वदेशमै विज्ञान र प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको अध्ययन, अध्यापन र अनुसन्धान गर्नसक्ने विश्वविद्यालयको रूपमामदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयस्थापना र सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माणका कार्यहरू तीव्र रूपमा अघि बढाइनेछ।

६७. त्रिभुवन विश्वविद्यालयको संरचनागत र अन्य आवश्यक सुधार गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ। विश्वविद्यालयका पाठ्यक्रमलाई समयसापेक्ष बनाइनेछ। यस विश्वविद्यालयअन्तर्गतका अनुसन्धान केन्द्रहरूलाई सुदृढ गरी विशिष्टीकृत अनुसन्धान केन्द्रको रूपमा विकास गरिनेछ।

६८. मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय र योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक तयारी पूरा गरिनेछ।

६९. "चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश अभियान सञ्चालन गरी स्नातकोत्तर युवाहरूलाई विकास निर्माण तथा शैक्षिक विकाससम्बन्धी काममा मुलुकभर परिचालन गरिनेछ।

७०. दुई वर्षको अवधिमा विद्यालय बाहिर रहेका २ लाख ७० हजार बालबालिकालाई विद्यालय भर्ना गरिएको छ।विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा हुने सुनिश्चित गरिनेछ। "बालबालिकालाईविद्यालयल्याऔं र पढाइमा टिकाऔं"कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तीमा माध्यमिक तह पूरा गर्ने व्यवस्था मिलाइनेछ।

७१. राष्ट्रपतिशैक्षिक सुधार कार्यक्रममार्फत् शिक्षण संस्थाको भौतिक पूर्वाधार तथा सिकाइसुविधामा सुधार गरिनेछ। यस कार्यक्रममा वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास तथा नवप्रवर्तन एवं बौद्धिक प्रतिभाहरूलाई प्रोत्साहन लगायतका कार्यहरू समावेश गरिनेछ। नयाँ प्रविधि र ज्ञानको विकास एवं विस्तारका लागि अनुकूल वातावरण सिर्जना गरी लगानी वृद्धि गरिनेछ।

७२. सार्वजनिक विद्यालयहरूलाईगुणस्तरीय शिक्षाको केन्द्र बनाइनेछ। सार्वजनिक विद्यालयको समग्र सुधारका लागि सार्वजनिक विद्यालय सबलीकरण दशक २०७६(८५ अभियान सञ्चालन गरिनेछ। विद्यालय तथा शिक्षण संस्थाहरूको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी सङ्ख्याको आधारमा समायोजन गरिनेछ। गुणस्तरीयशिक्षाका लागि विद्यालयमा योग्य, दक्ष र शिक्षण पेसामा प्रतिबद्ध शिक्षकको आपूर्ति, विकास र परिचालन गरिनेछ।

७३. विद्यालयस्तरमा विज्ञान शिक्षालाई प्रभावकारी र रूचिकर बनाउन वैज्ञानिक सिकाइ विधिमा जोड दिइनेछ। विज्ञान अध्ययन केन्द्रहरूको स्थापना गरिनेछ।

७४. प्राविधिक जनशक्तिको अभाव हटाउन प्राविधिक शिक्षा विस्तार गरिनेछ। नेपालभर ६ सय ७ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरिएको छ। आगामी तीन वर्षभित्रमा सबै सामुदायिक विद्यालय तथा प्राविधिक शिक्षालयलाई पूर्वाधारसम्पन्न शिक्षण संस्थाका रूपमा विकास गरिनेछ।

७५. विद्यालय तहको पाठ्यक्रममा नेपालको गौरव, संस्कृति, सभ्यता र मूल्य मान्यता, राष्ट्रिय एकताको सम्वर्द्धन एवं नागरिकको कर्तव्यबोधका विषयहरू समेत समावेश गरिनेछ।

७६. पाँच वर्षमुनिका बालबालिकाको सर्वाङ्गीण विकासका लागि स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

७७. विद्युतीय शिक्षण सामग्री उत्पादन गरी अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। सबै सार्वजनिक माध्यमिक विद्यालय र क्याम्पसमा सूचना प्रविधि प्रयोगशाला र उच्चगतिको इन्टरनेट सुविधा पुर्याइनेछ।

७८. राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति, २०७६ को समयानुकूल परिमार्जन गर्दै कार्यान्वयन गरिनेछ।

माननीय सदस्यहरू,

७९. दक्ष श्रमिक, कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस सरकारको प्रमुख श्रम नीति हुनेछ।स्वस्थ नागरिक, गुण र प्रविधिमा आधारित शिक्षा, उत्पादनमैत्री वित्तीय प्रणाली र उद्यमशील वातावरण रोजगारीका आधारस्तम्भ हुन्। यी आधारस्तम्भहरूको विकास र सदुपयोग गरेर सरकारले व्यापक रोजगारीका अवसर सिर्जना गर्नेछ।

८०. पर्याप्त आन्तरिक रोजगारी भई नसकेको अवस्थामा कोभिड(१९ को विश्वव्यापी महामारीले स्वदेशको रोजगारी सङ्कुचित हुने र वैदेशिक रोजगारीमा रहेका नेपालीहरू फर्किने सम्भावित परिस्थितिले बेरोजगारको सङ्ख्या बढ्ने जोखिम देखिएकोछ।बेरोजगारहरूको सम्भावित पङ्क्तिलाई व्यावसायिक कृषि, बृहत् भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, निर्माणर सेवा क्षेत्रमा परिचालन गरिनेछ।

८१. सीपयुक्त र दक्ष श्रमिकहरूको अभावलाई सम्बोधन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र श्रम तथा सीप विकाससम्बन्धी सबै निकायका कार्यक्रमहरूलाई एकीकृत रूपमा परिचालन गरिनेछ। आवश्यकताअनुसार सबै स्थानीय तहमा छोटो अवधिका घुम्ती तालिम सञ्चालन गरिनेछ।

८२. नवप्रवर्तनकारीयुवा तथा अन्यउद्यमी र वैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशील युवाहरूलाई उद्यम व्यवसाय सुरू गर्न सुरूवाती पुँजीउपलब्ध गराइनेछ।उद्यम व्यवसाय गर्न क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच र बजारीकरणका कार्यक्रमसँग आबद्ध गराइनेछ। यसका लागि हाल सञ्चालित कार्यक्रमहरूलाई पुन:संरचना गरी सबै प्रदेशमा विस्तार गरिनेछ।

८३. शिक्षित बेरोजगार युवाहरूलाई शैक्षिक प्रमाणपत्रको आधारमा प्रोजेक्टमा आधारितसुरूवातीपुँजी उपलब्ध गराई भरसक निजको शिक्षासँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न प्रोजेक्ट निर्माणमा समेत सहयोग गरी उत्प्रेरित गरिनेछ।

८४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसम्बन्धी अन्य कार्यक्रमहरूसँग आबद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्नेबेरोजगार लक्षित अभियानको रूपमा कार्यान्वयन गरिनेछ।

८५. सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना र रोजगार व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याइएको छ। यस प्रणालीलाई थप विकसित गर्दै श्रमबजारमा रहेका श्रमिकहरूको सीप र क्षमताको उपयोग गर्न सहज हुने गरी उनीहरूको व्यक्तिगत विवरण रहेको श्रम सूचना बैङ्क स्थापना गरिनेछ। स्थानीय रोजगार सेवा केन्द्रले रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरूका बीच सम्पर्क स्थापित गरी रोजगारी प्राप्तिमा सहयोग गर्नेछ।

८६. रोजगारदाता र श्रमिक संगठनबीचअसल श्रम सम्बन्ध विकास गरिनेछ। श्रम निरीक्षण प्रणालीमार्फत् श्रम अडिटलाई थप व्यवस्थित गरिनेछ। सबै प्रकृतिका श्रम शोषण अन्त्य गरिनेछ।

८७. सबै नेपालीको जीवन सुरक्षित, मर्यादित तथा गुणस्तरीय बनाउनका लागि सरकारका विभिन्न तह र निकायबाट सञ्चालित सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूलाई एकीकृत रूपमा कार्यान्वयनमा ल्याइनेछ।

८८. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई दिगो बनाइनेछ। अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगार र वैदेशिक रोजगारमा गएका श्रमिकलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरिनेछ।

८९. आफ्नो हेरचाह आफैं गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका र लोपोन्मुख जातिका नागरिकहरूको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ।

९०. देशमा विद्यमान गरिबीको स्थिति मापन गरी गरिबी अन्त्यका लागि सरकारले रोजगारीको व्यवस्था र आय आर्जनका लक्षित कार्यक्रमहरू सञ्चालन गर्नेछ। अब नेपालमा गरिबीको कारणले "कोही भोकै पर्दैन, भोकले कोही मर्दैन"। योसरकारको प्रतिबद्धता हो।

९१. विभिन्न कार्यक्रम तथा आयोजनाहरूमार्फत् समुदायस्तरका समूहहरूलाई उपलब्ध गराएको पुँजी रकम र समूहहरूले गरेको बचत रकमको लगत स्थानीय तहबाट अद्यावधिक गरी सो रकम रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमूलक कार्यमा परिचालन गरिनेछ।

माननीय सदस्यहरू,

९२. यस सरकारले गरेका नीतिगत र प्रक्रियागत सुधारका कारण नेपालमा व्यवसाय गर्ने वातावरणमाउल्लेख्यसुधार आएको छ। आगामी वर्ष ठूला पूर्वाधारलगायतका उत्पादनशील क्षेत्रका परियोजनाहरूमा थप विदेशी लगानी आकर्षित गरिनेछ।

९३. भौतिक पूर्वाधार निर्माणको गतिलाई तीव्रता दिन, उत्पादन र उत्पादकत्व वृद्धि गर्न र सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउनका लागि राष्ट्रिय आय र बचत वृद्धि गरी लगानीको आधार सबल बनाइनेछ। आन्तरिक राजस्वलाई सार्वजनिक स्रोतको प्रमुख आधार बनाइनेछ। सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी उत्पादनमूलक र उच्च प्रतिफलयुक्त कार्यक्रम तथा आयोजनामा केन्द्रित गरिनेछ।

९४. आयोजना व्यवस्थापनलाई सुदृढ बनाई विकास आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ।हाल सञ्चालनमा रहेका कार्यक्रम तथा आयोजनाहरूको आवश्यकताअनुसार पुन:संरचना तथा पुन:प्राथमिकीकरण गरिनेछ।

९५. सरकारी क्षेत्रबाट हुने पुँजीगत खर्चको गुणस्तरीयता कायम गरी पुँजी तथा सम्पत्ति निर्माण गरिनेछ। फजुल र अनुत्पादक खर्चलाई कटौती गरी चालु खर्चमामितव्ययिता कायम गरिनेछ।

९६. व्यावसायिक पुनरूत्थानका कार्यक्रम सञ्चालन गरी उत्पादन प्रणालीलाई सबल बनाइनेछ। उत्पादन संरचना तथा आपूर्ति प्रणाली सुदृढ गर्ने गरी तुलनात्मक लाभका क्षेत्रको पहिचान र प्रवर्द्धन गरिनेछ।उपलब्ध प्राकृतिक स्रोत, साधन र जनसाङ्ख्यिक लाभलाई उत्पादनमूलक क्षेत्रमा सदुपयोग गरिनेछ। ९७. अन्तर(सरकारी वित्तीय हस्तान्तरणलाई उत्पादन, रोजगारी र नतिजासँग आबद्ध गरिनेछ। नेपाल सरकारबाट राष्ट्रियस्तरमा सञ्चालित कार्यक्रमसँग नबाझिने र दोहोरो नपर्ने गरी प्रदेश र स्थानीय तहबाट विकास निर्माण र सेवाप्रवाहका कार्यहरू सञ्चालन गरिनेछ।

माननीय सदस्यहरू,

९८. वर्तमान सरकारले अघि सारेको सदुपयोगको सिद्धान्तअन्तर्गत नेपालको सबै खाली जमिनलाई खेर जान नदिने र कृषियोग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्यमबाट ठूलो परिमाणमा कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ। सरकारले रासायनिक मल, उन्नत बिउको आपूर्ति तथा वितरण र सिँचाइ क्षेत्रको विस्तार गरेको छ। यस अवधिमा धान, गहुँ, मकै, तरकारी, आलुलगायतका कृषि उपजको उत्पादन वृद्धि भई खाद्य सुरक्षाको स्थितिमा सुधार आएको छ।

९९. आगामी आर्थिक वर्षमा सरकारले कृषि क्षेत्रमा थप आधुनिकीकरण, यान्त्रीकरण र विशिष्टीकरण गरी उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिनेछ।"स्वदेशी वस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं" अभियान सञ्चालन गरिनेछ। कृषिवस्तुको प्रशोधन उद्योग स्थापना गरी प्रशोधित खाद्यवस्तु निर्यात गर्ने नीति लिइनेछ।

१००. सरकारले कृषि तथा कृषिजन्य उद्यम व्यवसायलाई रोजगारीको मुख्य क्षेत्रको रूपमा विकास गर्नेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई पुन:संरचना गरी कृषि क्षेत्रको रूपान्तरणको प्रमुख कार्यक्रमको रूपमा नेपालभर विस्तार गरिनेछ। यस परियोजनामार्फत् राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताको आधारमा उत्पादकत्व अभिवृद्धि गर्दै ठूलो परिमाणमा एक स्थानमा एउटै बालीको खेती गरी कृषिवस्तुको उत्पादन वृद्धि गरिनेछ, जसबाट कृषि उपजको बजार र निर्यातको सम्भावना बढ्नेछ। कृषि उत्पादनसँग सम्बन्धित अन्य कार्यक्रमहरू यस परियोजनासँग दोहोरो नपर्ने गरी कार्यान्वयन गरिनेछ।

१०१. कृषि उत्पादन, प्रशोधन र बेचबिखनका सम्बन्धमा नेपाल सरकारबाट उपलब्ध गराइने सहुलियत र प्राविधिक सेवारटेवाको प्रबन्ध गर्न हरेक किसानलाई स्थानीय तहमार्फत् सूचीकरण गर्ने कार्यको थालनी गरिनेछ।

१०२. नेपाल कृषि अनुसन्धान परिषद्लाई समयानुकूल सुधार गरी परिणाममुखी बनाइनेछ। हाइब्रिड जातका बालीवस्तुको विकास गर्न विशेष ध्यान दिइनेछ। कृषि अनुसन्धानसम्बन्धीविद्यमान संरचनाहरूलाई स्तरोन्नति गरी सबै प्रदेशमा एग्रीकल्चर तथा लाइभस्टक एक्सलेन्स सेन्टरको विकास गरिनेछ। यी सेन्टरबाटकृषकहरूलाई सहभागी गराई कृषि र पशुपालनको व्यावहारिक अनुसन्धान र कृषि प्रविधिको प्रयोगसम्बन्धी सीप हस्तान्तरणसँगै उत्पादन गर्ने व्यवस्था मिलाइनेछ।

१०३. स्थानीय मौलिक खाद्यान्न, फलफूल, तरकारी बालीहरू, पशुपन्छीपालन तथा मत्स्यपालनको पञ्जीकरण, उत्पादकत्व र बहुउपयोगका बारेमा अनुसन्धान तथा प्रवर्द्धन गरिनेछ।

१०४. कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेसा तथा उत्पादनशील व्यवसायको रूपमा विकास गरिनेछ। महिला सहकारी समूहहरू तथाअर्ध बेरोजगारर वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि व्यवसायमाआकर्षित गरिनेछ।

१०५. सरकारले कृषि उत्पादनका लागि आवश्यक सडक, विद्युत, सिँचाइ, शीत भण्डार, सङ्कलन तथा बिक्री केन्द्रजस्ता पूर्वाधारको विकास गर्नेछ।

१०६. वास्तविक कृषकलाई सरल ढङ्गले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ। कृषकहरूलाई अनुदानित बिउ तथा मल र नवीनतम प्रविधि समयमै उपलब्ध हुने व्यवस्था मिलाइनेछ। एउटा प्रयोजनको लागि एकै तह वा निकायबाट मात्र अनुदान उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

क्रमशः पृष्ठ ५ मा

# सरकारको...

१०७. प्राकृतिक वरदानका रूपमा रहेका भूधरातल, जलवायु र जैविक विविधताको अधिकतम उपयोग गरी पोषक र औषधीय गुण भएका उच्च मूल्यका कृषि वस्तुको व्यावसायिक उत्पादन गर्न कृषकहरूलाई प्रोत्साहन गरिनेछ।

१०८. यस सरकारले भूमि उपयोगविहीन रहने स्थितिको अन्त्य गर्ने नीति लिएको छ। सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गका किनारा, नदी उकास र उपयोगविहीन सार्वजनिक सरकारी जमिनमा फलफूल र अन्य बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ। निजी बाँझो जग्गा, खेतबारीका कान्ला र आलीमा समेत दलहन, तरकारी, फलफूल र अन्य बिरुवा लगाउन आम कृषकलाई अभिप्रेरित गरिनेछ। सहरी क्षेत्रमा करेसाबारी, कौसी र गमला खेती प्रवर्द्धन गरिनेछ।

१०९. अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ। अर्गानिक कृषि वस्तुहरूको प्रमाणीकरण र ब्राण्ड प्रवर्द्धन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गरिनेछ। कपास, रेसम, उन र अन्य विभिन्न प्रकारका धागो र रेसाको उत्पादन, प्रशोधन र प्रयोगको श्रृङ्खला विकास गरी व्यावसायिक उत्पादन र बजार व्यवस्थाका लागि सहजीकरण गरिनेछ।

११०. कृषियोग्य भूमिको नियमित माटो परीक्षण गरिनेछ। माटो परीक्षण प्रयोगशाला विस्तार गरिनेछ। कृषकहरूलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकूल खेती गर्न एवंउचित मात्रामा मल, बिउ र बिषादिको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ। प्राविधिकहरू कृषकको खेत, बारी, गोठ तथा फार्ममै पुगी कृषि तथा पशुपन्छी पालनसम्बन्धी प्राविधिक सेवा दिनुपर्ने व्यवस्था मिलाइनेछ।

१११. कृषकले लागतका आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणको प्रबन्ध गरिनेछ। बाली लगाउनुपूर्व नै प्रमुख खाद्यान्न बालीहरूको न्यूनतम समर्थन मूल्य तोकिनेछ। यसरी कृषकको बचत सुनिश्चित गरिनेछ।

११२. मुलुक कुखुराको अण्डामा आत्मनिर्भर भइसकेको छ। दूध, मासु र माछाको उत्पादनमा आत्मनिर्भरता नजिक पुगेको छ। उत्पादनको बजारीकरणमा सुधार आएको छ। दुग्ध प्रशोधन क्षमतामा वृद्धि भएको छ, आवश्यकताअनुरूप अझ वृद्धि गरिनेछ।दुग्ध उत्पादनका अन्य क्षेत्रहरूको समेत प्रयोग गर्नेगरी नयाँ कारखानाहरूको स्थापना गरिनेछ।

११३. नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी उन्नत नश्लकोव्यावसायिक पशुपन्छी पालनका लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ। पोषणयुक्त पशु आहाराको उत्पादन र प्रवर्द्धन गरिनेछ। पशुपालनका लागि घाँसखेती गरिनेछ, बृहत् चरिचरण विकास गरिनेछ। हिमाली क्षेत्रमा चौरी, भेडा तथा च्याङ्ग्रा, पहाड र तराईमा गाई, भैंसी, बाख्रा, बङ्गुर तथा कुखुरापालन गरी दूध, मासु, अण्डा र उनको उत्पादन बढाइनेछ।

११४. पशुजन्य उत्पादनको गुणस्तर नियन्त्रण तथा नियमन गरी बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ। पशु रोगविरुद्ध खोप कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ। पशुबाट सर्ने रोगहरूको निदान, रोकथामर नियन्त्रण गर्न क्वारेन्टिन र प्रयोगशाला सेवाको सुदृढीकरण र विस्तार गरिनेछ।

११५. कृषि शिक्षाबाट हासिल गरेको ज्ञान र सीपलाई कृषि कार्य र उत्पादन वृद्धिमा सदुपयोग गर्न प्रोत्साहित गरिनेछ। शिक्षण तथा तालिमप्रदायक संस्थाहरूसँग समन्वय गरी पाठ्यक्रमको अङ्गका रूपमा वा स्वयंसेवकको रूपमा समेत प्राविधिक जनशक्ति परिचालन गरिनेछ।

११६. सबै प्रदेश र स्थानीय तहमा खाद्य बचत घरको व्यवस्था गरी खाद्यवस्तु भण्डारण गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा स्थानीय तहमाबिउ, नश्ल, औजार, प्रविधि, उत्पादन, भण्डारण, प्रारम्भिक प्रशोधन र बजारीकरणकोइकाईको विकास गरिनेछ। कृषि उपजको मूल्य श्रृङ्खलामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।एकीकृत व्यवस्थापन सूचना प्रणाली विकास गरी सङ्घ, प्रदेश र स्थानीय तहको कृषि तथ्याङ्कअद्यावधिक गरिनेछ।

११७. खाद्य पदार्थको गुणस्तर र नियमनलाई थप प्रभावकारी बनाइनेछ। खाद्य स्वच्छता प्रवर्द्धनका लागि कानुनी व्यवस्था गरिनेछ।

११८. जलवायु परिवर्तन, रोगको प्रकोप एवं प्राकृतिक विपद्बाटकृषिक्षेत्रमाआउनसक्ने जोखिम न्यूनीकरण गरिनेछ। पशुपन्छी तथा बाली बिमाको विस्तार र जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरी लगानी सुरक्षण गरिनेछ।

११९. भूमि, पुँजी र प्रविधिकोसंयोजनमार्फत्कृषि भूमिको सदुपयोग गरी कृषिको व्यावसायिक उत्पादन बढाउन भूमि बैङ्कको स्थापना गरिनेछ।भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी करार तथा व्यावसायिक खेती, सहकारी खेती र सामूहिक खेती गर्न वा समुदायको समन्वयमा एकै प्रकारको बाली लगाउन उत्प्रेरित गरिनेछ। स्थानीय तहमार्फत् बाँझो रहेको सार्वजनिक जग्गामा करार खेती गर्न प्रोत्साहन गरिनेछ। यस्ता खेती प्रणालीको प्रवर्द्धन गरेर सरकारले एकैसाथ उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नेछ।

१२०. स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ। उद्देश्य र कार्यक्षेत्रको विश्लेषणका आधारमा सहकारी संस्थाहरूलाई एकआपसमा गाभिन प्रोत्साहन गरिनेछ।

माननीय सदस्यहरू,

१२१. यस सरकारले वनको सुरक्षा, व्यापक वृक्षारोपण र वन विविधिकरणको बाटोबाट वातावरणीय जोखिम न्यून गरी वनको बहुउपयोग गर्ने नीति लिएको छ। दुई वर्षको अवधिमा वनमा आधारित १ हजार ८ सय २९ साना तथा घरेलु उद्योगहरू स्थापना भएका छन्।काठको आन्तरिक उत्पादनमा वृद्धि भई काठको आयात २० प्रतिशतले घटेको छ। वन व्यवस्थापनमा समुदायको भूमिकामा वृद्धि भई ४० प्रतिशत राष्ट्रिय वन समुदायद्वारा व्यवस्थापन भइरहेको छ।

१२२. वन र जैविक विविधता संरक्षण र विकासलाई सरकारले उच्च महत्त्व दिएको छ। दुई वर्षको अवधिमा करिब ४ करोड बिरूवा उत्पादन गरी कृषकहरूलाई समेत वितरण गरिएको छ। सरकारीस्तरबाट करिब ७ हजार हेक्टर जमिनमा वृक्षारोपण गरिएको छ, ५० लाख फलफूलका बिरूवा रोपिएकोछ।

१२३. आगामी वर्ष सरकारले भूधरातल तथा जलवायु अनुकूल वृक्षारोपण, वन विकास र वनको बहुउपयोग गर्ने गरी वन क्षेत्रका कार्यक्रमहरू सञ्चालन गर्नेछ। जमिनको बहुउपयोग, आय आर्जन तथा जीविकोपार्जन सुधार र वातावरणसंरक्षणमा योगदान पुग्ने गरी कृषि वनको विस्तार गरिनेछ।सबै प्रदेशमा कम्तीमा एक नमुना कृषि वन विकास कार्यक्रम कार्यान्वयन गरिनेछ।

१२४. वनलाई प्राकृतिक वन, आरक्षित वा संरक्षित वन, सामुदायिक वन, लगाइएका सार्वजनिक वन, निजी वन र कृषि वनलगायतका क्षेत्रहरूमा विभक्त गरी दिगो वैज्ञानिक वन व्यवस्थापन र वनजन्य उद्यम विकास गर्न समृद्धिकोलागि वनकार्यक्रम कार्यान्वयन गरिनेछ। वनजन्य उद्योग विकास तथा प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गरी निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ।

१२५. राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरूले प्रयोग गरेका वनक्षेत्रको क्षतिपूर्तिस्वरूप सार्वजनिक पर्ती जग्गा, झाडी बुट्यान क्षेत्र र वन नभएका स्थानीय तहमा जग्गाको उपलब्धता र उपयुक्तताअनुसार उपयोगी वृक्ष रोपिनेछ।

१२६. उच्च हिमाल, पहाड, खोंच, समथर भूभागलगायत देशका विभिन्न भागमा सम्भाव्य जडीबुटीको व्यावसायिक खेतीगर्न प्रोत्साहन गरिनेछ। सबै प्रदेशहरूमा जडीबुटी प्रशोधनउद्योगका पूर्वाधार विकास गरिनेछ। नेपाली जडीबुटीको विशिष्ट ब्राण्डिङ गरी निर्यातसमेत गरिनेछ।

१२७. राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, राराताल, फेवाताललगायत रामसारमा सूचीकृत तालहरू एवं वनस्पति उद्यानको संरक्षण, विकास र प्रवर्द्धन गरिनेछ।

१२८. पर्या पर्यटन प्रवर्द्धन, संरक्षण शिक्षा, वैज्ञानिक अनुसन्धान र वनस्पतिको पर(स्थानीय संरक्षणका लागि बृहत् वनस्पति उद्यानको स्थापना र विकास गरिनेछ।

१२९. सरकारले चुरे क्षेत्रको अनुचित दोहन पूर्ण रूपमा रोक्नेछ।संरक्षणमा संलग्न निकायहरूको अनुभवसमेत उपयोग गरी चुरे क्षेत्रको संरक्षण र सम्वर्द्धनका कार्यहरू समन्वयात्मक, प्रभावकारी र दिगोरूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।आगामी आर्थिक वर्षराष्ट्रपति चुरे क्षेत्र संरक्षण कार्यक्रमको नीतिगत, कानुनी र संस्थागत सुधारसहित पुन:संरचना गरिनेछ।

१३०. देशभर २९ स्थानमा वायु प्रदूषण मापन केन्द्र स्थापना गरिएको छ। आगामी वर्ष मुख्य सहरहरूमा वायु ध्वनि, जल प्रदूषण नियन्त्रणको क्षेत्रगत कार्ययोजना तथा मापदण्ड कार्यान्वयन गरिनेछ। विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील व्यवस्थापनकाकार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश तथा स्थानीय तहमा नमुना जलवायु परिवर्तन अनुकूलन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१३१. पानीको मुख्य स्रोतको रूपमा रहेको हिमालय संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। हिमताल र हिमनदीको संरक्षण गरी जलउत्पन्न प्रकोप नियन्त्रण र नदी प्रणालीलगायत जलस्रोतको संरक्षण गरिनेछ। हिमालको सरसफाइ कार्यलाई निरन्तरता दिइनेछ।

१३२. जैविक विविधताको संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ। वातावरण र विकासबीच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

१३३. सरकारले“स्वच्छ नेपाल“ अभियान सञ्चालन गर्नेछ। प्रदेश र स्थानीय तहको सहभागितामा काठमाडौं उपत्यका, महानगरहरू र प्रदेश राजधानीहरूलाई हरित सहरमा रूपान्तरण गर्न सहरी वृक्षारोपणलाई व्यापक बनाइनेछ। फोहरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गरिनेछ।राजमार्गको निश्चित दूरीमा खानेपानी, शौचालय र अन्य सुविधासहितको सेवा केन्द्र सञ्चालन गर्नप्रोत्साहन गरिनेछ।

१३४. जग्गा नापजाँचका बाँकी कार्यहरू सम्पन्न गरिनेछ। भू(उपयोगसम्बन्धी कानुनबमोजिम जग्गा वर्गीकरण गर्ने कार्यलाई तीव्रता दिइनेछ। भूमिको वर्गीकरणका आधारमा भूमि उपयोग गर्नेनीतिगत र कानुनी व्यवस्थाकोप्रभावकारी कार्यान्वयन गरिनेछ। कृषियोग्य भूमिको संरक्षणका लागि “सम्पूर्ण जग्गाको वर्गीकरण: कृषियोग्य जग्गाको संरक्षण“ अभियान सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्षभित्र सबै स्थानीय तहको भू(उपयोग नक्सा तथा डाटाबेस तयार गरिनेछ।

१३५. परम्परागत जग्गा प्रशासनलाई आधुनिक डिजिटल प्रणालीमा रूपान्तरण गर्ने सरकारको अठोट रहेको छ।देशभरका १ सय ८ मालपोत कार्यालयहरूबाट सूचना प्रविधिमा आधारित घरजग्गा रजिस्ट्रेशनको काम सुरू भएको छ। आगामी आर्थिकवर्ष सबै मालपोत कार्यालयबाट सम्पूर्ण सेवा अनलाइन प्रणालीमार्फत् प्रवाह हुने व्यवस्था मिलाइनेछ।

१३६. सरकारले २८ हजार मुक्त कमैया पुनस्स्थापना गरेको छ। भूमिसम्बन्धी समस्या समाधान आयोगलेकार्य प्रारम्भ गरेको छ। आगामी तीन वर्षभित्र सुकुम्बासी एवंअव्यवस्थित बसोबासी समस्याको समाधान गरिनेछ।

१३७. सरकारी, सार्वजनिक र गुठी जग्गामा रहेको अतिक्रमण हटाई संरक्षण र उपयोग गर्न प्रदेश, स्थानीय तह र समुदायको समन्वयमा “समुदायको सक्रियता र जागरण: सरकारी, सार्वजनिक, गुठी जग्गाको संरक्षण“ अभियान सञ्चालन गरिनेछ।

माननीय सदस्यहरू,

१३८. सरकारले “उद्यमशीलता, रोजगारी र उत्पादन वृद्धि: हुन्छ नेपालको समृद्धि“कोनीति लिनेछ।उपलब्ध स्रोत, साधन, पुँजी, सीप एवं प्रविधिको अधिकतम उपयोगबाटऔद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३९. उच्च उत्पादकत्व भएका, देशलाई आत्मनिर्भर बनाउन योगदान पुर्‍याउने र निर्यातमूलक उद्योगहरूलाई संरक्षण र सहुलियत प्रदान गरिनेछ। औद्योगिक ग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकासका लागि सरकारी लगानी बढाइनेछ। स्थानीय श्रम, सीप, स्रोत तथा साधन प्रयोग गरी एकीकृत रूपमा उद्योग व्यवसायको विकास गर्न ४५ स्थानीय तहहरूमा औद्योगिक ग्राम स्थापना गर्ने कार्य प्रारम्भ भइसकेको छ। स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा औद्योगिक ग्राम विस्तार गरिनेछ।

१४०. झापाको दमक, सर्लाहीको मूर्तिया, मकवानपुरको मयुरधाप, चितवनको शक्तिखोर, रूपन्देहीको मोतीपुर, बाँकेको नौबस्ता, कैलालीको लम्कीर कञ्चनपुरको दैजीमा औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ। दुवै छिमेकी मित्रराष्ट्रहरूको सहकार्यमा अन्तरदेशीय आर्थिक क्षेत्र स्थापनाको कार्य अगाडि बढाइनेछ।

१४१. सरकारी स्वामित्वमा रहेका बन्द तथा रूग्ण उद्योग एवं संस्थानहरूलाई निजी क्षेत्रसमेतको सहभागितामा उपयुक्त व्यवस्थापन, विधि र प्रक्रियाबाट अधिकतम क्षमतामा पुनस् सञ्चालन गरिनेछ।

१४२. खाद्य, कृषि तथा वनजन्य वस्तुहरूको प्रशोधन, जनजीवनलाई सुचारू गर्न नभई नहुने वस्तु, औषधी र स्वास्थ्य सामग्री एवं स्वदेशी कच्चापदार्थ प्रयोग गरी उत्पादन गर्ने उद्योगहरूको स्थापना र विस्तारका लागि विशेष प्रोत्साहन गरिनेछ।

१४३. उत्पादकत्व वृद्धि, औद्योगिक जनशक्तिको उत्पादन, सीप तथा क्षमता विकास र औद्योगिक व्यवसाय प्रवर्द्धनका लागि राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र र औद्योगिक व्यवसाय विकासप्रतिष्ठानको पुन:संरचना गरी एकीकृत संस्थाको रूपमा सञ्चालन गरिनेछ। यस संस्थाले विश्वविद्यालयहरूसँग समेत सहकार्य गरी उत्पादकत्व तथा उद्यमशीलतासम्बन्धीअध्ययन, अध्यापन, अनुसन्धान, सीपमूलक तालिम सञ्चालनएवं ज्ञानमा आधारित व्यवसाय प्रवर्द्धन गर्नेछ।

१४४. प्रदेश र स्थानीय तहसँगको समन्वयमा स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रूपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरूलाई अभियानको रूपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ।

१४५. एकल बिन्दु सेवा केन्द्रले स्वदेशी तथा विदेशी लगानीकर्तालाई आवश्यक सबै सेवाहरू एकै थलोबाट उपलब्ध गराउन सुरू गरेको छ। यस केन्द्रलाई आवश्यक अधिकार उपलब्ध गराइनेछ। यस केन्द्रको कार्यप्रणालीलाई पूर्णतस् सूचना प्रविधिमा आधारित गराइनेछ।

१४६. कम्पनी प्रशासनको कार्य प्रक्रियालाई विकेन्द्रित, सूचना प्रविधिमा आधारित स्वचालित बनाईकम्पनी दर्ता, नवीकरण वा खारेजी प्रक्रिया सहज र छिटोछरितो बनाइनेछ।

१४७. गुणस्तर निर्धारण गर्ने संस्थागत क्षमता वृद्धि गरी नेपाली उत्पादन र आयातित वस्तु र सेवाको गुणस्तर निर्धारण गरिनेछ। नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गर्ने कार्य विस्तार गरिनेछ।

१४८. सरकारलेदेशभित्र रहेका खानीस्थलहरूको अध्ययन र अन्वेषण कार्य अघि बढाएको छ।नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा धौबादी फलाम कम्पनी स्थापना भएको छ। व्यावसायिक फलाम उत्पादनका लागि फलामको परीक्षण कार्य सम्पन्न भएको छ। आगामी आर्थिक वर्षमा आवश्यक पूर्वाधार निर्माण तथा मेसिनरी जडान गरी धौबादी फलाम कम्पनीबाट उत्पादन सुरूगरिनेछ।

१४९. दैलेखलगायत दश स्थानमा पेट्रोलियम अन्वेषण कार्य प्रारम्भ भएको छ। आगामी वर्ष दैलेखमा पेट्रोलियम तथा बैतडी र बझाङमा फस्फोराइटको अन्वेषण कार्य सम्पन्न गरिनेछ। बहुमूल्य, किमती र अर्ध किमती पत्थर प्रशोधन गरी निर्यात गर्न प्रोत्साहन गरिनेछ। वातावरणीय क्षति नहुने गरी खानीजन्य निर्माण सामग्री उत्पादन गर्ने उद्योग सञ्चालनमा ल्याइनेछ।

१५०. द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रहरूको उपयोग गरी अन्तर्राष्ट्रिय व्यापार वृद्धि गरिनेछ। निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिई अति कम विकसित मुलुकको हैसियतमा प्राप्त सौविध्यपूर्ण सुविधाको अधिकतम उपयोग गरिनेछ।

१५१. नेपाल(भारत पारवहन तथा वाणिज्य सन्धिको समग्र पुनरावलोकन गरी नेपाली वस्तुको निर्यातलाई सहज बनाइनेछ। बङ्गलादेश र भुटानसँग सौविध्यपूर्ण व्यापार सम्झौता गरिनेछ। मित्रराष्ट्र चीनसँगको पारवहन सुविधाको उपयोग गरी चिनियाँ बन्दरगाहहरूबाट तेस्रो मुलुकसँगको व्यापार विस्तार गरिनेछ।

१५२. व्यापार पूर्वाधारको विकास र विस्तार गरी अन्तर्राष्ट्रिय व्यापार लागत कम गरिनेछ। आगामी आर्थिक वर्ष नेपालगञ्जमा एकीकृत जाँच चौकी निर्माणसुरू गरिनेछ। आगामी वर्ष कैलालीको हरैयामा व्यापार विशेष क्षेत्र र कञ्चनपुरको दोधारा(चाँदनीस्थित कञ्जभोगमा सुख्खा बन्दरगाह निर्माणको प्रारम्भिक कार्य सुरू गरिनेछ। हुम्लाको यारी, मुस्ताङको कोराला, संखुवासभाको किमाथाङ्का तथा ताप्लेजुङको ओलाङचुङगोलामा व्यापार पूर्वाधारको सम्भाव्यता अध्ययन र विकास गरिनेछ।

१५३. चीनका चारवटा सामुद्रिक र तीनवटा स्थल बन्दरगाह नेपालको अन्तर्राष्ट्रिय व्यापारका लागि उपलब्ध भएका छन्। आगामी वर्ष बन्दरगाह सञ्चालन र व्यवस्थापनसम्बन्धी आवश्यक कानुनी व्यवस्था गरिनेछ। काठमाडौंको चोभारमा निर्माणाधीन सुख्खा बन्दरगाह दुई वर्षभित्र सञ्चालनमा ल्याइनेछ। रसुवाको टिमुरेमा यसै बर्ष निर्माण सुरू भएको सुख्खा बन्दरगाहको निर्माण कार्य एक वर्षभित्र सम्पन्न गरिनेछ।

१५४. प्राकृतिक स्रोतमा आधारित निकासीजन्य वस्तुहरू पानी, ढुङ्गा, काठलगायतको निकासी सम्भावनाको अध्ययन गरी सम्भाव्य बजारको खोजी गरिनेछ। निर्यात लागत कम गर्न निर्यात गृह स्थापना गर्नुका साथै एउटै वस्तु उत्पादन गर्ने उत्पादकहरूको समूह बनाई सामूहिक ट्रेडमार्कको प्रयोग गरिनेछ। निर्यात प्रवर्द्धन र व्यापार विस्तारका लागि समग्र व्यापार क्षेत्रको गुरूयोजना तयार गरिनेछ।

१५५. सङ्घ, प्रदेश र स्थानीय तीनै तहको सक्रियता र समन्वयमा बजार अनुगमन गरिनेछ। उपभोक्ता हित विपरीत क्रियाकलापमा संलग्न हुने जोकोहीलाई कारबाहीको दायरामा ल्याइनेछ।

१५६. व्यापारिक फर्मका अभिलेखहरूलाई सूचना प्रविधिमा आधारित बनाइनेछ। निकासी पैठारी सङ्केतलाई वस्तुपरक र सरल बनाइनेछ।

१५७. आपूर्ति प्रणालीमा सुधार एवं भण्डारण क्षमतामा वृद्धि गरिनेछ। सङ्घअन्तर्गत १ लाख मेट्रिक टन र प्रत्येक प्रदेशमा कम्तीमा ३० हजार मेट्रिक टन खाद्यान्न मौज्दात राख्ने गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड रसाल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडको भण्डारण क्षमता बढाइनेछ।

१५८. आन्तरिक वितरण प्रणालीलाई सुदृढ गर्न र आपूर्ति व्यवस्थामा पर्ने आकस्मिक अवरोधलाई सम्बोधन गर्न प्रदेश, जिल्ला र स्थानीय तहसम्म खाद्यान्नको उत्पादन, आपूर्ति र भण्डारणको अद्यावधिक प्रतिवेदन प्राप्त गर्ने प्रणाली विकास गरिनेछ।

१५९. उपभोग्य खाद्यवस्तुको आन्तरिक वितरण प्रणालीमा सुदृढीकरण र खाद्य उपभोग प्रवृत्तिमा परिवर्तन गरी खाद्यान्नको आयात प्रतिस्थापन गरिनेछ। कृषि उत्पादनको बजार सुनिश्चित गर्न निजी क्षेत्रसमेतको सहभागितामा सार्वजनिक गोदामहरू निर्माण गरी खाद्यान्नबैङ्कको रूपमा विकास गरिनेछ।

१६०. भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएको छ। यसबाट पेट्रोलियम पदार्थको ढुवानी सहज भई लागत कम हुनुका साथै वातावरणीय स्वच्छता प्रवर्द्धन गर्न सहयोग पुगेको छ।

१६१. अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार गरिनेछ। भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइनको अध्ययन सम्पन्न गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ। चितवन, झापा र सर्लाहीमा पेट्रोलियम पदार्थ भण्डारण गृहको निर्माण कार्य प्रारम्भ गरिनेछ।झापा र धनुषामा ग्याँस बोटलिङ प्लान्ट निर्माण कार्य अगाडि बढाइनेछ।

माननीय सदस्यहरू,

१६२. लगातार दुई वर्ष पर्यटक आगमन सङ्ख्या ११ लाख नाघेको छ। सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सुरू गरिएको नेपाल भ्रमण वर्ष कोभिड( १९ का कारण स्थगित गर्न बाध्य हुनुपरेको छ।

१६३. यस सरकारले पर्यटन क्षेत्रमा कोभिड(१९ ले पारेको प्रभाव र बाह्य कारणसमेतले पार्ने प्रभावको अध्ययन गरी पुनरूत्थानलगायतदिगो पर्यटनका कार्यक्रम कार्यान्वयन गर्नेछ।

१६४. चालिस वर्षपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग पुनर्निर्माण गरिएको छ। आगामी वर्ष यस विमानस्थललाई पूर्णत: बुटिक विमानस्थलमा रूपान्तरण गरिनेछ।

१६५. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलआगामी आर्थिक वर्षदेखि सञ्चालनमाल्याइनेछ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी सञ्चालनको पूर्व तयारी गरिनेछ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यप्रारम्भ गरिनेछ।

१६६. थप आठवटा आन्तरिक विमानस्थलको धावनमार्ग कालोपत्रे गरिएको छ। हालसम्म आठवटा विमानस्थलबाट रात्रीकालीन उडान तथा अवतरण सुरू भएको छ। आगामी आर्थिक वर्ष थप दुईवटा आन्तरिक विमानस्थलको निर्माण सम्पन्न गरिनेछ, तीनवटा विमानस्थलको धावनमार्ग कालोपत्रे गरिनेछ।तेह्रथुमको चुह्नानडाँडा र काभ्रेमलाञ्चोकको उपयुक्त स्थानमा आन्तरिक विमानस्थल निर्माण कार्य अघि बढाइनेछ।

१६७. सम्भाव्य पहाडी र हिमाली क्षेत्रमा अत्याधुनिक सुविधासहितका हिल स्टेशन र पर्यटकीय सेवा सुविधा भएका होटल तथा रिसोर्टका पूर्वाधार विकास गर्न प्रोत्साहित गरिनेछ। पर्यटकीय होटेल तथा रिसोर्टहरूसँग अग्रा सम्बन्ध विकास गर्नेगरी स्थानीयस्तरमा अर्गानिक कृषि उत्पादनका ठूला फार्म सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ।

१६८. हवाई उड्डयन क्षेत्रमा नियामक र सेवाप्रदायक कार्यका लागि छुट्टाछुट्टै संस्थागत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ।

१६९. लुम्बिनीमा निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलकोनिर्माण सम्पन्न गरी सञ्चालन गरिनेछ। लुम्बिनी क्षेत्र विस्तार गर्न बृहत्तर लुम्बिनी अवधारणा कार्यान्वयनमा ल्याइनेछ। रामग्राम गुरूयोजना कार्यान्वयन गरिनेछ। तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने प्रक्रिया अघि बढाइनेछ।

१७०. नेपालको भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण र सम्वर्द्धन गरिनेछ। प्रतिलिपि अधिकार प्रत्याभूत गरिनेछ।

माननीय सदस्यहरू,

१७१. कुल ९१ प्रतिशत नेपालीलाई आधारभूतस्तरको खानेपानी सुविधा पुर्‍याइएको छ। आकस्मिक र विपद्का अवस्थामा तथा ग्रामीण बस्तीहरूमा खानेपानी सेवा पुर्‍याउन सातै प्रदेशमा वाटर एम्बुलेन्स सञ्चालनमा ल्याइएको छ, यो सेवालाई थप विस्तार गरिनेछ।

१७२. आगामी आर्थिक वर्षमा ९४ प्रतिशत जनसङ्ख्यालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध गराइनेछ। आगामी तीन वर्षभित्र सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा सबै घरमा खानेपानी सुविधा पुर्‍याइनेछ।

१७३. मेलम्चीखानेपानी आयोजनाबाटछिट्टै काठमाडौंमा पानी ल्याउने गरी कार्यान्वयनलाई तीव्रता दिइएको छ। आगामी आर्थिक वर्षभित्र यस आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिनेछ। याङ्ग्री र लार्के खोलाबाट थप पानी उपलब्ध हुने गरी आयोजनाको दोस्रो चरणको निर्माण कार्यसुरू गरिनेछ।

१७४. शुद्ध खानेपानीको आपूर्तिलाई दिगो बनाउन महाकाली, कर्णाली, बबई र कोसीलगायतका नदीमा आधारित थोक वितरण प्रणाली तथा जलाशययुक्त खानेपानी आयोजनाको विस्तृत अध्ययन गरी कार्यान्वयन गरिनेछ।

१७५. तराईमधेश क्षेत्रका २० जिल्लामा ४ सय ११ किलोमिटर ढल निर्माण भएको छ। सरसफाइका लागि चेतनामूलक कार्यक्रमका साथै विशेष कार्यक्रमहरू सञ्चालन गरिएका छन्। स्थानीय तह र प्रदेश सरकारको सहभागितामा सरसफाइसम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिनेछ। मुख्य मुख्य सहरहरू र सहर उन्मुख क्षेत्रहरूमा ढल निर्माण र फोहर प्रशोधन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

माननीय सदस्यहरू,

१७६. यस सरकारलेभौतिक पूर्वाधारको विकासलाई उच्च प्राथमिकता दिएको छ। नागरिकको जीवनयापनलाई सहज बनाउने, कृषि, उद्योगलगायतका उत्पादन क्षेत्रका लागि आधार निर्माण गर्ने, रोजगारी प्रवर्द्धन गर्नेर उच्च आर्थिक वृद्धिमा योगदान पुर्‍याउने गरी सडक, ऊर्जा, सिँचाइ र सहरी पूर्वाधारहरूको विकास गरिनेछ।

१७७. अत्यावश्यक पूर्वाधारको अभाव रहेका स्थानहरूमा नयाँ पूर्वाधार निर्माण गरिनेछ। विद्यमान पूर्वाधारहरूको क्षमता विस्तार, गुणस्तर सुधार, स्तरवृद्धिएवं समयानुकूल मर्मतसम्भार गरिनेछ। राष्ट्रिय महत्त्वका पूर्वाधारहरू अन्तर्राष्ट्रिय गुणस्तरबमोजिम निर्माण गरिनेछ। सडक दुर्घटना न्यून गर्न राष्ट्रिय राजमार्ग निर्माण तथा स्तरोन्नति गर्दा सडक सुरक्षा परीक्षण गरी सडक सुरक्षा र सौन्दर्यका आधारभूत पूर्वाधारहरू निर्माण गरिनेछ।

१७८. यस सरकारले कार्यभार सम्हालेपछि ३ हजार ६ सय ६३ किलोमिटर सडक कालोपत्रे भएको छ। देशभर घ सय द्छ सडक पुल निर्माण भएका छन्। आगामी आर्थिक वर्षमा ३ सय सडक पुलको निर्माण सम्पन्न गरिनेछ। सडक कालोपत्रे गर्ने कार्यलाई तीव्रता दिइनेछ।

१७९. मदन भण्डारी राजमार्गलाई पाँच वर्षभित्र सम्पन्न गर्ने गरी आगामी आर्थिक वर्ष १ सय ५५ किलोमिटर सडक कालोपत्रे गर्नुका साथै झापा(धरान खण्डमा पुल तथा सडक निर्माण कार्य थालिनेछ।

१८०. पूर्वपश्चिम राजमार्गअन्तर्गतको नारायणघाट(बुटवल खण्डलाई चार लेनमा विस्तार गर्नेकार्य सुरू भएको छ। पूर्व पश्चिम राजमार्गको सम्पूर्ण खण्डलाई चार लेनको द्रुतमार्गको रूपमा विकास गरिनेछ। यस राजमार्गको नारायणघाट( बुटवल खण्ड र कमला(कञ्चनपुर खण्डको विस्तार कार्य तीन वर्षभित्र सम्पन्न गरिनेछ।

१८१. काठमाडौं(तराई मधेश द्रुतमार्ग निर्माण कार्य अघि बढेको छ। यो द्रुतमार्गको निर्माण आगामी तीन वर्षमा सम्पन्न गरिनेछ। आगामी आर्थिक वर्षमा यस सडकमा पर्नेजटिल प्रकृतिका पुल तथा सुरूङ निर्माण कार्य प्रारम्भ गरिनेछ।

१८२. तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित आगामी आर्थिक वर्षमा मध्यपहाडी पुष्पलाल लोकमार्गको ३ सय किलोमिटर, हुलाकी राजमार्गको २ सय ५० किलोमिटर र उत्तर दक्षिण लोकमार्गअन्तर्गतको कालीगण्डकी कोरिडोरको ९० किलोमिटर सडक कालोपत्रे गरिनेछ। कोसी र कर्णाली कोरिडोर सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गरी स्तरोन्नति थालिनेछ।

१८३. नागढुङ्गा सुरूङ मार्गको निर्माण कार्य प्रारम्भ भएको छ।नागढुङ्गा(नौबिसे सडक खण्डको २.६८ किलोमिटरमध्ये १ किलोमिटर सुरूङ निर्माण कार्य सम्पन्न गरिनेछ। सिद्धार्थराजमार्गको बुटवल( पाल्पाखण्डकोसिद्धबाबाक्षेत्रमासुरूङ निर्माणप्रारम्भगरिनेछ। बेत्रावती(स्याफ्रुबेशी, टोखा(छहरे(गुर्जे भञ्ज्याङ, खुटिया( दिपायललगायतका सुरूङ निर्माण कार्य अगाडि बढाइनेछ।

१८४. गल्छी(त्रिशुली(मैलुङ सडकखण्डको स्तरोन्नतिसम्पन्नगरी मैलुङ(स्याफ्रुबेशी(रसुवागढी सडक खण्डको स्तरोन्नति कार्य सुरू गरिनेछ।

१८५. यसै आर्थिक वर्षभित्रभारतको जयनगरदेखि बिजलपुरासम्म रेल सञ्चालन हुने गरी काम भइरहेको छ। पूर्व(पश्चिम विद्युतीय रेलमार्ग निर्माणसम्बन्धीविस्तृत आयोजना प्रतिवेदन तयार भएको छ। काठमाडौं(पोखरा( लुम्बिनी, काठमाडौं मेट्रो, भारतीय सीमाबाट नेपालका महत्त्वपूर्ण औद्योगिक तथा व्यापारिक क्षेत्र जोड्ने तथाचीन र भारतबाट काठमाडौं जोड्ने रेलमार्ग निर्माण कार्यको प्रारम्भिक अध्ययन सम्पन्नभएको छ।

१८६. आगामी आर्थिक वर्षमा रसुवागढी(काठमाडौंरेलमार्ग रवीरगञ्ज(काठमाडौंरेलमार्ग निर्माणको प्रारम्भिक कार्य सुरू गरिनेछ। पूर्व पश्चिमविद्युतीय रेलमार्ग आयोजनाको पूर्वतयारीका कार्य सम्पन्न गरी काकडभिट्टा(

क्रमश: पृष्ठ ६ मा

## मधेश अपडेट

### कपिलवस्तु जिल्ला रेड जोनमा

कपिलवस्तु। कपिलवस्तुमा कोरोना संक्रमित हुनेको संख्या ४३ पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस विज्ञप्तिअनुसार यो जिल्लामा ३ नयाँ संक्रमित थपिएका हुन्। जिल्लामा देखिएका नयाँ तीन संक्रमित शिवराज नगरपालिका ८ विशनपुर का ३४ र ४४ वर्षीय दुई पुरूष र वडा नं ११ थुन्हियाका २५ वर्षीय एक पुरूष रहेको प्रमुख जिल्ला अधिकारी दीर्घनारायण पौडेलले जानकारी दिए। गत बैशाख २५, २६ र २७ गते उनीहरू भारत लुकिछिपी नेपाल आएका थिए। पुष्टि भएका तीन जना शिवराज ३ सुपादेउराली क्वारेन्टिनबाट कोरोना अस्पाताल बेलझुन्डी दाङ लैजाने तयारी भइरहेको प्रजिअ पौडेलले बताए। वैशाख २९ गते शिवराज नगरपालिकाको क्वारेन्टाइनमा रहेका ६६ जनाको स्वाब संकलन गरिएको शिवराज स्वास्थ्य शाखा संयोजक चूडामणि भट्टराईले जानकारी दिए। शिवराज ३ खरेन्द्रपुर सुपादेउराली क्वारेन्टिन र वडा नं ९ प्रकाश माध्यमिक विद्यालय सुन्दरी डाड क्वारेन्टाइनमा अहिले ३३८ जना छन्।

### पूर्वमन्त्री महासेठद्वारा स्वास्थ्य सामग्री प्रदान

जनकपुरधाम। पूर्वमन्त्री तथा धनुषा निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य रघुवीर महासेठले कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा रोकथामका लागि स्थानीय तहहरूलाई स्वास्थ्य सामग्रीहरू प्रदान गरेका छन्। कोरोना भाइरसको उच्च जोखिममा रहेका प्रदेश २ लाई मध्यनजर गर्दै आफ्नो निर्वाचन क्षेत्र सहित धनुषाका विभिन्न क्षेत्रहरूको स्थानीय सरकारलाई प्याकेजमै सुरक्षा सामग्री वितरण गरेका छन्। पूर्वमन्त्री महासेठले ७० थान थर्मल गण र १५ हजार सर्जिकल मास्क स्थानिय तहहरूलाइ हस्तान्तरण गरेका छन्। नेकपा स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री महासेठले मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, क्षिरेश्वरनाथ नगरपालिका, लक्ष्मिनिया गाउँपालिका, मिथिला बिहारी नगरपालिका, धनौजी, मुखियापट्टि र नगराईन नगरपालिकामा स्वास्थ्य सामग्री वितरण गरेका छन्। नपामा पर्ने प्रत्येक वाडामा एक एक वटा थर्मल गन र १५ हजार सर्जिकल मास्क वितरणका लागि जनप्रतिनिधिहरूलाई हस्तान्तरण गरेका छन्। कोभिडन-१९ बाट जोगाउनका लागि पूर्वमन्त्री महासेठले सो स्वास्थ्य सामग्रीहरू वितरण गरेका हुन्। स्वास्थ्य सामग्री वितरणका लागि प्रतिनिधिसभा सदस्य जुली महतोको सहभागिता रहेको रहेको महतोका स्वकीय सचिव संजीत मण्डलले जानकारी दिएका छन्।

### गरीबलाई खाद्यान्न, धनीलाई धानको बिउ

रौतहट। कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणका लागि जारी गरिएको लकडाउन लम्बिँदै गएको कारण मारमा परेका नगरवासीका लागि रौतहटको मौलापुर नगरपालिकाले दोस्रो चरणको राहत वितरण गरिरहेको छ। कोही पनि नछुट्ने गरि नगरभरका सबै नागरिकका लागि नगरपालिकाले राहत कार्यक्रम सुरू गरेको छ। तर सबैले पाउने राहतको स्वरूप एकै किसिमको छैन। नगरपालिकाले गरीब, असहाय र ज्यालादारीमा आश्रित गरिबका लागि खाद्यान्न तथा धनी घरपरिवारका लागि धानको बिउ वितरण गरिरहेको छ। कोरोना भाइरसको संक्रमण रोक्न सरकारले मुलुकमा 'लकडाउन' लागू गरेसंगै देशैभरका नागरिक घरभित्रै बस्न बाध्य भएपछि मर्कामा परेका आफ्ना नगरवासीका लागि मौलापुरमा 'धनीलाई धानको बीउ, गरीबलाई राहत, सम्पूर्ण नगरवासीलाई नगरप्रमुखको साथ' कार्यक्रम संचालन गरिएको छ। दोस्रो चरणको राहत कार्यक्रम अन्तर्गत गरीब परिवारलाई २० किलो चामल, २ किलो दाल र १ किलो नुन लगायतको राहत सामग्री वितरण गरिदैछ भने धनी परिवारलाई खेतीका लागि ३५ किलो उन्नत धानको बिउ वितरण गरिदैछ। मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साहले पहिलो चरणमा वितरण गरिएको राहत सामाग्री सकिसकेको हुनाले नगरवासीलाई अप्ठ्यारो परेको र किसानहरूले धानबाली लगाउने बेला रहेकोले उक्त कार्यक्रम संचालन गरिएको बताइन्। प्रदेश नम्बर २ मै एक मात्र महिला स्थानीय तह प्रमुख रहेकी मेयर साहले पहिलो चरणझै दोस्रो चरणमा पनि सामाजिक दुरी कायम गरेर सबै वडामा वितरण भइरहेको जानकारी दिइन्। यसअघि पनि नगरपालिकाले सम्पूर्ण ज्यालादारीमा आश्रित, असहाय र गरीब घरपरिवारका लागि घोषणा गरिएको राहतअन्तर्गत हरेक परिवारलाई २० किलो चामल, ४ किलो दाल र नगद ५ सय रूपैयाँलगायतको सामग्री प्रदान गरेको थियो। अन्य स्थानीय तहहरू नागरिकलाई वेवास्ता गरेको आलोचना भइरहेको अवस्था मौलापुर नगरपालिकाको यो कदम सराहनीय रहेको भन्दै प्रसंशा भइरहेको छ। नगरवासीप्रति जिम्मेवार भइ सरकारको कदमलाई सघाउने मौलापुर नगरपालिकाले गरेको कार्य उदाहरणीय छ।

### कोरोना नियन्त्रणमा प्रशासन गम्भीर भएन

नेपालगन्ज। विश्वभर फैलिँदै गएको कोभिड-१९ को सङ्क्रमण नेपालमा समेत देखिए पश्चात्को विषम् परिस्थितिमा सोको नियन्त्रणका लागि बाँके प्रशासनले चालेका पछिल्ला कदमहरू फित्लो बनेको तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स) ले निष्कर्ष निकालेको छ। बाँकेमा निर्माण गरिएका क्वारेन्टाइनहरू व्यवस्थित नरहेको र स्वास्थ्यकर्मीहरूलार्इ आवश्यक सुरक्षा सामग्रीहरू प्रदान नगर्दा बाँकेको नरैनापुरमा एक जना युवकको ज्यान गएको थर्ड एलायन्सले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। थर्ड एलायन्सका प्रमुख आलम खानले, नेपालको संविधानमा स्वास्थ्यको अधिकारलाई मौलिक हकको रूपमा उल्लेख गरिएको सन्दर्भमा वर्तमान जटिल परिस्थितिमा नागरिकहरूको स्वास्थ्यप्रति जिम्मेवार हुनु सरकारको प्रमुख दायित्व हुन आउँछ। तर बाँकेमा रहेका क्वारेन्टाईनहरू अव्यवस्थित रहेका कारण क्वारेन्टाईनमा बसेकाहरूको स्वास्थ्य अवस्था चिन्ता जनक रहेको बताए। मानव अधिकारको विश्वव्यापी मान्यताअनुसार सबै मानव अधिकार अन्तरसम्बन्धित र समान महत्वको हुने हुँदा जीवनको अधिकार सुरक्षित र सुनिश्चित गर्ने सन्दर्भमा स्वास्थ्यको अधिकारका साथै नागरिकका अन्य आधारभूत अधिकारहरूको समेत सम्मान र परिपूर्ति हुन आवश्यक छ।

### क्वारेन्टाइनमा बसेका युवकको मृत्यु

बाँके। नरैनापुर गाउँपालिकाको क्वारेन्टाइनमा बसेका एक युवकको मृत्यु भएको छ। नरैनापुरको दीपेन्द्र मावि भोजभगवानपुरको क्वारेन्टाइनमा बसेका २४ वर्षीय युवकको आइतबार बिहान मृत्यु भएको हो। नरैनापुर-५ नयाँ बस्तीका ती युवक बैशाख ३० गते भारतबाट आएपछि क्वारेन्टाइनमा बसेका थिए। उनलाई वाकवाकी लागेको थियो। क्वारेन्टाइनमा उपचार नपाई युवकको मृत्यु भएको भन्दै स्थानीय बासिन्दाले विरोध जनाएका छन्। उनलाई अस्पताल लैजान स्थानीयले एम्बुलेन्सलाई खबर गरे पनि पीपीई नभएका कारण चालकले नेपालगञ्ज लैजान नमानेको स्थानीयले जानकारी दिएका छन्। मृतक युवकको मेडिकल रिपोर्ट आएपछि मात्रै मृत्युको कारण बताउन सकिने बाँकेका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बताए। युवकको मृत्युको जानकारीपछि स्वास्थ्यकर्मीको टोली क्वारेन्टाइनमा पठाइसकिएको प्रजिअ खड्काले बताए।

### रौतहटमा १० जना संक्रमित भेटिए

रौतहट। रौतहट जिल्लामा १० जना कोरोनाको नयाँ विरामी फेला परेका छन्। योसँगै संक्रमितको संख्या २९१ पुगेको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आज निकालेको विज्ञप्तिअनुसार रौतहटको राजपुर न.पा. फरहदवा-९ निवासी १८ वर्षदेखि ४८ वर्ष उमेर समूहका ७ जना र रौतहटकै इशनाथ न.पा.-३ निवासी २८, ३० र ३३ वर्षका ३ जनामा संक्रमण पुष्टि भएको हो। यी सबै संक्रमित भारतबाट आएका नेपाली मजदुरहरू छन्। शुक्रबार उनीहरूको स्वाब संकलन गरेर परीक्षणका लागि पठाइएको थियो। उनीहरू सम्बन्धित पालिकाको क्वारेन्टाइनमै रहेको रौतहटका प्रहरी प्रमुख रविराज खड्काले जानकारी दिए। यससँगै रौतहटमा संक्रमितको संख्या १३ पुगेको छ। यसअघि इशनाथ, गुजरा र वृन्दावन नगरपालिकामा एक-एक जना संक्रमित भेटिएका थिए।

### १९८ भारतीय नागरिकलाई पठाइयो

बीरगञ्ज। वीरगन्जमा करिब ५० दिनदेखि रोकिएका १ सय ९८ भारतीयलाई भारतीय सरकारको जिम्मा लगाएर पठाइएको छ। वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा चैत दोश्रो सातादेखि राखिएका ९८ र वीरगन्जस्थित आफन्तको घरमा बसेका सय जनासहित १ सय ९८ जनालाई भारत सरकारको जिम्मा लगाइएको हो। वीरगन्जस्थित एकीकृत भन्सार जाँच चौकी आइसीपी नाकामा भारतीय अधिकारीहरूको जिम्मा लगाएर उनीहरूलाई पठाइएको पर्साका सशस्त्र प्रहरी उपरीक्षक दिपेन्द्र कुवँरले जानकारी दिए। उनीहरूलाइ लिन भारतबाट ७ वटा बस आएका थिए। सोही बसमा चढेर भारतीयहरू घर फर्किएका छन्। वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासका दूत नितेशकुमारको रोहबरमा भारत बिहारको पूर्वी चम्पारण जिल्लाका डिएम सर्वत अशोक कपिलसमक्ष उनीहरूलाई जिम्मा लगाएर पठाइएको कुवँरले जानकारी दिए। भारतीयहरूलाई फर्काउने क्रममा पर्साका प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्की, प्रहरी उपरिक्षक गंगा पन्त पनि उपस्थिती रहेका थिए।

# सरकारको...

इनरूवाखण्डकोनिर्माणप्रारम्भगरिनेछ।

१८७. सार्वजनिक यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, सुरक्षित र लागतप्रभावी बनाइनेछ। विद्युतीय यातायात प्रणालीलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक यातायात प्राधिकरण स्थापना गरी यातायात प्रणालीको व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाइनेछ।

१८८. नेपालको आफ्नै ध्वजाबाहक पानीजहाज भारतको आन्तरिक जलमार्गबाट समुद्रसम्म जानसक्ने गरी तयारी गरिएको छ। आगामी आर्थिक वर्षदेखि यस जलमार्गको प्रयोग गरी अन्तर्राष्ट्रिय व्यापारका लागि नेपाली पानीजहाज सञ्चालन गर्न कानुनी व्यवस्था गरिनेछ।

१८९. भारतीय आन्तरिक जलमार्गसँग जोडिने गरी कोसी, गण्डकी र कर्णाली जलमार्ग विकास गरिनेछ। गण्डकी नदीलाई भारतीय आन्तरिक जलमार्गसँग जोड्ने र उपयुक्त स्थानमा टर्मिनल निर्माणको अध्ययन सुरू गरीतीन वर्षभित्र गण्डकी नदीमा जलयातायात सञ्चालन गरिनेछ।

१९०. स्थानीय पूर्वाधार निर्माणको गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेश राजधानीसँग स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यलाई तीव्रता दिइनेछ।

माननीय सदस्यहरू,

१९१. यस सरकारले सङ्घीय संसद भवनको निर्माण सुरूगरेको छ। यस भवनको निर्माण कार्य आगामी तीन वर्षमा सम्पन्न हुनेछ। ललितपुरको गोदावरीमा ३ हजार र रूपन्देहीको बुटवलमा १ हजार २ सय व्यक्ति क्षमताको अन्तर्राष्ट्रिय सभाहल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। आगामी आर्थिक वर्ष यी सभाहलहरू सञ्चालनमा आउनेछन्। भक्तपुरको सानोठिमीमा ५ हजार क्षमताको स्थायी आधुनिक सभाहल निर्माण कार्य प्रारम्भ गरिनेछ।

१९२. पूर्वाधार विकास र सेवाप्रवाहका लागि कठिन, छरिएर रहेका र भौगोलिक दृष्टिले असुरक्षित, अपायक एवंजोखिमयुक्त स्थानमानेपाली बस्ती रहनु हुँदैन, राखिने छैन भन्ने सरकारको नीति हो। यस्ता बस्तीलाई शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीका अवसरसहितको एकीकृत आधुनिक सुरक्षित बस्ती विकास गरी स्थानान्तरण गर्ने कार्यलाई तीव्रता दिइनेछ।

१९३. अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाति, समुदाय र सहरी गरिबका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउन सुरक्षित नागरिक आवास कार्यक्रमलाई सबै जिल्लामा विस्तार गरिनेछ।तीन वर्षभित्र देशभरका सबै निजी घरहरूका फुसका छाना जस्तापाताले प्रतिस्थापन गरिनेछ।

१९४. काठमाडौं उपत्यकाभित्र चार वटा आधुनिक उपसहर विकास गर्ने कार्य सुरू गरिनेछ। उपत्यकासँग जोडिएका उपयुक्त स्थानमाप्राथमिकताका साथ व्यवस्थित सहरीकरणको पूर्वाधार निर्माण गरिनेछ।

१९५. सहरी सेवा सुविधालाई एकीकृत तथा व्यवस्थित गर्ने गरी सहरी सडक निर्माण गरिनेछ।

१९६. नेपाल राष्ट्रको निर्माण तथा लोकतान्त्रिक आन्दोलनमा योगदान गर्ने राष्ट्रिय व्यक्तित्वहरू र जीवन आहुति गर्नुहुने सहिदहरूको व्यक्तिगत विवरण खुल्ने अभिलेख, वृत्तचित्र र सङ्ग्रहालयसहितको राष्ट्रियस्तरको वृहत् सहिद पार्क निर्माणको तयारी प्रारम्भ गरिनेछ।

१९७. भूकम्पबाट क्षतिग्रस्त ४ लाख ९५ हजार निजी आवासको निर्माण कार्य सम्पन्न भएको छ। क्षतिग्रस्त ७ सय ५३ पुरातात्विक सम्पदामध्ये ४ सय २ को पुनर्निर्माण सम्पन्न भएको छ। ऐतिहासिक सम्पदाहरू धरहरा र रानीपोखरीको पुनर्निर्माण कार्य क्रमश: ४० र ७०प्रतिशत सम्पन्न भएको छ।पुनर्निर्माणको बाँकी सबै कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

१९८. आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी निर्माण सामग्रीको सहज आपूर्तिका लागि सम्भाव्य र उपयुक्त उत्पादन केन्द्र तोकिनेछ। नदी कटान र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नदीजन्य निर्माण सामग्रीको सहज आपूर्ति हुने व्यवस्था मिलाइनेछ।

माननीय सदस्यहरू,

१९९. उज्यालो नेपाल निर्माणको हाम्रो प्रयासले सार्थकता पाएको छ। यस सरकारलेनेपाललाई लोडसेडिडमुक्त गरेको छ। राष्ट्रिय विद्युत प्रणालीको जडित क्षमता १ हजार ३ सय ८६ मेगावाट पुगेको छ। आगामी आर्थिक वर्षमाविद्युत जडित क्षमता ३ हजार मेगावाट पुर्‍याइनेछ।

२००. दुई वर्षको अवधिमा थप ८ लाख ५२ हजार घरधुरीमा विद्युत सेवा पुर्‍याइएको छ।आगामी वर्ष वागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नम्बर दुई र पाँचमा तथा दुई वर्षभित्र प्रदेश नम्बर एक, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पूर्ण विद्युतीकरण गरिनेछ। राष्ट्रिय प्रसारण तथा वितरण प्रणाली नपुगेका हिमाली तथा उच्च पहाडी क्षेत्रमा २ सयवटा सौर्य मिनी ग्रीड सञ्चालन गरी विद्युतीकरण गरिनेछ।

२०१. एकीकृत जलस्रोत नीति तयार गरी जलस्रोतको योजनाबद्ध एवं बहुआयामिक उपयोग गरिनेछ। जलविद्युतउत्पादन वृद्धि, ऊर्जा सम्मिश्रण, ऊर्जा दक्षता वृद्धिरऊर्जाव्यापारकोमाध्यमबाटऊर्जासुरक्षाकायमगरिनेछ।

२०२. दुई वर्षको अवधिमा विद्युत चुहावट ७.६ प्रतिशत बिन्दुले घटेको छ। प्रतिव्यक्ति ऊर्जा खपत १ सय १० किलोवाट प्रतिघण्टाबाट २ सय ६० किलोवाट प्रतिघण्टा पुगेको छ। आगामी आर्थिक वर्षको अन्त्यमा प्रतिव्यक्ति विद्युत खपत ३ सय ५० किलोवाट प्रतिघण्टा पुर्‍याइनेछ।

२०३. आगामी आर्थिक वर्षभित्र माथिल्लो तामाकोसी जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरिनेछ। बाह्य स्रोतसमेत जुटाईबुढीगण्डकी तथा पश्चिम सेती जलविद्युत आयोजनाहरू अगाडि बढाइनेछ।

२०४. "नेपालको पानी जनताको लगानी"अन्तर्गतमाथिल्लो अरूण, तामाकोसी(५, फुकोट कर्णाली र जगदुल्ला जलविद्युत आयोजनाको अध्ययन सम्पन्न गरी निर्माण प्रारम्भ गरिनेछ।

२०५. तमोर र माडी जलाशययुक्त जलविद्युत आयोजनाको अध्ययन सम्पन्न गरी सार्वजनिक(निजी साझेदारीमा निर्माण कार्य अघि बढाइनेछ। दूधकोसी जलाशययुक्त आयोजनाको निर्माण प्रारम्भ गरिनेछ।

२०६. पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदनलाई अन्तिम रूप दिई आयोजना विकास कार्य अघि बढाइनेछ।

२०७. आन्तरिक र अन्तरदेशीयविद्युतप्रसारण लाइनकोसुदृढीकरण,विस्तार एवंस्तरोन्नति गरीविद्युत वितरणप्रणालीलाईप्रभावकारी र भरपर्दो बनाइनेछ।

२०८. नेपालभर ६६ के.भी.भन्दा बढी क्षमताको ४ हजार २ सय ५१ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण भएको छ। आगामी आर्थिक वर्षमा यस्तो प्रसारण लाइनको लम्बाइ ५ हजार ७ सय ३० सर्किट किलोमिटर पुर्‍याइनेछ।

२०९. निर्माणाधीन ६६ के.भी.भन्दा उच्च भोल्टेजका हेटौंडा(ढल्केबर(इनरूवा, हेटौडा(भरतपुर(बर्दघाट, कालीगण्डकी कोरिडोर, मर्स्याङ्दी कोरिडोर विद्युत प्रसारण लाइनहरूको निर्माण कार्यमा तीव्रता दिइनेछ।

२१०. बुटवल(कोहलपुर, भेरी कोरिडोर, कोसी कोरिडोर प्रसारण लाइनहरूको अध्ययन सम्पन्न गरी निर्माण सुरू गरिनेछ।न्यू बुटवल(गोरखपुर दोस्रोअन्तरदेशीयविद्युतप्रसारण लाइनको निर्माण कार्य अघि बढाइनेछ।

२११. लप्सीफेदी(रातमाटे(हेटौंडा र लप्सीफेदी(रातमाटे(दमौली(बुटवल ४ सय के.भी. प्रसारण लाइन निर्माण कार्य अघि बढाइनेछ।

२१२. सिँचाइ र कृषिका लागि आवश्यक विद्युत प्राथमिकताका साथ उपलब्ध गराउने गरी विद्युत सेवा विस्तार गरिनेछ।

२१३. मित्रराष्ट्र भारत र बङ्गलादेशको विद्युत बजारमा पहुँच स्थापित गरी विद्युत व्यापार गर्ने व्यवस्था मिलाइनेछ।

२१४. विद्युतीय सवारी साधनको प्रयोगलाई देशव्यापी बनाउन प्रमुख राजमार्गहरूमा चार्जिङ स्टेसनहरू स्थापना गरिनेछ।

२१५. सिक्टा सिँचाइ आयोजनाको पश्चिम मूल नहर सञ्चालन गरिनेछ। रानीजमरा कुलरिया सिँचाइ आयोजनाको शाखा नहर र विद्युत गृहको निर्माण सम्पन्न गरी १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउनुका साथै ४.७ मेगावाट विद्युत उत्पादन सुरू गरिनेछ।

२१६. भेरी-बबई डाइभर्सन आयोजनाको हेडवर्क्स तथा विद्युत गृह निर्माण अघि बढाइनेछ। बबई सिँचाइ आयोजनाको पश्चिम मूल तथा शाखा नहरहरूको विस्तार गरी थप ठ हजार छ सय हेक्टरमा सिँचाइ सेवाको विस्तार गरिनेछ। महाकाली सिँचाइ आयोजना (तेस्रो चरण) र प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजनाको मूल नहर विस्तारको कार्य अघि बढाइनेछ।

२१७. प्रदेश नम्बर दुईको १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी आगामी आर्थिक वर्षमा सुनकोसी(मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरूङ तथा हेडवर्क्सको निर्माण कार्य सुरू गरिनेछ।

२१८. एकीकृत ऊर्जा तथा सिँचाइ कार्यक्रममार्फत् सौर्य ऊर्जासमेतको प्रयोग गरी पहाडी तथा हिमाली क्षेत्रका कृषियोग्य जमिनमा सिँचाइसुविधा उपलब्ध गराइनेछ।तराई मधेशका कृषियोग्य पकेट क्षेत्रमा सतह तथा भूमिगत जल सिँचाइको संयोजनात्मक उपयोग गरी समृद्ध तराई मधेश विशेष कार्यक्रममार्फत् आगामी आर्थिक वर्ष थप १८हजार ५ सय हेक्टरमा सिँचाइ सुविधा विस्तार गरिनेछ।

२१९. तमोर(चिसाङ, माडी(दाङ, कालीगण्डकी(तिनाउ डाइभर्सन आयोजनाको अध्ययन सम्पन्न गरी सम्भाव्यता तथा प्राथमिकताका आधारमा कार्यान्वयन अघि बढाइनेछ।

२२०. नदी नियन्त्रणका लागि १ हजार ७० किलोमिटर तटबन्ध निर्माण गरिएको छ। आगामी वर्ष मानव बस्ती, कृषियोग्य जमिन र अन्य स्रोत सम्पदालाई क्षति हुनबाट बचाउन कोसी, कमला, नारायणी र कर्णाली नदी नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।नदी नियन्त्रणमा स्थानीय सामग्रीको प्रयोग गरी जैविक प्रविधि अवलम्बन गरिनेछ।

२२१. त्रियुगा नदी नियन्त्रण कार्य अगाडि बढाइनेछ। नदी उकासबाट प्राप्त जमिनमा कृषि उत्पादन वृद्धि गर्नुका साथै रोजगारीका अवसर सिर्जना गरिनेछ।

२२२. मौसम तथा बाढीसम्बन्धी पूर्व सूचनालाई समयमै सम्प्रेषण गरी विपद्‌बाट हुनसक्ने जनधन तथा पूर्वाधारहरूमा हुने क्षतिको जोखिमलाई न्यून गर्न आगामी वर्ष थप दुई स्थानमा मौसमी राडार सञ्चालन गरिनेछ।

२२३. द्विपक्षीय संयन्त्रहरूलाई प्रभावकारी बनाई सीमा क्षेत्रमा हुने कटान र डुबानको समस्यालाई दिगो रूपमा समाधानगरिनेछ। समस्याग्रस्त स्थलहरूको संयुक्त अनुगमन तथा निरीक्षण कार्यलाई नियमित र प्रभावकारी बनाइनेछ।

माननीय सदस्यहरू,

२२४. राज्यप्रणाली र सेवा प्रवाहका कार्यहरूमा अत्याधुनिक प्रविधि प्रयोग गरी सुशासनसहितको डिजिटल नेपाल निर्माण गर्ने यस सरकारको प्रतिबद्धता हो। यसका लागि सरकारलेडिजिटल नेपाल फ्रेमवर्क, २०७६ कार्यान्वयनमा ल्याएको छ। डिजिटल प्रविधिको उपयोगबाट सेवाप्रवाह, उत्पादकत्व र उत्पादन अभिवृद्धि गरी आर्थिक(सामाजिक रूपान्तरण गरिनेछ।

२२५. सबै सरकारी सेवालाई गुणस्तरीय सूचना प्रविधिमा आधारित गराउने लक्ष्यअनुरूप देशभरका ४ सय ३१ स्थानीय तहका कार्यालय, ३ हजार ६ सय १२ वडा कार्यालय, २ हजार ५ सय ४६ स्वास्थ्य केन्द्र र २ हजार ९ सय ४८ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा पुर्‍याइएको छ। ब्रोडब्यान्ड इन्टरनेटसेवालाई गुणस्तरीय र भरपर्दो बनाइनेछ।

२२६. इन्टरनेट सेवा सुलभ, सहज र सरल रूपमा उपलब्ध गराउन सेवा प्रदायकहरूको साझेदारीमा पूर्वाधार निर्माण गरी सहप्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

२२७. सरकारी निकायहरूले प्रयोगमा ल्याएका एप्सहरूलाई एकीकृत तथा अन्तर(आबद्ध गरी सरकारी सेवाप्रवाहलाई सहज र प्रविधिमैत्री बनाइनेछ। एकीकृत एप्समार्फत्सरकारी कामकारबाहीको अनुगमन, गुनासो सुनुवाइ तथा सम्बोधन हुने व्यवस्था मिलाइनेछ।

२२८. दुई वर्षभित्र सबै सरकारी कारोबार नगदरहित बनाइनेछ। व्यक्तिबीचको कारोबार र सबै किसिमका व्यवसायको भुक्तानी विद्युतीय माध्यमबाट गर्न सकिने व्यवस्था गरिनेछ।

२२९. दूरसञ्चार सेवाको विस्तार गर्न, उच्च हिमाली भेगमा ब्रोडब्याण्डसहितको इन्टरनेट सेवा उपलब्ध गराउन एवंब्याण्डवीथको भुक्तानीका लागि रकम विदेशिन नदिनका लागि आगामी दुई वर्षभित्र नेपालको आफ्नै स्याटलाइट स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

२३०. सुरक्षित छापाखाना स्थापना गरीअन्तश्शुल्क स्टिकर, हुलाक टिकट, जग्गाधनी प्रमाण पूर्जा र सार्वजनिक महत्त्वका कागजातहरूको सुरक्षण मुद्रण गरिनेछ।

२३१. आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यावसायिक बनाई स्थिरता, स्थायित्व र विकासमा सञ्चारजगत्को योगदान प्रवर्द्धन गर्न कानुनी र संस्थागत सुधार गरिनेछ। पत्रकार दुर्घटना बिमा र पत्रकार वृत्ति कोषलाईसञ्चारकर्मीहरूकोहितमापरिचालनगरिनेछ।

२३२. हुलाक सेवाको पुन:संरचना गरी नागरिकता, राहदानीलगायतका दस्तावेज हुलाकमार्फत् सम्बन्धित स्थानमा पुर्‍याउने व्यवस्था गरिनेछ।

२३३. नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय पत्रव्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ। आगामी तीन वर्षभित्रमा सबै नागरिकलाई पृथक् नम्बरसहितको राष्ट्रिय परिचय पत्र वितरण गरिनेछ। राज्यबाट प्रवाह हुने सेवा सुविधालाई यस प्रणालीमा आबद्ध गरिनेछ। आगामी तीन बर्षभित्रमा सबै स्थानीय तहबाट अनलाइन प्रणालीमार्फत् व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

२३४. विद्युतीय राहदानी कार्यान्वयनमा ल्याई राहदानीसम्बन्धी सेवा प्रवाहलाई थप सुरक्षित, प्रविधियुक्त र गुणस्तरीय बनाइनेछ।

माननीय सदस्यहरू,

२३५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकसम्बन्धी कार्यमा संलग्न सरकारी निकाय एवंसङ्घसंस्थाको पुन:संरचना गरी समाज कल्याणका लक्षित कार्यक्रमहरूलाई एकीकृत र परिणाममुखी बनाइनेछ।एकीकृत सामाजिक विकास ऐन तर्जुमा गरिनेछ।

२३६. राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत्उद्यमशीलता विकास, वित्तीय पहुँच वृद्धि, प्रविधि सहयोग र उत्पादित वस्तुको बजारीकरणमा सहयोग गरी महिला सशक्तिकरण गरिनेछ।सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिनेछ।

२३७. दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यलाई थप सुविधासहितविस्तार गरिनेछ।

२३८. महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।लैङ्गिक विभेद तथा सबै प्रकारका कुरीति तथा कुसंस्कारको अन्त्यका लागि प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा सामाजिक रूपान्तरणको अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२३९. बालबालिकासम्बन्धी राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा बाबुआमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा बेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण गरिनेछ।

२४०. सरकारले अशक्त, असहाय, बेसहाराज्येष्ठ नागरिकको प्राथमिकताका साथ संरक्षण गर्नेछ। स्वास्थ्योपचारको सुविधासहित ज्येष्ठ नागरिक गृहहरू स्थापना गरिनेछ। अन्तरपुस्ता ज्ञान, अनुभव र सीप हस्तान्तरणका लागि स्थानीय तहको सहभागितामा ज्येष्ठ नागरिक मिलन केन्द्रहरूलाई व्यवस्थित रविस्तार गरिनेछ।

२४१. अपाङ्गताभएकाव्यक्तिहरूको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, रोजगारी र आय आर्जनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२४२. असहाय, स्वास्थ्य जोखिममा रहेका, घरबाहिर अलपत्र परेका, आश्रयहीन व्यक्तिहरूको उद्धार, उपचार तथा पुन:स्थापना गरिनेछ।सरकारले यस कार्यमा संलग्न व्यक्ति तथा सङ्घसंस्थाहरूको योगदानको कदर गर्दै आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नेछ।

माननीय सदस्यहरू,

२४३. युवाको क्षमता अभिवृद्धिका लागि सबै प्रदेशमा युवा नव प्रवर्तन केन्द्र स्थापना गरिनेछ। स्वास्थ्य सचेतना, सरसफाइ, विपद् व्यवस्थापन तथा वातावरण संरक्षण र सामाजिक कुरीति, अन्धविश्वासविरूद्धको सामाजिक जागरण कार्यमा स्काउट र युवास्वयंसेवक परिचालन गरिनेछ।

२४४. नेपालमा सम्पन्न १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालले हालसम्मकै सबैभन्दा बढी ५१ स्वर्णसहित २ सय ७ पदक जितेको छ।राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नसक्ने गरी खेलाडीको क्षमता विकास गरिनेछ।

२४५. स्थानीय, प्रदेशिक तथा राष्ट्रियस्तरमा सुविधासम्पन्न खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। उच्च पर्वतीय खेलकुद तालिम केन्द्रस्थापना गर्ने कार्य अघि बढाइनेछ। निजी क्षेत्रबाट पहल गरिएका खेलकुद पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ।

माननीय सदस्यहरू,

२४६. यस सरकारले विधिको शासन, पारदर्शिता, नतिजामुखी व्यवस्थापन र जबाफदेहीजस्ता प्रभावकारी सरकारका मूलभूत मान्यताहरूलाई थप दृढताका साथ अवलम्बन गर्नेछ। सार्वजनिक सेवामा समतामूलक पहुँच सुनिश्चित गरी सेवाप्रवाहको गुणस्तर र प्रभावकारिता वृद्धि गरिनेछ। प्रत्येक नागरिकले आफ्नो क्षमता विकास गर्ने एवं क्षमता र योग्यताको आधारमा अवसर प्राप्त गर्ने प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

२४७. कार्यसम्पादन सम्झौतालाई नतिजा सूचकमा आधारित गराई थप प्रभावकारी बनाइनेछ। नीति कार्यक्रमको कार्यान्वयनबाट हासिल हुने उपलब्धिलाई नतिजा सूचकका आधारमा प्रतिवेदन र समीक्षा गरिनेछ।

२४८. सरकारले कुनै पनि तहमा हुने कुनै पनि स्वरूपको भ्रष्टाचार सहने छैन, भ्रष्टाचारमा शून्य सहनशीलता सरकारको नीति हो। निगरानी, अनुसन्धान र छानबिन कार्यलाई थप सशक्त बनाई भ्रष्टाचार, अनियमितता, सरकारीसम्पत्तिकोअनधिकृत प्रयोग, अपचलन तथा दोहन गर्ने जुनसुकै व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याइनेछ।

२४९. सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारी, गैरसरकारी र निजी सबै क्षेत्रमा सदाचार प्रणालीको विकास गरिनेछ। "मभ्रष्टाचारगर्दिनँ,मभ्रष्टाचारहुनदिन्नँ, मदेशरजनताकालागिइमान्दारभएरकाम गर्नेछु"भन्ने प्रतिज्ञासहितको कार्यसंस्कृतिको प्रवर्द्धन गरिनेछ।

२५०. वित्तीय अपराध नियन्त्रणलाई थप सशक्त बनाउन सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना २०७६-८१को प्रभावकारी कार्यान्वयन गरिनेछ।

२५१. सार्वजनिक खरिदलाईपारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गरिनेछ।सार्वजनिक खरिद कानुनको संशोधन गरिनेछ। निर्माण व्यवसायीको प्राविधिक तथा आर्थिक क्षमता, पूर्व कार्यसम्पादन स्थिति, कामको गुणस्तर, कार्यान्वयनमा रहेका ठेक्का सङ्ख्यासहितको प्रोफाइल अद्यावधिक गरिनेछ।

२५२. निर्माण व्यवसायीसँग सम्बन्धित सबै पक्षको विश्लेषण नगरी थप ठेक्का दिएको कारणबाट तोकिएको समय, लागत, गुणस्तरसहितको कार्यसम्पादन नभएमा ठेक्का दिने पदाधिकारीलाई जिम्मेवार बनाइनेछ। त्रुटिपूर्ण परामर्श दिने परामर्शदातालाई जिम्मेवार बनाइनेछ।

माननीय सदस्यहरू,

२५३. सुशासन, शान्ति सुरक्षा र अपराध अनुसन्धानमा उल्लेख्य सुधार भएको छ। सुरक्षा निकायहरूको क्षमता वृद्धि गरी आमजनताले महसुस गर्नसक्ने गरी शान्ति सुरक्षाको व्यवस्था मिलाइएको छ। नेपाल सार्क मुलुकहरूमध्ये विधिको शासनसम्बन्धी सूचकाङ्कमा दोस्रो र विश्व शान्तिको सूचकाङ्कमा तेस्रो स्थानमा रहन सफल भएको छ।

२५४. नागरिकहरूले निर्भयपूर्वक जीवनयापन र पेसा व्यवसाय गर्नसक्ने गरी शान्ति सुव्यवस्था कायम गर्न सरकारले सुरक्षा व्यवस्था सुदृढ बनाउनेछ। सरकार मानव अधिकार र मौलिक स्वतन्त्रताका विश्वव्यापी मान्यताप्रति प्रतिबद्ध छ।

२५५. राज्य विरूद्धको अपराधमा संलग्न हुने, राष्ट्रिय एकता एवंसामाजिक सद्भाव बिथोल्ने, संविधान तथा कानुन विपरीतका कार्य गर्नेजोकोहीलाई कानुनको दायरामा ल्याइनेछ। आपराधिक कार्यमा संलग्न हुने, शान्ति सुरक्षामा खलल पुर्‍याउनेर कुनै प्रकारले समाजमा भ्रम, द्वेष, हिंसा, आतङ्कफैलाउनेलगायतका क्रियाकलापमा संलग्न हुनेलाई कानुनी कारबाहीगर्न कुनै कसर बाँकी राखिने छैन। अपराध अनुसन्धान र अभियोजनलाई तथ्यपरक र वैज्ञानिक बनाइनेछ।

२५६. सीमाव्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार र जनशक्तिसहित थपबोर्डरआउटपोष्ट स्थापना गरिनेछ।

२५७. अध्यागमन प्रणालीलाई अत्याधुनिक एवं प्रविधिमैत्री बनाइनेछ। नेपाल प्रवेश गर्ने सबै विदेशी नागरिकहरूको अभिलेखलाई थप व्यवस्थित गरिनेछ।

२५८. प्रदेशसँगको समन्वयमा कारागारहरूको भौतिक पूर्वाधार विकास गरी व्यवस्थापन सुधार गरिनेछ। कैदीबन्दीहरूको श्रम र सीपलाई उत्पादनमूलक कार्यमा उपयोग गरिनेछ।

२५९. विपद्‌को पूर्व तयारीका लागि सम्भाव्य जोखिमको पहिचान र न्यूनीकरण गर्ने, क्षतिको पूर्वानुमान गर्ने र सतर्कताका लागि पूर्व चेतावनी गर्ने प्रणाली विकास गरिनेछ। विपद् व्यवस्थापनका पूर्वाधार निर्माण गरी सबै तहमा आवश्यक सामग्रीको भण्डारण गरिनेछ।

२६०. सङ्घ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र तथा समुदायको समन्वयमाएकीकृत रूपमा खोज, उद्धार र राहतको व्यवस्था मिलाइनेछ। विगत लामो समयदेखि पुन:स्थापित हुन नसकेका विपद् प्रभावितहरूलाई पुन:स्थापना गर्ने कार्यलाई तीव्रता दिइनेछ। विपद् व्यवस्थापनका लागि जिम्मेवार निकायहरूको क्षमता विकास गरिनेछ।

२६१. न्याय सम्पादनलाई छिटोछरितोबनाइनेछ। सहज पहुँचयुक्त न्याय प्रणालीको प्रवर्द्धन गरिनेछ।न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन गरिनेछ।

२६२. शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी कार्य सम्पन्न गरिनेछ। विगतको जन आन्दोलन र द्वन्द्वकालमा घाइते भई थप उपचारको आवश्यकता भएका व्यक्तिहरूको उपचार गर्ने व्यवस्था मिलाइनेछ।आन्दोलन र द्वन्द्वबाट घाइते तथा अङ्गभङ्ग भएका व्यक्तिहरूलाई रोजगारी र स्वरोजगारका अवसर उपलब्ध गराउन प्रविधि, तालिम र वित्तीय पहुँचको व्यवस्था गरिनेछ।

२६३. नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई आवश्यक पर्ने स्रोत साधन उपलब्ध गराई दक्ष, व्यावसायिक र उच्च मनोबलयुक्त बनाइनेछ। सुरक्षाकर्मीहरूलाई नियमित तालिम प्रदान गरी क्षमतावान् बनाइनेछ।

२६४. राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालनको आवश्यक तयारी पूरा गरिनेछ। सैनिक सामग्री उत्पादनमा राष्ट्रिय क्षमता वृद्धि गरिनेछ।राष्ट्रियएकीकरण पदमार्गको संरक्षण र प्रवर्द्धन गरिनेछ।

२६५. राष्ट्रिय योजना आयोगलाई विकास नीति, कार्यक्रम र आयोजनाको मूल्याङ्कनएवं अनुसन्धानमा केन्द्रित गरिनेछ . आगामी वर्ष राष्ट्रिय जनगणना, नेपाल जीवनस्तर मापन सर्वेक्षण, औद्योगिक गणना तथा सुख सर्वेक्षण सम्पन्न गरिनेछ।

माननीय सदस्यहरू,

२६६. नेपालले महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रभावकारी, अर्थपूर्ण र सम्मानजनक सहभागिता जनाएको छ। सरकारको स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिले नेपालप्रति अन्तर्राष्ट्रिय समुदायको विश्वास र अभिरूचि बढेको छ, नेपालको प्रतिष्ठा वृद्धि भएको छ। सरकारले अवलम्बन गरेका स्पष्ट र परिपक्व नीतिहरूबाट छिमेकीहरूसँग विश्वास, समझदारी र सहयोगमा अभिवृद्धि भई सम्बन्धले नयाँ उचाइ लिएको छ। अन्य मित्रराष्ट्रएवं विकास साझेदारहरूसँगको समग्र सम्बन्ध थप सुदृढ भएको छ।

२६७. चीनका राष्ट्रपतिबाट २३ वर्षपछि र भारतका प्रधानमन्त्रीबाट एउटै कार्यकालमा ४ पटक भएको नेपाल भ्रमणले छिमेकी मित्रराष्ट्रसँगको नेपालको सम्बन्ध मजबुत बनेको छ। मैले गरेको मित्रराष्ट्र चीन, जापान र म्यानमारको भ्रमण तथानेपालका प्रधानमन्त्रीबाट भएको मित्रराष्ट्र भारत, चीन, भियतनाम, कम्बोडिया, बेलायत, फ्रान्स र कोस्टारिकाको भ्रमणले नेपालको वैदेशिक सम्बन्धलाई अझ सुदृढ बनाएको छ। यी भ्रमणहरूका अवसरमा नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने, विकास र समृद्धिलाई सघाउ पुर्‍याउने र पारस्परिक लाभमा आधारित सहयोगका क्षेत्रहरू विस्तार गर्ने महत्त्वपूर्ण सन्धि सम्झौताहरू सम्पन्न भएका छन्।

२६८. नेपालको परराष्ट्र नीति राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व र न्यायमा आधारित हुनेछ। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण, सीमाको सुरक्षा र नेपालीको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्दै नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई थप सुदृढ बनाइनेछ।

२६९. नेपाल सरकार नेपालको अन्तर्राष्ट्रिय सीमाको सुरक्षा र संरक्षण गर्न प्रतिबद्ध छ। अन्तर्राष्ट्रिय सीमा निरीक्षणको कार्यलाई निरन्तरता दिइनेछ। ऐतिहासिक सन्धि, नक्सा, तथ्य तथा प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट मित्रराष्ट्र भारतसँगको सीमा सम्बन्धमा विगत लामो समयदेखि बाँकी रहेका र समयसमयमा उठिरहेका विषयहरूको समाधान गरिनेछ। लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको भूमि हो र त्यसलाई प्राप्त गर्न ठोस कूटनीतिक पहल गरिनेछ। तदनुरूप नै छुटेको भूमिसमेत समावेश गरी नेपालको नक्सा जारी गरिनेछ।

२७०. नेपालको सामाजिक(आर्थिक विकासमा योगदान पुग्ने गरी आर्थिक कूटनीति सञ्चालन गरिनेछ। नेपाली कूटनीतिक नियोगहरूलाई व्यापार विस्तार, विकास सहायता र लगानी वृद्धि, प्रविधि विकास र हस्तान्तरण, पर्यटन प्रवर्द्धन एवं सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका लागि परिचालन गरिनेछ।

२७१. विदेशमा रहेका प्रतिभाशाली नेपाली तथा गैर आवासीय नेपालीहरूले आर्जन गरेको ज्ञान र सीपलाई राष्ट्रिय विकास अभियानमा उपयोग गरिनेछ।गैर आवासीय नेपालीहरूको पुँजी र प्रविधि देश विकासमा उपयोग गर्न प्रेरित गरिनेछ।

२७२. कोभिड(१९ को कारणले आयोजना गर्न सम्भव नभएकोसगरमाथा सम्वाद उपयुक्त समयमा आयोजना गरिनेछ।

प्रतिनिधि सभाका सम्माननीय सभामुख,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,
सङ्घीय संसदका माननीय सदस्यहरू,

२७३. नेपाल सरकारले राजनीतिक, सामाजिक(आर्थिक उपलब्धिहरूलाई संरक्षण गर्दै थप उन्नत बनाउने, राष्ट्रिय हितको प्रवर्द्धन गर्ने, राष्ट्रिय गौरव, सम्मान र स्वाभिमान वृद्धि गर्ने, छिमेकी मित्रराष्ट्र र अन्य मित्रराष्ट्रहरूसँगको सम्बन्ध सुदृढ बनाउने, कोभिड(१९ महामारीको रोकथाम तथा नियन्त्रण गर्ने र महामारीबाट प्रभावित सामाजिक(आर्थिक क्षेत्रहरूलाई पुनर्जीवन दिई विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छ।

२७४. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि हासिल हुनेछ, राष्ट्रिय पुँजी वृद्धि हुनेछ, महामारीको असर न्यून गर्दै आर्थिक(सामाजिक क्षेत्र थप गतिशील हुनेछ, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ, "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न योगदान पुग्नेछ।

२७५. यी नीति तथा कार्यक्रमको कार्यान्वयनमा सरकारलाई सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु।

२७६. अन्त्यमा, मुलुकको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चारजगत्लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। नेपालको विकासमा सहयोग पुर्‍याउने छिमेकी मित्रराष्ट्रहरू, अन्य मित्रराष्ट्रहरू, विकास साझेदारहरू र गैर आवासीय नेपाली समुदायलाई धन्यवाद दिन्छु।

धन्यवाद !

## संक्षिप्त समाचार

### बाँकेमा ८ सहित ९ जना कोरोना संक्रमित

नेपालगन्ज । बाँके जिल्लामा फेरि ८ जना कोरोना भाइरस (कोभिड-१९) संक्रमतिसहित नौ जना फेला परेका छन् । शुक्रबार विहान मकवानपुरमा १ जना र बाँकेमा ८ जना संक्रमित भेटिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरेको परीक्षणमा मकवानपुरका ३७ वर्षका पुरूषमा संक्रमण देखिएको मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिए । योसँगै नेपालमा कोरोना संक्रमितको संख्या २ सय ५८ पुगेको छ ।

### ट्याक्टर दुर्घटनामा युवकको मृत्यु

रौतहट । गुजरा नगरपालिका-७ मनहर्वास्थित सडकमा ना.४ त ५७५७ नम्बरको मकै लोड गरेको ट्याक्टर दुर्घटना हुँदा एकको मृत्यु भएको छ । सोमबार बिहान दुर्घटना हुँदा ट्याक्टरमा सवार देबाहिगोनाही नगरपालिका-५ पिपराबस्ने ३५ वर्षीय बिजय साहको मृत्यु भएको हो । ट्याक्टर दुर्घटना हुँदा ट्याक्टरको ट्रलि तथा मकैको बोरालेच्यापिएर उनको घटनास्थलमै मृत्यु भएको हो । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### भारतीय सरकारद्वारा रोजगारी क्षेत्रमा ४ खर्ब बजेट स्वीकृत

काठमाडौं । भारत सरकारले ग्रामीण क्षेत्रमा रोजगारीको योजना 'मनरेगा' को बजेटमा उत्कृष्ट वृद्धि गरेको छ । वित्तमन्त्री निर्मला सीतारमणले मनरेगाको बजेट ४ खर्ब बजेट बढाएको घोषणा गरेकी छन् । मोदीले घोषणा गरेको २०० खर्ब रूपैयाँको आर्थिक प्याकेज सम्बन्धि पाँचौं र अन्तिम चरणको घोषणा गर्ने क्रममा सीतारमणले उक्त प्याकेजको घोषणा गरेकी हुन् । यसअघि मनरेगाको बजेट ६ खर्ब १० खर्ब भारतीय रूपैयाँ रहेकोमा अब त्यसमा ४ खर्ब रूपैयाँ थप गरिएको हो ।

### भारतमा जेठ १८ सम्म लकडाउन

नयाँदिल्ली । भारतले कोरोना संक्रमण रोकथामका लागि लागु गरेको लकडाउनको अवधि मे ३१ अर्थात जेठ १८ सम्म लम्ब्याएको छ । भारतले चौथो चरणमा लकडाउनको अवधि थपेको हो। प्रधानमन्त्री नरेन्द्र मोदीले चौथो चरणको लकडाउन फरक हुने बताएका छन् । गत चैत १२ गतेबाट भारतले लकडाउन घोषणा गरेको हो। भारतमा हालसम्म ९१ हजार बढी संक्रमित छन् भने २ हजार ८ सय बढीले ज्यान गुमाएका छन् । त्यस्तै ३४ हजार ५ सय जना निको भएका छन् ।

### भारतीय भूमिबाट साढे ८ सयको उद्धार

कैलाली । लामो समय सीमा क्षेत्रको भारतीय भूमिमा रोकिएका नेपालीलाई बुधबार स्वास्थ्य परीक्षण नगरी स्वदेश फर्किन दिइएको छ । भारतका विभिन्न क्षेत्रबाट आएका ८ सय ५८ नेपालीलाई उद्धार गरिएको हो । भारतको मुम्बई, दिल्ली, राजस्थान, हरियाणा, मुरादावादलगायतका स्थानबाट बस रिजर्भ गरेर आएका उनीहरू गौरीफन्टा नाकामा अलपत्र परेका थिए । जिल्ला प्रशासन कार्यालय कैलालीले उनीहरूलाई उद्धार गरेर सम्बन्धित स्थानीय तह पठाएको हो ।

### डुंगा दुर्घटना हुँदा ३ जना बेपत्ता

कैलाली । कर्णाली नदीमा शुक्रबार दिउँसो डुंगा दुर्घटना हुँदा डुंगामा सवार ५ जनामध्ये मोहन्याल गाउँपालिका-१ बस्ने २१ वर्षीय बिर्ष बहादुर रोका मगर सहित ३ जना वेपत्ता भएका छन् । मोहन्याल गाउँपालिका-१ राक्साबाट डुङ्गामा कर्णाली नदी तरेर सुर्खेत चौकुने गाउँपालिका-२ धम्बुस्थित स्थानीय बजारबाट खाध्यान्न लिई पुनस् कैलालीतर्फ फर्कने क्रममा डुङ्गा पल्टिदाँ उनीहरू वेपत्ता भएको बताइएको छ । डुंगा दुर्घटना भएको खबर प्राप्त हुनासाथ तत्काल खटिएको स्थानीय प्रहरीले उनीहरूको खोजी गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

मोरङ । १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा विराटनगर महानगरपालिका-५ बस्ने २४ वर्षीय विरेन गडेरी पाललाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । पालले ती किशोरीलाई सोही स्थानमा रहेको मकैबारीभित्र लगि जबरजस्ती करणी गरेको भन्ने खवर प्ताप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनलाई विराटनगर महानगरपालिका-४ स्थित इक्राही दिहबारबाबा थानको छेऊमा फेला पारी पक्राउ गरेको हो ।

### नेपाल-भारत सिमाना क्षेत्रमा काँडेतार

पर्सा । पर्साको ठोरी गाउँपालिका-३ को नेपाली भूमिमा काँडेतार लगाइएको छ । सीमा क्षेत्रनजिक १० गजा छाडेर ठोरी-३ मा ४ किलोमिटर जमिनमा काँडेतार लगाइएको हो । २०२२५ बर्षबाट जंगली जनावरले हैरान नागरिकको समस्या तीन वर्षदेखि लगाउन थालिएको काँडेतारले राहत दिएको स्थानीयले बताए । गत स्थानीय तहको निर्वाचनमा आफू वडाध्यक्ष भएपछि जनताकै चाहना अनुसार बिकास बजेटबाट काँडेतार लगाइएको ठोरी-३ का वडाध्यक्ष सूर्य लामाले बताए । काँडेतारले खुल्ला सीमाको फाइदा उठाउँदै हुने अन्य आपराधिक गतिविधि पनि रोकिएको छ । अझ कोरोना संक्रमितको आशंकामा भारतबाट सुटुक्क सीमा कट्नेहरूलाई पनि काँडेतारले छेकेको उनले बताए । भारतीय पक्षसँग नै सहमति गरेरै दशगजा क्षेत्र छोडेर काँडेतार लगाउन थालिएको उनले बताए ।

### डुबेर बालिकाको मृत्यु

कैलाली । मोहन्याल गाउँपालिका-३ रागाँमलेखा बस्ने कृष्ण ढिंगामगरकी छोरी १० वर्षीया कमला ढिंगामगरको कर्णाली नदीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको छ । शनिबार नुहाउने क्रममा डुबेर बेपत्ता भएकी उनको खोजी गर्ने क्रममा बुधाबर दिउँसो सुर्खेत चौकुने गाउँपालिका-१० कुमाल गाउँ नजिक सोही नदीको किनारमा शव फेला परेको हो ।

### जबरजस्ती करणी गर्ने पक्राउ

रूपन्देही । २० वर्षीया विवाहित महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा सैनामैना नगरपालिका-१ रानिकुवा बस्ने २६ वर्षीय श्याम शाहीलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । शाहीले ती महिलालाई उनकै कोठाभित्र पसी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### करणी उद्योग गरेको अभियोगमा पक्राउ

मोरङ । २५ वर्षीया महिलालाई जबरजस्ती करणी उद्योग गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-२ मिगौलिया बस्ने ३५ वर्षीय सुरेन्द्र मेहेतालाई सोमबार राति प्रहरीले पक्राउ गरेको हो । सुरेन्द्रले ती महिलालाई घरमा सुतिरहेको अवस्थामा जबरजस्ती करणी उद्योग गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय हरैचाबाटखटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### सुनार मृत फेला

कपिलवस्तु । बिजयनगर गाउँपालिका-५ नौरङगियास्थित चिराई खोलाको ढिकमा सोही गाउँपालिका(५ देबिपुर बस्ने ५० वर्षीय हस्तमान सुनार शुक्रबार राति मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### डुंगा दुर्घटना हुँदा ३ जना बेपत्ता

कैलाली । कर्णाली नदीमा शुक्रबार दिउँसो डुंगा दुर्घटना हुँदा डुंगामा सवार ५ जनामध्ये मोहन्याल गाउँपालिका-१ बस्ने २१ वर्षीय बिर्ष बहादुर रोका मगर सहित ३ जना वेपत्ता भएका छन् । मोहन्याल गाउँपालिका(१ राक्साबाट डुङ्गामा कर्णाली नदी तरेर सुर्खेत चौकुने गाउँपालिका(२ धम्बुस्थित स्थानीय बजारबाट खाध्यान्न लिई पुनस् कैलालीतर्फ फर्कने क्रममा डुङ्गा पल्टिदाँ उनीहरू वेपत्ता भएको बताइएको छ । डुंगा दुर्घटना भएको खबर प्राप्त हुनासाथ तत्काल खटिएको स्थानीय प्रहरीले उनीहरूको खोजी गरिरहेको छ ।

## विश्व परिवेश

# चीनले कोरोना भाइरस एन्टीबोडी अनुसन्धान ह्याक गरेको अमेरिकाको आरोप



अमेरिकाले चीनमाथि कोरोना भाइरस एन्टीबोडी अनुसन्धान ह्याक गरेको आरोप लगाएको छ । अमेरिकाले चिनियाँ सरकारसंग सम्बन्धित ह्याकरहरूले आफूले तयार गरिहेको कोरोना एन्टीबोडी अनुसन्धान ह्याक गरेको सम्बन्धमा चेतावनीसमेत जारी गर्ने बताएको छ । बीबीसी सहितका अन्तर्राष्ट्रिय संचारमाध्यमहरूले अमेरिकाको यो दावीसहितको समाचारलाई प्राथमिकता दिएका छन् ।

एफबीआई र होमल्यान्ड सुरक्षा विभागको चेतावनीले यो सुरक्षा खतरालाई अझ सम्वेदनशील बनाएको द वासिङटन पोष्टले उल्लेख गरेको छ । 'यसलाई अपारम्परिक अभिनेताहरू जस्तो चिनियाँ विद्यार्थी र अमेरिकामा अनुसन्धानकर्ताहरूबाट आएको भनेर निर्दिष्ट गर्छ' एक अधिकारले भने ।

ती कलाकारहरूले बहुमुल्य बौद्धिक सम्पत्ति र सार्वजनिक स्वास्थ्य तथ्यांक पहिचान गर्न र हासिल गर्न खोजेको देखिएको समेत उनले बताएका छन् । अमेरिकी राष्ट्रपतिको कार्यालयले कोरोना भाइरसको उत्पत्ति र यसको चेतावनीलाई लिएर चिनियाँ राष्ट्रपतिको कार्यालय बेइजिङसंग गरिरहेका आदानप्रदानका बेलामा अमेरिकाको यो चेतावनी आएको हो ।

अमेरिकाले यसअघि नै कोरोनाको उदगम स्थल चीनको वुहानमा रहेको प्रयोगशालाबाट फैलिएको दावी गर्दै आएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त कोरोना भाइरसलाई 'चाइना कोरोना' भन्दै आएका छन् । उनले मंगलबार मात्रै संचारकर्मीलाई अमेरिकामा कोरोनाको संक्रमण किन रोकिएन भनी चीनलाई सोध्ने भन्दै विवादित बयान दिएका थिए ।

वासिङटन विश्वविद्यालयको इम्युनोलोजी प्रयोगशालामा भइरहेको कोरोना एन्टीबोडीको परीक्षण र अनुसन्धान चिनियाँले ह्याक गरेको आरोप अमेरिकाले लगाइरहँदा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झा ओ लिजियानले आफूहरू सबै किसिमका साइबर हमलाहरूविरूद्ध लड्ने बताएका छन् ।

## भारतमा खोप विकास र भेन्टिलेटर खरिदका लागि २१ अर्ब रूपैयाँ विनियोजन

नयाँदिल्ली । कोरोना भाइरसको महामारी बढेपछि भारतले भेन्टिलेटर खरिद र कोरोनाविरूद्धको खोपका लागि २१ अर्ब भारतीय रूपैयाँ बिनियोजन गरेको छ । दोस्रो चरणको विशेष राहत प्याकेज घोषणा भएपछि भारतले २० अर्ब भारू भ्यान्टिलेटर खरिदमा र एक अर्ब भारू खोपको विकासका लागि विनियोजन गरिएको जनाएको हो । प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा पीएम केयरस नाम दिइएको राहत र आपतकालिन सहयोगमा कुल ३१ अर्ब भारू छुट्याइएको उल्लेख छ । जसमध्ये भेन्टिलेटर खरिद र खोपको विकासका लागि ठूलो धनराशी छुट्याइएको हो । भारतमा कोरोना भाइरसको संक्रमणबाट २ हजार ५ सयभन्दा बढीको मृत्यु भएको छ भने ७८ हजारभन्दा बढी संक्रमित भएका छन् ।

## महाराष्ट्रमा ३१ मईसम्म लकडाउन लम्बियो

काठमाडौं । भारतको महाराष्ट्रमा कोरोना भाइरस (कोभिड(१९) नियन्त्रणको लागि लगाइएको लकडाउन मे ३१ सम्म बढाइएको छ । महाराष्ट्रको सरकारले कोरोना भाइरसको संक्रमण निरन्तर बढिरहेको भन्दै लकडाउन ३१ मे सम्म लम्ब्याउने निर्णय गरेको हो । भारतको केन्द्र सरकारले यसअघि घोषणा गरेको लकडाउनको अवधि आज सकिएकोछ । तर, प्रधानमन्त्री नरेन्द्र मोदीले लकडाउन अझै पनि जारी रहने बताइसकेका छन् । कहिलेसम्म जारी रहने हो भन्ने विषयमा भने कुनै जानकारी दिइएको छैन । भारतमा महाराष्ट्र कोरोना भाइरसबाट सबैभन्दा प्रभावित भएको राज्य हो । अहिलेसम्म यो राज्यमा ३० हजारभन्दा बढी मानिस संक्रमित भइसकेका छन् भने एक हजार एक सय ३५ जनाको मृत्यु भइसकेको छ । भारतमा करिब दुई महिनादेखि लकडाउन लगाइएको भए पनि संक्रमितको संख्या निरन्तर बढिरहेको छ ।

## भारतमा तेस्रो चरणको राहत प्याकेज घोषणा गरिने

नयाँ दिल्ली । कोरोना भाइरसको नियन्त्रणका लागि घोषित लकडाउन तथा विविधि प्रकारका प्रतिवन्धपछि संकटमा परेको अर्थतन्त्र उकास्न भारत सरकारले आज तेस्रो चरणको आर्थिक प्याकेज घोषणा गर्ने भएको छ । भारतीय सञ्चारमाध्यमहरूका अनुसार घर फर्कन नपाएका मजदुर, मूल्य नपाएका कृषकलगायत लागि तेस्रो चरणको प्याकेज घोषणाको तयारी गरिएको छ । वित्त मन्त्री निर्मला सीतारमणले तेस्रो चरणमा आज २० लाख करोड भारतीय रूपैयाँ बराबरको आर्थिक प्याकेजको घोषणा गर्नेछिन् । तेस्रो चरणमा घोषणा हुने प्याकजे बढीजसो प्रवाशी मजदुरको सेवा तथा सुविधाका लागि लक्षित हुने वित्त मन्त्रालयले संकेत गरेको भारती संचारमाध्यमले उल्लेख गरेका छन् । भारतमा लकडाउनपछि काम गुमाएका करोडौं मजदुर घर जान पाएका छन् । पैदल घरतर्फ लागेका कतिपय मजदुरको विभिन्न दूर्घटनामा ज्यान समेत गइरहेको छ । पछिल्लो केही दिन यता भने भारतले रेल सञ्चालनमा ल्याएर उनीहरूलाई सहजिकरण गरेको छ । भारतीय संचार माध्यमहरूका अनुसार ८ करोड प्रवासी मजदुरलाई निःशुल्क खानाको घोषणा गरिँदैछ । यसका लागि केन्द्र सरकारले ३५०० करोड रूपैयाँ खर्च गर्ने भएको छ । आगामी ३ महिनामा एक देश(एक रासन कार्डको सुविधा समेत भारतले घोषणा गर्दैछ । प्रतिपरिवार एक किलो चना, ५ किलो गहुँ वा चामल र दुई महिना निःशुल्क रासन उपलब्ध गराउने घोषणा समेत सरकारले गर्दैछ । तेस्रो चरणको प्याकेजमा सानो व्यवसाय गरेर जिन्दगी चलाइरहेका व्यक्तिका लागि समेत आर्थिक सुविधा घोषणा गरिने भएको छ । यसमा सडकमा व्यापार गर्नेदेखि साना खुद्रे व्यापारीलाई ऋणको ब्याजमा छूटसम्मका घोषणा हुने भएका छन् । २० लाख करोड भारूबाट कृषकले समेत राहत पाउने भारत सरकारको भनाइ छ ।

# महामारीका बेला सगरमाथामा चीनको सक्रियता

काठमाडौं । विश्वभर कोरोना भाइरसको महामारी फैलिरहेका बेला चीनले उत्तरी मोहडाबाट आरोहणको ६०औं वार्षिकोत्सवका अवसरमा सर्वोच्च शिखर सगरमाथा लक्षित गतिविधिहरूलाई निरन्तरता दिइरहेको छ ।

सन् १९६० को मे २५ मा पहिलोपटक तिब्बती मोहडाबाट सगरमाथाको सफल आरोहण भएको थियो ।

महामारीका कारण यस वसन्त ॠतुको पर्वतारोहण गतिविधि रोकेको चीनले सगरमाथामा फाइभ जी नेटवर्क जडान, उचाइ मापन, फोहोर संकलन, सगरमाथा केन्द्रित अनुसन्धानलगायतका गतिविधिहरूलाई यतिबेला तीव्रता दिइरहेको हो ।

चाइना मोबाइल र हुवावे कम्पनीले मिलेर सगरमाथाको ६ हजार ५ सय मिटरको उचाइमा पहिलो पटक फाइभ जी नेटवर्क स्थापना गरेका छन् । चाइना डेलीका अनुसार अप्रिल ३० तारिखदेखि सगरमाथामा गिगाबिट अप्टिकल फाइबर नेटवर्क स्थापित भएपछि अब चाइना मोबाइलले आफ्नो डुअल गिगाबिट नेटवर्क सञ्चालन गर्न सकेको हुवावे कम्पनीले पुष्टि गरेको छ ।

नेपाल र चीनको सीमामा पर्ने सगरमाथाको तेश्रो पटक उचाइ मापन गर्न लागेको चीनले खतरा कम हुँदै गएपछि मापनको कामलाई अघि बढाउने बताएको छ ।

चीनले सगरमाथाको 'ग्ल्यामर' बढाउनका लागि त्यहाँका गतिविधिहरूलाई सञ्चारमाध्यमहरूमा प्राथमिकता दिइरहेको छ । चाइना मोबाइलको क्लाउड भर्चुअल रियालिटी (भीआर) प्लेटफर्ममार्फत् सगरमाथाको दृश्य ३६० डिग्री लाइभ स्ट्रिमिङ पनि भइरहेको छ ।

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जिल्ला समाचार

### आफ्नै बाबुको हत्या गर्ने दुई जना पक्राउ

मोरङ । कोदालो प्रहार गरी आफ्नै बाबुको हत्या गरेको अभियोगमाविराटनगर महानगरपालिका-१४ झटिहाही बस्ने २९ वर्षीय रोहित चौहान र २६ वर्षीय नागेन्द्र चौहानलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । आफ्नै बाबु सत्यराम भन्ने ६९ वर्षीयसिताराम चौहानलाई जेठ ३ गते हत्या गरी घरभित्रैको कोठाको खाटमुनी खाल्डो खनी गाडेको अवस्थामा शव फेला पारी उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । उक्त घटनाबारे प्राप्त विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले मृतकको घरभित्र कोठामा खाटमुनी खाल्डो खनी गाडेको अवस्थामासितारामशव फेला पारेको हो । दुवै दाजुभाइ रोहित र नागेन्द्रले जेठ ३ गते मजदुरी गरेको ज्याला प्राप्त भए पश्चात केही कपडा किनेर मादक पदार्थ समेत सेवन गरी घर पुगेपछि सितारामले जेठो छोरा रोहितसँगपैसा माग्दा नदिएकोबिषयमा झगडा हुँदादुबै जनाले बाबुलाई पालैपालो गरी कोदालोले टाउकोमा प्रहार गरेको खुल्न आएको छ । घटना पश्चात नागेन्द्र सोही ठाउँस्थित हडताली हाटमा रहेको आफ्नो डेरा कोठातर्फ गएको र रोहित सोही घटना भएको घरमा सुतेकोमाभोलीपल्टबिहान दुवै जना मिलेर खाटमुनीखाल्डो खनी बाबुको शव गाडेको खुल्न आएको छ । घटनास्थलबाट प्रहरीले कोदालो १ थान र शव बेरिएको तन्ना१ थान बरामद गरेको छ ।यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### म्युनिटी बुस्टर र न्युट्रिसन सप्लिमेन्ट प्रदान गर्ने

वीरगन्ज । वीरगंजमा आईसोलेशनमा रहेका ९० जना कोरोना पोजिटिभहरूको कोभिड १९ विरूद्ध प्रतिरक्षा शक्ति वृद्धिमा मद्दत पुगोस भन्ने हेतुले इम्यूनिटि बुस्टर र न्यूट्रिशन सप्लिमेन्ट प्रदान गर्ने भोरले निर्णय गरेको छ । सामाजिक अभियन्ता प्रकाश थारूको संयोजन तथा व्यवस्थानमा यो विषेश आक्समिक पहलको कार्यान्वयन भइरहेको भोरले जनाएको छ । उक्त इम्यूनिटि बुस्टर र न्यूट्रिशन सप्लिमेन्ट प्याकेज तयारी आयुर्वेद तथा एलोप्याथि चिकित्साका विषेशज्ञ डाक्टर र पोषण विज्ञसँगको परामर्श तथा मार्गदर्शनमा गरिएको भोरका अध्यक्ष राजकुमार महतोले जनाएका छन् । 'सम्पूर्ण सामग्रीहरूको खरिद तथा व्यवस्थापन हुँदैछ । ९० जनालाई १० दिनसम्म पुग्ने सो प्याकेज नारायणी अस्पताल, नेपाल सरकारका प्रमुख मेडिकल सुपरिन्टेनडेन्ट डा. मदन कुमार उपाध्यायजीलाई सम्भवतः भोली हस्तान्तरण गरिनेछ ।' महतोले जनाएका छन् । हस्तान्तरण पश्चात अस्पतालको नियमित व्यवस्थित प्रणाली अनुसार ९० जना संक्रमितहरूलाई प्रयोगको लागि प्रदान गरिने उनले जनाएका छन् ।

### लाफा समूहद्धारा आकस्मिक रक्तदान

बुटवल । लकडाउनको समयमा रगत अभाव भएपछि लाफा समूह बुटवलले आकस्मिक रक्तदान गरेको छ । लकडाउनको कारण अहिले रक्तदानका कार्यक्रमहरू खासै नभएपछी बुटवलमा रगतको अभाव देखिन थालेपछि लाफा समुहले आकस्मिक रक्तदान गरेको हो । समुहको यो ११ औ रक्तदान कार्यक्रम गरेको हो । नेपाल रेडक्रस सोसाईटी, रक्तसंचार केन्द्रको प्राविधिक सहयोगमा केन्द्र सभाहलमा कार्यक्रम गरिएको समुहका अध्यक्ष तारा रेश्मीले बताए । युवाहरूलाई एकतावद्ध गरि खेलुकद र सामाजिक क्षेत्रमा अग्रसर गराउदै आएको समुहले वर्षको दुईपटक रक्तदान गर्दै आएको छ । ब्लड बैकमा विभिन्न समुहको रगत अभाव भएपछि रक्तदान गरिएको उनले बताए । बैकमा अहिले ए र बि पोजिटिभ रगत अभाव रहेको छ । समुहका संरक्षक बासुदेव लामिछानेले ३० युनिट रगत सकलन भएको जानकारी थिए ।

### सुरक्षाकर्मीलाई स्वास्थ्य सामग्री हस्तान्तरण

कपिलवस्तु । पछिल्लो समय सेवारत सुरक्षाकर्मीमा कोरोनाको संक्रमण देखिएसँगै सुरक्षाकर्मीमा जोखिमको दायरा बृद्धि भएको छ । कोरोनाको संक्रमणका रोक्न गरिएको लकडाउनको प्रभावकारी कार्यान्वयनमा खटिएकै कारण सुरक्षाकर्मी संक्रमणको प्रत्यक्ष जोखिममा रहेका छन् । कोरोना संक्रमणको जोखिममा रहेका सुरक्षाकर्मीलाई तौलिहवा उद्योग वाणिज्य संघले मास्क, ग्लोब्स र सेनिटाईजर लगायतका स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराएको छ । तौलिहवा उद्योग बाणिज्य संघका अध्यक्ष गयादिन कुर्मी र कोषाध्यक्ष संदिप कुमार श्रीवास्तवले शसस्त्र प्रहरी र नेपाल प्रहरीलाई करिब ५० हजार मुल्यका स्वास्थ्य सामाग्री हस्तान्तरण गरेका छन् । संघले वडा प्रहरी कार्यालय तौलिहवाका प्रमुख प्रहरी नायब निरिक्षक रमेश गुरूङ्गलाई ५० थान मास्क, ४० बोटल सेनिटाईजर र ३ सय ५० सेट ग्लोव्स प्रदान गरेको हो ।

### कोरोना संक्रमित बढ्दै

जनकपुरधाम । प्रदेश नं २ मा कोरोना संक्रमितको संख्या १०३ पुगेको छ । यसअघि प्रदेशमा कोरोना सङ्क्रमितको संख्या ९९ थियो भने स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको नौ नयाँ संक्रमितमध्ये पर्साको चार जना छन् । सोसमेत गरी यस प्रदेशमा कोरोना संक्रमितको संख्या अब १०३ पुगेको हो । थपिएका चार जनामा पर्साको वीरगञ्ज-९ बस्ने नौ र १० वर्षीय गरी दुई बालक र २३ र २७ वर्षीया दुई महिला हुन् । धनुषाकी १७ वर्षीया एक किशोरीमा कोरोनाको संक्रमण भएको टेकुस्थित जनस्वास्थ्य प्रयोगशालाले पुष्टि गरेको थियो । यस प्रदेशमा कोरोना भाइरसको रोकथाम तथा उपचारमा तीव्रता दिनका लागि स्वाबको नमूना संकलनकार्य व्यापकरूपमा अगाडि बढाइएको छ । दुई दिनको अवधिमा एक हजारको स्वाब सङकलन गर्ने नीतिअनुरूप पर्सामा 'कन्टयाक्ट ट्रेसिङ' गरिएका मध्येबाट ३५० जनाको स्वाब संकलन भइसकेको र ३६० जनाको स्वाब संकलनकार्य जारी छ । यस्तै बाराको कलैया अस्पतालमा सञ्चारकर्मी र स्वास्थ्यकर्मीको १०० भन्दा बढीको स्वाब संकलन गरिएको छ । रौतहटको गौर नगरपालिकाको गौरी क्याम्पस, राजदेवी नगरपालिका-२, राजपुर नगरपालिका-९ र चन्दनपुर नगरपालिका-१० का साथै महोत्तरीको जलेश्वर नगरपालिकामा पनि स्वाब संकलन भइरहेको छ ।

### सञ्चारकर्मीहरूलाई खाद्यान्न सहयोग

रूपन्देही । मानव अधिकार तथा शान्ति समाज रूपन्देही शाखाले लकडाउनका कारण उत्पन्न असहज स्थितिलाई मध्यनजर गर्दै रूपन्देहीस्थित श्रमजिवी पत्रकारहरूका लागि रू. ९० हजारको खाद्यान्न सहयोग गरेको छ । शुक्रबार बुटवलस्थित नेपाल पत्रकार महासंघको जिल्ला कार्यालयमा १ हजार २ सय ५० केजी चामल, १०० केजी दाल, ५० लिटर तेल, साबुन सहितको सामग्री नेपाल पत्रकार महासंघ रूपन्देहीका सभापति यानेन्द्र जिसीलाई शान्ति समाजका केन्द्रीय वरिष्ठ उपसभापति गोविन्द खनाल, रूपन्देही शाखा सभापति धनपति खनाल सम्मिलित शान्ति समाजको टोलीले हस्तान्तरण गरेका थिए । सो प्रयोजनका लागि साझा हस्पिटल वुटवलबाट रू. २९ हजार, शान्ति समाजका सदस्यहरू खेमलाल कंडेलबाट रू. १७ हजार, कमल ढुंगानाबाट रू. १७ हजार, गणेश पाण्डेबाट रू. ११ हजार, ज्ञानप्रसाद खनालबाट रू. ११ हजार र शैशव खनालका अभिभावकबाट रू. ५ हजार सहयोग प्राप्त भएको थियो ।

### संचारगृहलाई नगरपालिकाद्वारा पीपीई प्रदान

अनिता साह, सर्लाही । कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिममा रहेका सञ्चारकर्मीहरूलाई महामारीबाट बच्नका लागि गोडैता नगरपालिकाले जिल्लामा रहेका संचारगृहहरूलाई स्वास्थ्य सामग्री प्रदान गरेको छ । नगरपालिकाले बिहीबार सात वटा सञ्चारगृहलाई मेडिकल सामग्री प्रदान गरेको हो । कोभिड-१९ को महामारीबारे सूचना सकंलनका लागि उच्च जोखिममा रहेको सञ्चार गृहका क्रियाशील पत्रकारहरूका लागि पीपीई उपलब्ध गराएको नगरपालिका प्रमुख देबेन्द्र यादवले बताए । कोरोनाको संक्रमणबाट सञ्चारगृहका संचारकर्मीहरू जोखिममा रहने भएकाले नगरपालिकाले जोखिमलाई न्यूनीकरण गर्न सुरक्षा सामग्री (पिपिइ) प्रदान गरेको हो । कोभिड १९ को महामारीको समयमा संचारकर्मीहरू बढी जोखिममा रहेको अवस्थामा जिल्लामा पत्रकारहरू बढी भएको र सुरक्षा समाग्री कम रहेकोले सञ्चारगृहले नै सुरक्षा समाग्री प्रदान गरिएको बताए । उहाँले सो पिपिई आवश्यकता अनुसार सञ्चारगृहले नै आफना संस्थनमा काम गर्ने सञ्चारकर्मिको व्यक्तिगत सुरक्षालाई ध्यानमा राखी सामग्रीको उपयोग गर्ने गरि वितगरण गरिएको समेत यादवले बताए । पछिल्लो समय सञ्चारकर्मीहरू पनि कोरोना संक्रमित हुन थालेपछि नगरपालिकाले सहयोग प्रदान गरेको हो ।

# भारतमा कोरोना संक्रमित चीन बराबर, मृत्यु झन्डै आधा

नयाँदिल्ली । नेपालमा पछिल्लो समय देखिएका अधिकांश कोरोना बिरामी कुनै न कुनै रूपले भारतसँग सम्बन्धित छन् । अन्तर्राष्ट्रिय उडान बन्द भए पनि खुला सीमा हुँदै प्रवेश गरेका व्यक्तिहरूमा संक्रमण फेला परेको छ । भारतसँग सीमा जोडिएका तराई जिल्लाहरूमा संक्रमित संख्या बढ्दै जानुको कारण यही हो ।

यसले के देखाउँछ भने, जबसम्म भारतमा कोरोना महामारी साम्य हुँदैन, तबसम्म नेपालको जोखिम कम हुँदैन । यही अवस्था हेरेर भारतबाट सामूहिक रूपले वा लुकिछिपी प्रवेश गरेका व्यक्ति पहिचान गरेर कोरोना परीक्षण गर्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन् ।

तथ्यांकअनुसार, कोरोना महामारी सुरू भएको चीनभन्दा धेरै पछि संक्रमण फैलिएको भारतमा अहिले बिरामी संख्या चीनकै बराबर छ । चीनमा हिजोआज दैनिक चार-पाँच जना मात्र नयाँ बिरामी फेला परेका छन । यस आधारमा भारतले कोरोना संक्रमणमा चीनलाई पनि उछिन्नेछ। मृत्यु संख्या पनि चीनको दाँजोमा करिब आधा पुगिसक्यो । भारतमा ८२,८३४ जनामा संक्रमण पुष्टि भएको छ । चीनमा अहिलेसम्म ८२,९३३ जना संक्रमित छन् । त्यस्तै, चीनमा अहिलेसम्म ४,६३३ जनाले ज्यान गुमाएका छन् भने भारतमा कोरोना मृत्युको संख्या २,६५७ पुगेको छ । पछिल्लो २४ घन्टामै भारतमा सय जनाभन्दा बढीले ज्यान गुमाएका छन् ।

भारतीय अखबार 'द इन्डियन एक्सप्रेस' का अनुसार २० दिनयता भारतमा कोरोना संक्रमित संख्या तीन गुणाभन्दा बढी वृद्धि भएको छ । भारतमा कोरोना भाइरस सक्रिय अवस्थामै छ । यहाँ कुल बिरामीमध्ये ५१,५७३ जनामा भाइरस सक्रिय रहेको तथ्यांकले देखाउँछ । जबकि, चीनमा यस्तो संख्या सय जनाभन्दा कम छ ।

लामो खुला सीमा रहेको र दिनका दिन सामूहिक वा लुकिछपी मान्छे ओहोरदोहोर गरिरहेको भारतमा यति ठूलो संख्यामा भाइरस सक्रिय देखिनु नेपालका लागि ठूलो जोखिमको अवस्था हो ।

## सीमामा तारबार लगाउनु मधेशीको अहितमा : यादव

काठमाडौं । राजपा नेपालका नेता महेन्द्र राय यादवले सीमामा तारबार लगाउने विषय मधेशी जनताको हितमा नभएको टिप्पणी गरेका छन् ।

'सीमामा तारबार लगाउने जताबाट जे कुरा आएको छ मलाई लाग्छ त्यो नेपालको राष्ट्रियताको लागि, मधेशको जनताको लागि हितकर छैन' प्रतिनिधि सभामा सरकारको नीति तथा कार्यक्रममाथि बोल्दै नेता यादवले भने ।

त्यसप्रति लक्षित गर्दै नेता यादवले मधेशी जनताको राष्ट्रियतामाथि प्रश्न नउठाउन आग्रह गरे । '५८ प्रतिशत तराई मधेशको भूभागमा त्यहाँको मधेशी जनताले खुन बगाउँछ । पसिना बगाउँछ । हामी त्यहाँ लड्छौं । हामीमाथि यत्रो राष्ट्रियताको प्रश्न खडा गर्ने हो ?' यादवले भने । नेपाल र भारतका बीचमा रहेका सीमा समस्याहरूमध्ये ९८ प्रतिशत मिलिसकेको नेता यादवको भनाइ छ ।

तर, मिलिसकेको विषयमा दुवै देशले हस्ताक्षर नगरेको भन्दै उनले असन्तुष्टि राखे । 'दुवै देशका बीचमा ९८ प्रतिशत सहमति भइसकेको विषयमा दुइटै देशले हस्ताक्षर किन गर्दैन ?' यादवको प्रश्न छ ।

## सीमामा सेना पठाउनुपर्छ : पूर्वरक्षामन्त्री प्रधान

काठमाडौं । पूर्वरक्षामन्त्री एवं प्रमुख विपक्षी कांग्रेसका सांसद भीमसेनदास प्रधानले सेनालाई सीमामा पठाउन सरकारलाई आग्रह गरेका छन् ।

'वार्ता हुँदै गर्छ । सेनालाई सीमामा पठाउनुपर्छ । आफ्नो सीमा रक्षा गर्ने दायित्व सरकारको हो । सीमा खाली छोडेमा मिच्नेले मिचिराख्छ' प्रधानले प्रतिनिधिसभामा नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै भने ।

सेना पठाउनका लागि तत्काल सुरक्षा परिषद् बैठक बोलाउन सकिने उनले बताए । भूकम्प र बाढी आउँदा मात्रै सुरक्षा परिषद्को बैठक बस्ने गरेको भन्दै उनले सरकारको ध्यानाकर्षण गरे । सांसद प्रधान भन्छन्, 'हाम्रोमा बाढी र भूकम्प गएपछि मात्रै सुरक्षा परिषद्को बैठक बस्ने गरेको छ । तत्काल सुरक्षा परिषद् बैठक बोलाएर सेनालाई सीमा सुरक्षामा पठाउनुपर्छ ।'

## 'नेपालले बाह्य दबाबमा लिपुलेकमा भारतलाई दोष दियो'

काठमाडौं । भारतीय सेना प्रमुख जनरल मनोज नरवणेले लिपुलेकमा भारतले नेपाली भूमिको अतिक्रमण गरेको भनी नेपालले अरू कसैको दबाबमा भारतलाई दोष दिएको दाबी गरेका छन् ।

'मानसरोवर जाने भारतीय तीर्थयात्रीहरूको यात्रा समय छोट्याउनका लागि लिपुलेक हुँदै नयाँ सडक बनाउँदा कतै कुनै कुरासँग अन्तरविरोध भएको छैन,' भारतीय सञ्चारमाध्यमहरूले उनलाई उद्धृत गर्दै समाचार प्रकाशित गरेका छन् ।

'वास्तवमा, नेपाली राजदूतले काली नदीदेखि पूर्वको क्षेत्र उनीहरूको भनी उल्लेख गरेका छन् । त्यसबारे त कुनै विवाद नै छैन । हामीले बनाएको सडक त नदीभन्दा पश्चिमपट्टि रहेको छ,' त्यहाँको एक थिंकट्यांकले आयोजना गरेको वेविनारमा आफ्नो धारणा राख्दै उनले भने, 'त्यसकारण, उनीहरू किन आन्दोलित भइरहेका छन, मलाई थाह छैन ।'

नेपालले अरू कसैको दबाबमा त्यसो गरिएको हुनसक्छ भन्ने विश्वास गर्ने कारण रहेको दाबी गर्दै त्यसको धेरै सम्भावना रहेको उनले जिकिर समेत गरे ।

# भारतद्वारा ३० हजार व्यक्तिको जाँच क्षमताको कोभिड-१९ पिसिआर टेस्ट कीट प्रदान



काठमाडौं । भारत सरकारका तर्फबाट नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले नेपाल सरकारका स्वास्थ्यमन्त्री भानुभक्त ढकाललाई माईल्याबले उत्पादन गरेको प्याथोडिटेक्ट कोभिड-१९ क्वालिटेटिभ आरटी पीसीआर टेस्ट कीटहरू हस्तान्तरण गरे । भारतीय जनताका तर्फबाट नेपाली जनताका लागि उपहार स्वरूप प्रदान गरिएको सो टेस्ट कीटहरूको सहयोगले नेपालका स्वास्थ्यकर्मीहरूले तीस हजार व्यक्तिको पीसीआर परीक्षण गर्न सक्नेछन् । गत वैशाख १० गते राजदूत क्वात्राले नेपाल सरकारलाई २३ टन औषधी हस्तान्तरण गरेका छन् । औषधी र परीक्षण कीटको हस्तान्तरणले कोभिड-१९ महामारीले निम्त्याएको साझा चुनौती विरूद्ध तयार रहन, सामना गर्न तथा एकसाथ लड्न दुई देशका नेता एवम जनताबीचको जारी सहकार्यलाई दर्शाउँदछ । २०७६ चैत्र २ मा भारतका प्रधानमन्त्रीले सार्क राष्ट्रका नेताहरूसँग भिडियो कन्फरेन्स गरेसँगै यी पहलकदमीको सुरूवात भएको हो । भारत सरकार यस चुनौतीको घडीमा नेपाल सरकार, स्वास्थ्यकर्मी तथा नेपाली जनतासँग ऐक्यभाव जनाएको छ ।

## वार्ता गर्न भारतलाई आग्रह

काठमाडौं । नयाँदिल्लीस्थित नेपाली दूतावासले भारतीय विदेश मन्त्रालयलाई नेपालको सीमा अतिक्रमणको विषयमा वार्ताका लागि पुन: ताकेता गरेको छ । दूतावासका नियोग उपप्रमुख भारतकुमार रेग्मीले नेपाल हेर्ने डेस्क प्रमुख पीयूष श्रीवास्तवसँग वार्ताको तिथिका लागि पहल गरिरहेका छन् । दूतावास अधिकारीहरूका अनुसार रेग्मीले लगातार श्रीवास्तवमार्फत वार्ताको तिथिमा पहल गरेका छन् भने राजदूत नीलाम्बर आचार्यले पनि आफ्ना फरक-फरक संयन्त्रमार्फत प्रयास गरिरहेका छन् । आचार्य र उत्तराखण्डका पूर्व मुख्यमन्त्रीसमेत रहिसकेका महाराष्ट्रका गभर्नर भगतसिंह कोशियारीसँग पनि उनले छलफल गरेका थिए । प्रबुद्ध व्यक्ति समूहमा दुई वर्ष सँगै काम गरेका उनीहरूबीच लामो छलफल भएको थियो । छलफलमा पनि वार्तामै जोड दिइएको र उक्त छलफललगत्तै राजदूतले प्रधानमन्त्री केपी ओलीलाई जानकारी गराएका थिए । लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रबारे नेपालले भारतसँग वार्ताको मितिका लागि पहल गरिरहेको हो । दिल्लीस्थित नेपाली दूतावासले त्यहाँको विदेश मन्त्रालयमा तिथिका लागि फलोअप गरेको दूतावास अधिकारीले बताए । परराष्ट्र मन्त्रालयका अधिकारीहरूले पनि लैनचौरस्थित भारतीय दूतावासमा तिथिबारे छलफल गरेका थिए । नेपाल-भारतबीचको सुमधुर र ऐतिहासिक सम्बन्धलाई उचाइमा लैजान तत्काल परराष्ट्र सचिवस्तरीय वार्ता अगाडि बढाउन नेपालले चाहेको धारणा भारतलाई अवगत गराइएको छ ।

## भारतीय सेनापतिको अभिव्यक्ति सच्याउन आग्रह

काठमाडौं । सत्तारूढ नेकपाका प्रवक्ता एवं पूर्व परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रबारे भारतीय सेना प्रमुख नरवणेले दिएको अभिव्यक्ति सच्याउन आग्रह गरेका छन् । प्रवक्ता श्रेष्ठले ट्वीट गर्दै भारतले दार्चुला र लिपुलेक क्षेत्रमा अवैध रूपमा सडक बनाएको विषयमा नेपालको विरोधमा भारतीय सेना प्रमुख नरवणेले दिएको अभिव्यक्ति आपत्तिजनक भएकाले तत्काल सच्याउन आवश्यक रहेको बताए । सार्वभौम र स्वतन्त्र राष्ट्रका रूपमा नेपालले आफ्नै पक्षमा खडा रहेको र नेपालको पक्षमा कसैले उभिन नपर्ने भन्दै श्रेष्ठले सेना प्रमुख नरवणेले आफ्नो अभिव्यक्ति तत्काल फिर्ता लिनुपर्ने बताए ।

## आर्थिक समाचार

### नेपाल बैंकको ब्याजमा छुट

काठमाडौं । नेपाल बैङ्क लिमिटेडले आफ्ना सेवाग्राहीले लिएको ऋणको ब्याजदरमा २ प्रतिशत छुट दिने भएको छ । बैङ्कले दिएको जानकारीअनुसार २०७६ साल चैत मसान्तसम्म लगानी गरिएका कर्जाहरूमा चैत मसान्तसम्म कायम भएको ब्याजदरमा २ प्रतिशत बिन्दुले छुट दिने भएको छ । लकडाउनका कारण मुलुकका आर्थिक गतिविधि प्रभावित भइरहेका बेला बैङ्कले नेपाल राष्ट्र बैङ्कको निर्देशनअनुसार सो छुट दिन थालिएको बताएको छ । बैङ्कद्वारा २०७६ चैत मसान्तसम्म लगानी भएका कर्जाहरू जस्तै: हाइपोथिकेसन, अधिविकर्ष, चालू पुँजी, मार्जिन, डिमान्ड, सुनचाँदी, हायर पर्चेज, व्यक्तिगत आदिको हकमा चैत मसान्तको आधार दर ७.८२ मा लगाइएको प्रिमियममा २ प्रतिशत बिन्दुले छुट दिने व्यवस्था मिलाइएको जनाएको छ । यस्तो छुट त्रैमासिक ब्याज, किस्ता तथा अन्य दैदस्तुर तिर्ने ऋणीको हकमा २०७६ पौष मसान्त तथा मासिक किस्ता, ब्याज तथा अन्य दैदस्तुर तिर्नेको हकमा २०७६ फागुन मसान्तको त्यस्ता रकम तिर्न बाँकी भएका ग्राहकले चौथो त्रैमासभित्र कर्जा नियमित गरेमा समेत वैशाखदेखि असारसम्मको अवधिको ब्याजमा २ प्रतिशत बिन्दुले छुट पाउने बैङ्कका प्रवक्ता प्रकाशकुमार अधिकारीद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । २०७७ साल वैशाखमा किस्ता तिरिसकेका ग्राहकले पनि यस्तो छुट सुविधा पाउने र सोको हिसाब मिलान बैङ्कद्वारा गरिने पनि बताइएको छ । यस प्रकारको छुट सुविधा प्रदान गर्दा कतिपय ग्राहकले बैङ्कको आधार दर बराबरकै अर्थात् ७.८२५ कै न्यूनतम ब्याजदर सुविधा प्राप्त गर्नसक्ने छन् ।

### निजी क्षेत्रलाई प्रोत्साहन गर्न माग

विराटनगर । आगामी बजेटले उद्योग व्यवसाय क्षेत्रको प्रोत्साहन तथा यस क्षेत्रको विकास गर्न उद्योग सङ्गठन मोरङ र मोरङ व्यापार सङ्घले प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईलाई सुझाव दिएका छन् । कोभिड-१९ महामारीको वर्तमान अवस्था एवं आगामी आर्थिक वर्ष २०७७र७८ का लागि प्रदेश सरकारले ल्याउने बजेटमा उद्योगरव्यवसाय क्षेत्रको प्रोत्साहन एवं यस क्षेको विकासका साथै प्रदेशको समग्र आर्थिक विकासका सन्दर्भलाई समेट्नुपर्ने विषयका सन्दर्भमा तयार पारेको सुझाव दुवै संस्थाका अध्यक्षद्वय भीम घिमिरे र प्रकाश मुन्दडाले सोमबार दिएको हो । सङ्गठनका अध्यक्ष घिमिरेले विश्वव्यापी महामारीको यस समयमा निजी क्षेत्रले पुऱ्याउँदै आएको सहयोगका बरेमा उल्लेख गर्दै आगामी दिनमा यस क्षेत्रको भूमिकालाई अझ व्यापक बनाउनुपर्ने बताएका छन् । उनले वर्तमान कठिन परिस्थितिमा उद्योग व्यवसाय सञ्चालनका लागि सङ्घीय, प्रदेश र स्थानीय निकायबाट तोकिएको प्रावधानबीच एकरूपता नहुँदा उद्योग व्यवसाय सञ्चालनमा विभिन्न बाधा व्यवधान र कठिनाइको सामना गर्नु परिरहेकाले उद्योग व्यवसाय सञ्चालनको सहज वातावरण बनाउन तीनै तहका सरकारबीच आवश्यक समन्वय गरी पहल गर्न मुख्यमन्त्रीसमक्ष अनुरोध गरेका छन् ।

## भारतबाट ८ सय १९ नेपाली भित्रिए, १४ सय ८३ भारतीय फर्किए

काठमाडौं । डेढ महिनादेखि भारतीय क्वारेन्टाइनमा रहेका ८ सय १९ नेपालीलाई बिहीबार मध्यरातमा बाँकेका विभिन्न नाकाबाट भित्रयाइएको छ । भारतीय क्वारेन्टाइनमा रहेका नेपालीले अनेकौं कष्ट भोग्नुपरेपछि उनीहरूलाई दुवै देशको सहमतिमा नेपालगन्ज र अन्य सहायक नाकाबाट ल्याइएको हो । नेपालगन्ज नाकाबाट ६ सय ८८ जना भित्रिएको प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बताए । नरैनापुरको भगवानपुर नाकाबाट ८९ र डुडुवा गाउँपालिकाको खडैचा नाकाबाट ४२ जना नेपालीलाई नेपाल ल्याएको उनले बताए ।

भारतीय क्वारेन्टाइनमा रहेका नेपालीलाई ल्याउँदा नेपालको क्वारेन्टाइनमा रहेका भारतीयलाई लैजान सहमति भएको खड्काले बताए । उनले भारतको बहराइच आसपासका क्वारेन्टाइनमा रहेका नेपालीलाई पहिलो चरणमा ल्याइएको बताए । यस्तै सीमा आसपास अलपत्र परेका दुबै देशका नागरिकको उद्दार गरि आ-आफ्नो देशमा जानदिने सहमती अनुसार एक हजार चार सय बढी भारतीयलाई पठाइएको छ ।

बहराइच प्रहरीले नेपाल आउने सात सय १ हजार चार सय ८३ भारतीय स्वदेश फर्किएका छन् । उनीहरूलाई भारतीय अधिकारीले आफ्नो देश लैजान सहयोग गरेका थिए । भारतबाट ल्याइएका बाँके र बर्दियाकालाई महेन्द्र बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा राखिएको छ ।

## डडेलधुराको भारतीय सीमा क्षेत्र परीगाउँ र शीर्षमा बीओपी स्थापना

काठमाडौं । चुरे क्षेत्रको वनजंगल तस्करीका साथै सीमावर्ती क्षेत्रका नेपाली नागरिक भारतीयबाट लुटिन थालेपछि डडेलधुराको महाकाली नदीसँग सीमा जोडिएका दुई स्थानमा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट(बीओपी) स्थापना गरिएको छ । डलेलधुरा सदरमुकाम अमरगढीबाट दक्षिणतर्फ परशुराम नगरपालिका वडा नम्बर ३ र ५ मा सशस्त्र प्रहरी मुख्यालयले बीओपी स्थापना गरेको हो । वडा नम्बर ३ स्थित शीर्षमा सशस्त्र प्रहरी निरीक्षक प्रेम धामी र वडा नम्बर ५ परीगाउँमा हर्क साउदको कमाण्डमा दुईवटा स्थायी प्रकृतिका बीओपी स्थापना गरिएको हो । शीर्षमा सशस्त्र प्रहरी बल नम्बर ५२ गुल्म हेडक्वार्टर अमरगढीबाट टोली गएको हो । परिमा यसअघि २८ जनाको अस्थायी बेस केही महिना अघिबाट खटिएको थियो । यी दुई बीओपी स्थापना भएपछि भारततर्फ सीमा सुरक्षार्थ बीओपी संख्या १ सय २२ पुग्ने छन् । यसअघि वैशाख २९ गते दार्चुलाको व्यास गाउँपालिका-१, छाङरूमा १ सय २० औं बीओपी स्थापना भएको थियो । डडेलधुरा सदरमुकाम अमरगढीबाट शीर्ष बीओपी ९९ किमि र परीगाउँ ८५ किमि टाढा पर्छ । परीगाउँमा सरकारी जग्गामा टहरा हालेर बीओपी सञ्चालन गर्न लागिएको छ भने परीगाउँमा घर भाडामा लिइएको सशस्त्र प्रहरी मुख्यालयले जनाएको छ ।

---

## बढ्दो...

लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौंका पूर्वनिर्देशक डा. राजकुमार महतोलाई विज्ञ सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको छ ।

बैठकले प्रदेशमा जारी कोरोना परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित पक्षलाई निर्देशन दिने एवम् आइसोलेसन तथा क्वारेन्टाइनमा रहेका संक्रमित एवम् शंकास्पदहरूको खाना तथा खाजाको प्रदेशस्तरमा एउटै मापदण्ड बनाएर उपलब्ध गराउने निर्णय पनि गरेको छ ।

## कोरोना...

समृद्धिका झूठा नारा दिई गणतन्त्रको आयु मात्र लम्ब्याउने असफल प्रयास गर्न खोजिदैछ । भनिन्छ, आँखालाई परेलाको बोझ हुँदैन तर गणतन्त्रको लचार सरकारलाई अब जनता बोझ लाग्न थालेको छ । स्वास्थ सुविधा र स्वास्थ्यकर्मीलाई उच्च प्राथमिकता र उच्च मनोबल दिनु पर्ने ठाउँमा सरकार चुप छ । गुणस्तरीय खाना र स्वास्थ सुविधा माग्ने आज सरकारको शत्रु हुन । मतलब गणतन्त्रमा नेपालीको जिवनमा गुणात्मक परिवर्तन सम्भव छैन ।

सुन्दर, शान्त र संसारको एकमात्र हिन्दु देश नेपाललाई बिदेशीहरूको इशारामा गणतन्त्रको नाममा रक्तपात गरियो। सुन्दर र शान्त देशलाई कुरूप बनाइयो । नेपाल र नेपालीको एकता र समृद्धिको स्तम्भलाई नै भत्काइ एकलौटी रजाइँ गर्ने नश्लीय सोंचका साथ गणतन्त्रको स्थापना गरिएको देखियो । देश नै बनाएको र सदैब देश र जनताको रक्षाको जिम्मेवारी लिएको राजा र राजपरिवारलाई निशेध गरियो तर गणतन्त्रको अनुयायीहरू सत्तामा पुग्ने बितिकै हिटलरवादी सोच र रबैयाबाट आफुलाई बचाउन सकेन्न । हृदय सफा नभए पनि सफा र सेतो पोशाक लगाइ कुकर्महरू गरिरहेको छर्लङ्ग नै छ । आज देशको जनताले एउटा राजा र एउटा कुकर्मी, भ्रष्ट नेता बिचको अन्तर राम्ररी बुझ्न थालेका छन । त्यसैले गणतन्त्र अब केही दिनको पाहुना जस्तो भान हुँदैछ । यो अवैज्ञानिक असमावेशी संघीयता बोझ बनिसकेको छ र धर्मनिरपेक्षता गन्हाउन लागेको छ । कोरोना भाइरस कै समगोत्री गणतन्त्र नामक भाइरसले नेपाल र नेपालीको मूल नै नस्ट गर्नै लागेको बेला कोरोना नामक भाइरसले हाम्रो अस्तित्व नै खत्म गर्ने हो कि आशंका जन्मेको छ । सरकारहरू पुर्णतस असफल, अयोग्य र असक्षम भएको प्रमाणित भएको अवस्था छ । यस्तो कठिन अवस्थामा स्व(विवेक प्रयोग गरि आत्म(समीक आम गर्दै भुल( सुधारका साथ अगाडी बढ्नुपर्ने जिम्मेवारी नेपाली माथी नै छ । बिदेशीले देशको सिमा र राष्ट्रिय धरोहरहरू कब्जा गरेको अबस्थामा पनि प्रभुको सामुने चु पनि गर्न न सकेको निकम्मा ब्यबस्था र सरकार फाल्ने काम अब निश्चित आम नेपालीको नै हो । कोईपनी दुधले नुहाएका छैन्न । कसैलाई भारत प्यारो छ, कसैलाई अमेरिका त कसैलाई चीन तर शाह वंशलाई मात्रै नेपाल प्यारो छ । यो कुरा प्रत्येक नेतालाई पनि थाहै छ । तर चुडैलसंग प्रेम भयो भने परि त्यसको आगाडी केही हैन जस्तो छ । जनताको प्रेमले गणतन्त्र ल्याईएको होईन रहेछ, विदेशी प्रभुहरूको स्वार्थ(सिद्धीका लागि पद, पावर र पैसा कै प्रेममा परि देशमा गणतन्त्र ल्याइएको हो रहेछ ! के गणतन्त्रमा जताततै भ्रष्टाचार ब्याप्त छैन त ? गरिबी र असुरक्षा ? गणतन्त्रले बास्तवमा आम जनतालाइ के नै दियो त ? गणतन्त्रले भ्रष्ट र भ्रष्टाचारलाई संरक्षित गरे । जनतालाई उदास र दुखी बनाए । युवालाई बेरोजगारी र किसानलाई भुमिहिन बनाए । महिलालाई सम्मानको बदलामा हदैसम्मको पीडा र अपमान । पिछडालाइ गोलि हानी चुप गराइयो। यी बेथितिहरू हेरेर वीरहरूका आँखा रसाएका छन। सच्चा क्रान्तिकारीलाई पछुतो छ र आम नेपाली लज्जित छन । अब गणतन्त्रको उच्चतम रूप जनतन्त्र स्थापना गरि देशलाइ समृध बनाइ आधुनिक युगको बिज्ञान र ज्ञान संग कांधमा कांध मिलाउन आम मुक्तिकामी जनसमुदाय एकजूट भै अगाडि बढनु पर्ने आजको समयको माग हो । बिगत ७० वर्षको लामो राजनीतिक अस्थिरताले देशमा ल्याएको बिकासको लकडाउनलाई अन्त्यगरी विकसित, सभ्य र शिक्षित देश निर्माणको साथै नेपाल र नेपालीको गुमेको पहिचान फिर्ता ल्याउन उच्चतम जनतान्त्रिक शासन ब्यबस्था नै समय सान्दर्भिक र माटो सुहाउँदो हो । देश बचेमात्र हामी बाचछौं। नेपाल रहे मात्र नेपाली रहन्छ ! आउ सबै मिली "राष्ट्र बचाउ अभियान" मा स्वतन्त्र र स्वस्फूर्त रूपले एक्यवद्धता जनाउँ !! जय जनता जय जनतन्त्र !!




**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं